सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

२६ माघ २०८०, शुक्रबार (9 Feb 2024, Friday) ■ नेपाल संवत् ११४४ ■ वर्ष १७ ■ अंक २९१ ■ पृष्ठ १२ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

नक्कली कागजात बनाई टीकापुरको सरकारी जग्गा व्यक्तिका नाममा ल्याउने २४९ विरुद्ध मुद्दा



कैलालीको टीकापुर बजार

व्यक्तिका नाममा ल्याउने प्रक्रिया ०६६ देखि, समितिका तीन अध्यक्ष संलग्न

उपसमितिका पदाधिकारीदेखि मालपोत र नापीका कर्मचारी पनि प्रतिवादी

धनगढीमा **तेजराज भट्ट**

नक्कली कागजात खडा गरी सरकारी जग्गा व्यक्तिका नाममा ल्याएका र उक्त निर्णय प्रक्रियामा संलग्न भएका २४९ जनाविरुद्ध अख्तियार दुरुपयोग अनुसन्धान आयोगले बिहीबार विशेष अदालतमा मुद्दा दायर गरेको छ। कैलालीको टीकापुर नगरपालिका- १ स्थित टीकापुर नगर विकास समितिको स्वामित्वमा रहेको सरकारी सार्वजनिक प्रकृतिको जग्गा तत्कालीन अध्यक्ष तथा पदाधिकारी र कर्मचारीको मिलेमतोमा व्यक्ति र संघसंस्थाहरूलाई वितरण गरी हक हस्तान्तरण गर्दा भ्रष्टाचार भएको अख्तियारको ठहर छ। यति ठूलो संख्यामा प्रतिवादी बनाएर अख्तियारले मुद्दा दायर गरेको सम्भवतः यो नै पहिलो हो।

काठमाडौंको बालुवाटारस्थित एक सय ३६ रोपनी सरकारी जग्गा व्यक्तिका नाममा लगेर भ्रष्टाचार गरेको अभियोगमा यसअघि २२ माघ ०७६ मा अख्तियारले पूर्वउपप्रधानमन्त्री, पूर्वमन्त्री, पूर्वसचिव र अख्तियारका पूर्वप्रमुख आयुक्तसहित एक सय ७५ जनालाई प्रतिवादी बनाएर मुद्दा दायर गरेको थियो। उक्त मुद्दामा भन्दा पनि टीकापुरको सरकारी जग्गा अपचलन तथा भ्रष्टाचारको मुद्दामा धेरै प्रतिवादी छन्। यो मुद्दामा कति जग्गा व्यक्तिका नाममा ल्याइयो भन्ने कुल हिसाब भने अख्तियारले निकालेको छैन। अख्तियारका प्रवक्ता नरहरि घिमिरेले टुक्राटुक्रा जग्गा व्यक्तिका नाममा ल्याइएको र बिक्री-वितरणसमेत भएकाले यसको कुल हिसाब ननिकालिएको बताए।

नगर विकास ऐन, २०४५ तथा नगर विकास निर्देशिका, २०६१ मा भएको व्यवस्थाविपरीत नगर

» पृष्ठ ११ मा क्रमशः

■ कम्तीमा ६ सय कट्ठा जग्गा यसरी भएको थियो हिनामिना

तत्कालीन राजा महेन्द्रको परिकल्पनाअनुसार कैलालीको टीकापुर क्षेत्रमा सहर निर्माण गर्ने योजनाअन्तर्गत ०२८ मा टीकापुर विकास समिति गठन गरियो। समितिले विभिन्न मापदण्ड बनाएर सरकारी जग्गा सर्वसाधारणलाई बिक्री गर्थ्यो। त्यतिबेला जग्गा खरिद-बिक्रीको प्रमाण समितिमा रहन्थ्यो भने पैसा नेपाल बैंक शाखामा जम्मा हुन्थ्यो। माओवादी द्वन्द्वताका टीकापुर विकास समिति र नेपाल बैंक शाखामा आगजनी भयो। कतिपय प्रमाण नष्ट भए। ०६४ मा विकास समितिलाई नगर विकास समितिमा रूपान्तरण गरियो। त्यसपछि आएका नयाँ पदाधिकारीले द्वन्द्वकालमा नष्ट भएका कागजपत्रमा चलखेल गरे। उनीहरूले तत्कालीन विकास समितिकै नाममा बिल छापेर, नक्कली छाप र हस्ताक्षर गरी भटाभट जग्गा बाँड्न थाले जसमा विगतमै बिक्री भएका, तर दाबी गर्न नआएका, टेन्डर नभई बिक्री हुन नसकेकालगायत जग्गा थियो। तीमध्येका जग्गा पदाधिकारी तथा कर्मचारीले आफन्तका नाममा दाबी गर्न पनि लगाएका थिए। पछि नगर विकास समितिले नै छानबिन समिति गठन गरेर नक्कली मालिकलाई हस्तान्तरणको सिफारिस गरेको थियो। सोही आधारमा नापी र मालपोतबाट म्रेस्ता कायम भएको थियो।

जग्गा हत्याउनेमा बहालवाला उपमेयर, दलका नेता र प्रभावशाली

नगर विकास समितिका जग्गा व्यक्तिका नाममा ल्याउनेमा राजनीतिक दलका नेतालगायत प्रभावशाली व्यक्तिहरू छन्। अख्तियारले प्रतिवादी बनाएको खडकबहादुर शाह टीकापुर नगरपालिकाका बहालवाला उपमेयर हुन्। उनी माओवादीबाट निर्वाचित भएका हुन्। त्यस्तै, समितिका तत्कालीन अध्यक्ष नेत्रप्रसाद जोशी तत्कालीन मधेशी जनअधिकार फोरमबाट समितिको अध्यक्ष बनेका थिए। अहिले उनी कांग्रेसको राजनीतिमा सक्रिय छन्। उनीपछिका अध्यक्ष ललित ताम्राकार हाल नागरिक उन्मुक्ति पार्टीका केन्द्रीय सचिव छन्। अर्का अध्यक्ष धीजराज रेग्मी कांग्रेसका पूर्वक्षेत्रीय सभापति हुन्। अर्का प्रतिवादी श्याम खत्री टीकापुर नगरपालिकामा गत स्थानीय तह निर्वाचनमा एमालेबाट प्रत्याशी थिए। त्यस्तै, भरत स्वाँर कैलाली क्षेत्र नं. १ को कांग्रेस पूर्वक्षेत्रीय सभापति हुन् भने तारा सन्ज्याल माओवादी प्रदेश कमिटी सदस्य हुन्। नरेशकुमार खत्री कांग्रेसको टीकापुर नगर सभापति हुन्।

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

■ निर्णय प्रक्रियामा जोखिम नमोल्ने प्रवृत्ति कर्मचारीतन्त्रमा हाबी

अख्तियार र कानुनी छिद्र देखाएर जिम्मेवारीबाट पन्छिँदै प्रशासनिक नेतृत्व

निर्णय नहुँदाको असर खर्चमा पनि, चालू आवको सात महिनाको पुँजीगत खर्च २० प्रतिशत पनि पुगेन

सुवास भट्ट/नयाँ पत्रिका

राष्ट्रिय विकास समस्या समाधान समितिको बैठकलाई सम्बोधन गर्दै प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले गत ११ भदौमा सचिवसहितका कर्मचारी मुद्दा-मामिलाको त्रासले निर्णय गर्नै डराउने अवस्था आएको बताए। उनको भनाइ थियो, 'सचिवहरूमा कुनै निर्णय गरे मुद्दा-मामिलाका कारण अदालत जानुपर्ने हो कि भन्ने त्रास छाएको देखिन्छ।'


आफ्नो निर्देशन कार्यान्वयन र अपेक्षित रूपमा निर्णय नभएको अनुभवअनुसार प्रधानमन्त्रीले यस्तो अभिव्यक्ति दिएका थिए। पछिल्ला केही औपचारिक बैठक तथा कार्यक्रमहरूमा पनि उनीबाट यस्ता अभिव्यक्ति झल्किने गरेका छन्।

हुन पनि पछिल्लो समय प्रशासनिक संयन्त्रमा निर्णय नगर्ने प्रवृत्ति झाँगिएर गएको छ। अख्तियार दुरुपयोग अनुसन्धान आयोग र कानुनी छिद्र देखाएर प्रशासनिक नेतृत्व जिम्मेवारीबाट पन्छिने गरेको छ। यसको असर सेवाप्रवाहमा समेत देखिन थालेको छ। गत १७ पुसमा आफ्नो लगानीमा बुढानीलकण्ठमा निर्माण गरेको 'होटेल फरेस्ट इन'सम्बन्धी फाइल अगाडि नबढेको भन्दै वन मन्त्रालय पुगेका कांग्रेसका सांसद दीपक खड्काले मन्त्री डा. वीरेन्द्रप्रसाद महतोको कार्यकक्षमै अनशन बस्ने चेतावनी दिए। यही विषयले मन्त्री र सचिव डा. दीपककुमार खरालबीच गम्भीर आरोप-प्रत्यारोप र भनाभन नै चल्यो।

उच्चपदस्थमाथि मुद्दापछि झस्किएको प्रशासन संयन्त्र

गत ४ पुसमा संसद्को राज्य व्यवस्था तथा सुशासन समितिको बैठकमा बोल्दै प्रधानसेनापति प्रभुराम

» पृष्ठ ११ मा क्रमशः



कर्मचारी संयन्त्रमा निर्णय प्रक्रियामा जोखिम लिन नचाहने प्रवृत्ति छ



● **गोपीनाथ मैनाली**, पूर्वसचिव

निर्णय प्रक्रियामा जोखिम लिन नचाहने प्रवृत्ति कर्मचारी वृत्तमा छ। तर, व्यावसायिक क्षमता प्रदर्शन गर्दा पनि कर्मचारीको संरक्षण राजनीतिक नेतृत्वले लिएन। सँगसँगै अहिले कर्मचारीमा पनि व्यावसायिकता कम छ भने राजनीतिक नेतृत्वले पनि कर्मचारीलाई अभिभावकत्व दिन सकेको छैन। राजनीतिक नेतृत्वले अभिभावकत्व नलिएपछि कर्मचारीले सोझै नभने पनि मनले जुनसुकै वेला आफूमाथि अपजस आउँछ भन्ने सोचेको हुन्छ। अर्कोतिर, केही कर्मचारीमा राजनीतिज्ञको अनुचर बनेर योग्यलाई आक्षेप लगाउने प्रवृत्ति पनि छ। यसमा राजनीतिक कार्यकारी र प्रशासनिक नेतृत्व दुवैको कमजोरी छ। यद्यपि, उनीहरू एक-अर्कालाई आक्षेप लगाइरहेका छन्। यसको घाटा अन्ततः प्रणालीलाई परेको छ, सेवाप्रवाहमा आमनागरिकलाई परेको छ।

निर्णय नगर्ने प्रवृत्ति बढेपछि सरकारले थाल्यो कस्न

राय, परामर्श वा सहमति १५ दिनभित्र अनिवार्य प्रदान गर्नुपर्ने

पछिल्लो समय निर्णय प्रक्रिया प्रभावित हुन थालेपछि हालै सरकारले पदाधिकारी र कर्मचारीलाई कस्ने गरी निर्णय गरेको छ। २४ पुसमा बसेको मन्त्रिपरिषद् बैठकले एक मन्त्रालयबाट अर्को मन्त्रालय/निकायमा कुनै विषयमा राय, परामर्श वा सहमति माग गरिएकोमा पत्र प्राप्त भएको मितिले १५ दिनभित्र उपलब्ध गराउनुपर्ने निर्णय गरेको छ। राय, परामर्श वा सहमति गराउने सम्बन्धमा प्रचलित कानुनमा अवधि तोकिएकामा सोहीबमोजिम र अवधि नतोकिएकामा १५ दिनभित्र राय, परामर्श वा सहमति प्रदान गरेकोसरह मानी उक्त विषयमा आवश्यक कारबाही अगाडि बढाउन सकिने निर्णय मन्त्रिपरिषद्ले गरेको छ।

अख्तियारको २२बुँदे निर्देशनले थप त्रास

सरकारी निकायका कामकारबाही र कर्मचारीका गतिविधिप्रति असन्तुष्टि प्रकट गर्दै अख्तियार दुरुपयोग अनुसन्धान आयोगले पछिल्लो समय निर्देशनात्मक तवरले सरकारलाई दर्जनौं सुझाव दिएको छ। यसको असर पनि अहिले निर्णय गर्ने अधिकारीहरूमाथि परेको छ। गत ४ पुसमा अख्तियारले नियामक निकाय तथा सार्वजनिक संस्थानका प्रमुखलाई ४८ बुँदे सुझाव दिएको थियो। यसअघि दसैँलगत्तै कात्तिकमा अख्तियारले सचिव र विभागीय प्रमुखहरूलाई क्रमशः २२ र ४६ बुँदे सुझाव दिएको थियो। गत ६ र ७ मंसिरमा गरेको छलफलपछि अख्तियारले सार्वजनिक खरिद, आयोजना व्यवस्थापन, सरकारी सम्पत्ति दुरुपयोग, बजेट खर्च, कार्यसम्पादन, जथाभावी नियुक्ति, सेवाप्रवाहलगायतमा केन्द्रित गरेर सुझाव दिएको थियो। तीनै तहका सरकारमा विभिन्न विकृति औंल्याउँदै त्यसलाई रोक्न र अन्यथा कारबाही गर्ने चेतावनी पनि अख्तियारले दिएको थियो। तीनै तह र सबै प्रकारका सरकारी अंगमा झाँगिएको आर्थिक बेथिति, पूर्वाधार र आयोजनाका विकृति, कानुनविपरीतका गतिविधि रोक्न कानुनी व्यवस्थामा टेकेरै अख्तियारले निर्देशन दिएको थियो।

● **प्रेमकुमार राई**, प्रमुख आयुक्त



जिम्मेवारी र जवाफदेहिता लिएर कर्मचारीले काम गरेका छैनन्

हुलाकका १६३६ दरबन्दी खारेज, वार्षिक ८० करोड बचत

नयाँ पत्रिका

हुलाक सेवाअन्तर्गतका एक हजार ६३६ दरबन्दी खारेज भएका छन्। बिहीबार बसेको मन्त्रिपरिषद् बैठकले हुलाक सेवा विभागको संगठन तथा व्यवस्थापन संरचना (ओ एन्ड एम) स्वीकृत गरेको हो।

हुलाक सेवा विभागका महानिर्देशक प्रदीपराज अधिकारीका अनुसार सरकारको निर्णयले हुलाक सेवामा वार्षिक ८० करोड रुपैयाँको प्रशासनिक खर्च बचत हुनेछ। यद्यपि, मन्त्रिपरिषद्को निर्णय औपचारिक रूपमा भने आइनसकेको उनले बताए।

मन्त्रिपरिषद्ले 'एक पालिका, एक हुलाक' कायम गर्ने गरी हुलाकको संगठन संरचना परिवर्तन गर्ने निर्णय गरेको छ भने केन्द्रीय धनादेश कार्यालय र टिकट व्यवस्थापन तथा फिलाटेलिक कार्यालय खारेज गर्ने निर्णय पनि गरेको छ। यससँगै हुलाकको दरबन्दी पुनर्संरचना भएको महानिर्देशक अधिकारीले बताए। 'मन्त्रिपरिषद्को निर्णयले हुलाकको बोझिलो कर्मचारी दरबन्दीलाई सहज गरिदिएको छ,' उनले भने। अब एक सय तीन पालिकामा हुलाक कार्यालय खोल्ने तयारी भइरहेको पनि अधिकारीले बताए।

विभागका अनुसार हुलाक सेवा विभागअन्तर्गत अझै चार हजार हाराहारीमा स्थायी दरबन्दी छ। त्यस्तै, अस्थायी हुलाकतर्फ ११ हजारको हाराहारीमा कर्मचारी छन्। 'स्थायीको पुनर्संरचना भयो, अब अस्थायीको हुँदै छ,' महानिर्देशक अधिकारीले भने।



स्थायीको पुनर्संरचना भयो, अब अस्थायीको हुँदै छ



● **प्रदीपराज अधिकारी**, महानिर्देशक, हुलाक सेवा विभाग

मन्त्रिपरिषद्को निर्णयले हुलाकको बोझिलो कर्मचारी दरबन्दीलाई सहज गरिदिएको छ। यसले हुलाक सेवामा वार्षिक ८० करोड रुपैयाँबराबर प्रशासनिक खर्च बचत हुनेछ। यद्यपि, मन्त्रिपरिषद्को निर्णय औपचारिक रूपमा भने आइसकेको छैन। हुलाक सेवा विभागअन्तर्गत अझै चार हजार हाराहारीमा स्थायी दरबन्दी छ। त्यस्तै, अस्थायी हुलाकतर्फ ११ हजारको हाराहारीमा कर्मचारी छन्। स्थायीको पुनर्संरचना भयो, अब अस्थायीको हुँदै छ।

कर्नर किक

● रवि मिश्र



शीर्ष नेता र मन्त्रीहरूसँग मुख्यमन्त्रीहरूका गुनासैगुनासा

हिउँदे अधिवेशनबाट आवश्यक सबै कानुन बनाउने प्रधानमन्त्रीको प्रतिबद्धता



(विस्तृत पृष्ठ ३)

१० अर्ब कर छलीको आशंकामा दुई हजार फर्ममाथि अनुसन्धान



राजस्व चुहावट नियन्त्रणका यस्ता अनुसन्धान र काम हामी नियमित गर्छौं



● **भूपाल बराल**, महानिर्देशक, आन्तरिक राजस्व विभाग

नक्कली बिल प्रयोग गरी कर छलेको विषयमा कर कार्यालयले अनुसन्धान गरिरहेका छन्, यसको के-कति थप कर निर्धारण भयो भन्नेचाहिँ यकिन विवरण मैले लिइसकेको छैन। तर, राजस्व चुहावट नियन्त्रणका यस्ता अनुसन्धान र काम हामी नियमित गर्छौं।

कृष्ण रिजाल/नयाँ पत्रिका

आन्तरिक राजस्व विभागले करिब १० अर्ब रुपैयाँ कर छलीको आंशकामा दुई हजार फर्ममाथि छानबिन अघि बढाएको छ। भुटा तथा नक्कली बिलबिजक प्रयोग गरी मूल्य अभिवृद्धि कर छलेको देखिएपछि करदाताको अभिलेख तयार पारेर अनुसन्धान अघि बढाइएको हो।

विभिन्न प्रकारका साना-ठूला कम्पनीको 'मूल्य अभिवृद्धि करतर्फ देखाएको खरिद र सो कर बिजकबाट लिएको करकट्टी'सम्बन्धी अनुसन्धान गर्दा बिल नक्कली भएको देखिएको हो। यसरी नक्कली बिल जारी तथा खरिद गर्ने गरी कर छली गरिएको प्रारम्भिक अनुसन्धानबाट देखिएको विभागका एक उच्च अधिकारीले बताए।

विभागले अनुसन्धानका लागि मातहतका कार्यालयलाई निर्देशन दिएको छ। एक हजार नौ सय ८६ वटा फर्मको कारोबार शंकास्पद देखेपछि प्रारम्भिक अनुसन्धान गर्दा कैफियत भेटिएका कारण विभागको निर्देशनअनुसार ठूला र मध्यमस्तरीय करदाताका साथै कर निर्धारण गर्ने ४५ वटै कार्यालयले अनुसन्धान गरिरहेका छन्। ती फर्मको नौ अर्ब ८३ करोड रकमको कारोबारमाथि अनुसन्धान भइरहेको छ। हालसम्म करिब तीन सय फर्मबाट ८० करोड रुपैयाँ थप कर निर्धारण भइसकेको विभागका एक उच्च अधिकारीले जानकारी दिए। 'हामीले राजस्व चुहावट नियन्त्रणअन्तर्गत चालू आर्थिक वर्षको सुरुदेखि नै नयाँ-पुराना कारोबार र तिनका

> नक्कली तथा भुटा बिलबिजक प्रयोग गरी कर छलेको देखिएपछि करदाताको अभिलेख तयार पारी अनुसन्धान जारी, चैतसम्ममा अनुसन्धान टुंग्याएर थप कर निर्धारण हुने

» पृष्ठ ११ मा क्रमशः

बुढीगण्डकीका कर्मचारीले असोजयता तलब पाएनन्, कार्यालय भाडाको बक्यौता साढे १६ लाख

कार्यालय सञ्चालनका लागि अत्यावश्यक सामग्री पनि उधारोमा खरिद

मिलन विश्वकर्मा/नयाँ पत्रिका

राष्ट्रिय गौरवको १२ सय मेगावाटको बुढीगण्डकी जलविद्युत् आयोजना बनाउने कम्पनी सरकारले रकम निकासा नगरिदिँदा आर्थिक समस्यामा गुज्रिएको छ। आयोजना यति भद्रगोल छ कि कर्मचारीले नै असोजदेखि तलब पाएका छैनन् भने ६ महिनादेखिको कार्यालय भाडासमेत बक्यौता छ।

पौने चार खर्बको आयोजना बनाउन लागेको बुढीगण्डकी जलविद्युत् कम्पनी लिमिटेडले कर्मचारी पाल्न र कार्यालय सञ्चालन गर्न आर्थिक संकटको सामना गर्नुपरेको हो। कम्पनीका प्रमुख कार्यकारी अधिकृत (सिइओ) जगतकुमार श्रेष्ठले सरकारबाट समयमै बजेट नपाउँदा भाडासँगै कर्मचारीको तलबसमेत भुक्तानी गर्न नसकेको बताए।

'कार्यालयमा २२ जना कर्मचारी कार्यरत छन्। उनीहरूको तलब-भत्तामा मासिक १० लाख रुपैयाँसम्म खर्च लाग्छ,' उनले भने, 'गत आवको मौज्दात बजेटबाट साउन र भदौको तलब भुक्तानी गर्न सकियो। असोजदेखिको तलब भुक्तानी गर्न सकिएको छैन।'



त्यस्तै, २२ साउनमा नागरिक लगानी कोषको बानेश्वरस्थित भवनमा कार्यालय खोलिएकोमा

» पृष्ठ ११ मा क्रमशः

सार्वजनिकस्थलमा फोहोर वर्गीकरण बिन राख्दै महानगर

महानगरअन्तर्गत वातावरण विभाग प्रमुख रविनमान श्रेष्ठ भन्छन्–

उत्पादन भएकै ठाउँमा फोहोरलाई छुट्याएर प्रकृतिअनुसार छुट्टाछुट्टै व्यवस्थापन गर्ने योजनाअनुसार बिन राख्न लागिएको हो । स्रोतमा नै कुहिने र नकुहिने फोहोर छुट्टाछुट्टै संकलन भयो भने व्यवस्थापनमा सहज हुन्छ ।



काठमाडौं/ काठमाडौं महानगरपालिकाले सार्वजनिकस्थलमा आवतजावत गर्ने उपभोक्ताले उत्पादन गरेको कुहिने र नकुहिने फोहोर छुट्टाछुट्टै जम्मा गर्न बिन राख्ने भएको छ । यसका लागि एउटा सेटमा दुईवटा बिन हुन्छन्, यसमध्ये हरियो बिनमा कुहिने र रातो बिनमा नकुहिने फोहोरका लागि राखिने भएको हो ।

महानगरअन्तर्गत वातावरण विभाग प्रमुख रविनमान श्रेष्ठका अनुसार उत्पादन भएकै ठाउँमा फोहोरलाई छुट्याएर प्रकृतिअनुसार छुट्टाछुट्टै व्यवस्थापन गर्ने योजनाअनुसार बिन राख्न लागिएको हो । स्रोतमा नै कुहिने र नकुहिने फोहोर छुट्टाछुट्टै संकलन भयो भने व्यवस्थापनमा सहज हुन्छ । महानगरपालिका सबै ठाउँमा एकैपटक काम गर्दा परिणाम प्राप्त गर्न कठिन हुने भएकाले नमुनाका रूपमा वडा २७ बाट वर्गीकरण भएको फोहोर मात्र संकलन गर्न लागिएको हो । उनले भने, 'यसका लागि घरदैलो कार्यक्रममार्फत उत्पादकलाई वर्गीकरण विधिमा सचेत गराउँदै छौं । छुट्टिएको फोहोर छुट्टाछुट्टै संकलन गर्न रङ संकेतसहितको सवारीसाधन तयारी गरिसकेका छौं । घरघरमा फोहोर वर्गीकरण गरेजस्तै सार्वजनिकस्थलमा उत्पादन हुने फोहोरलाई पनि कुहिने र नकुहिने गरी छुट्टाछुट्टै भाँडामा संकलन गर्न लागेका हौं ।'

■ १९ सय ५० सेट संकलन बिन राखिँदै

महानगरले विभिन्न स्थानमा १९ सय ५० सेट संकलन बिन राख्न लागेको हो । यसरी राखिने सेटहरू दुई प्रकारका छन् । पहिलो खाले सेट सानो आकारको छ । यसमा राखिने एउटा बिनको क्षमता ७० लिटरको हुनेछ । एक दशमलव दुई मिटर उचाइ, एक दशमलव २३ मिटर चौडाइ र २५ दशमलव ५५ किलोग्रामको फलामे स्ट्यान्डमा बिन राखिनेछन् । यस्ता बिन तीन सय सेट राखिनेछन् । मध्यम आकारका सेटमा एक दशमलव तीन मिटर चौडाइ र एक दशमलव चार मिटर उचाइको स्ट्यान्ड हुनेछ । एक सय २५ लिटर क्षमताका दुई वटा बिन राखिनेछन । बिनको माथिल्लो भागमा कुन प्रकारको फोहोर हाल्ने भाँडो हो भन्ने लेखिएको हुनेछ । हरेक सेटमा नम्बर दिइएको छ । यसका आधारमा कुन सेट कसको जिम्मामा छ भन्ने जानकारी हुनेछ ।

कन्सल्टेन्सी खोल्न अर्कैको नागरिकता र फोटो प्रयोग

ठगीमा संलग्न सर्लाहीका रामेश्वर सिंह पक्राउ

काठमाडौं/ वैदेशिक रोजगारी ठगीमा डेढ वर्ष सजाय भुक्तानपछि सर्लाही हरिवन नपा-३ का ३५ वर्षीय रामेश्वर सिंहले फोटो मात्र होइन, नागरिकतासमेत अर्कै प्रयोग गरी कन्सल्टेन्सी खोले । बैंकमा पनि सोही फोटो र नागरिकता प्रयोग गरी खाता खोले । र, अन्धाधुन्ध ठगीमा उत्रिए । कागजातमा जब उनको हस्ताक्षर भेटियो, त्यतिबेला उनको कर्तुत खुल्यो, र प्रहरीले पक्राउ गऱ्यो ।

प्रहरीका अनुसार पक्राउ परिने डरले रामेश्वरले सरोज यादव, नागेन्द्र यादव र गुरुदेव यादवको नागरिकता दुरुपयोग गरी झापाको बिर्तामोडमा विराट कन्सल्टेन्सी, काठमाडौंमा गढीमाई कल्सन्टेन्सी र कमलामाई कन्सल्टेन्सी खोले । सोही नागरिकता प्रयोग गरी बैंकमा खाता खोले । धन्दामा फोटो भने आफ्ना ज्वाईं रामसेवक सिंहको प्रयोग गरे । ठगीको रकम असुल्न बैंक खातामा भने आफ्नै हस्ताक्षर प्रयोग गरे । अन्ततः सोही हस्ताक्षरका कारण पक्राउ परे । कागजातमा भएको हस्ताक्षरबाट मात्रै उनलाई पक्राउ गर्न सकिएको काठमाडौं अपराध अनुसन्धान कार्यालयका डिएसपी गोविन्द पन्थीले बताए । उनले भने, 'अरूको नागरिकता र फोटो प्रयोग गरी कन्सल्टेन्सी मात्रै होइन, बैंक खातासमेत खोलेको रहेछ । सोही नामबाट युवाबाट रकम उठाउने रहेछ । करिब ४८ जनाबाट ६३ लाख रुपैयाँ उठाएपछि एकाएक सम्पर्कविहीन भयो । हामीकहाँ उजुरी पऱ्यो । तत्काल अनुसन्धान सुरु गर्यौं । त्यसपछि मात्रै यसको कर्तुत खुल्यो ।'

रामेश्वर रातोपुलस्थित बजाज ओभरसिजमा ६ वर्षअघि करिब वर्ष दिन सामान्य एजेन्टका रूपमा कार्यरत थिए । सम्पर्क बढाएपछि उनले ३० लाख रुपैयाँमा काठमाडौंकै भेरी ओभरसिज खरिद गरे । वैदेशिक रोजगारका नाममा दुई सय युवाबाट तीन करोड रुपैयाँ उठाए । र, फरार भए ।

ठगिएका युवा उजुरी लिएर प्रहरीकहाँ पुगे । त्यसपछि उनी पत्राउ परे । अदालतले घटना प्रमाणित गऱ्यो । र, उनलाई बिगोसहित डेढ वर्ष कैद सजाय ठहर गऱ्यो । सजाय भुक्तानपछि उनी कार्यालय पुगे । वैदेशिक रोजगारका लागि पेस भएका युवाको नागरिकता संकलनमा जुटे । यही क्रममा सरोज, नागेन्द्र र गुरुदेवको नागरिकता फेला पारे । नागरिकता बोकेर कम्पनी रजिस्टार कार्यालय पुगे । र, तीनवटै नागरिकता प्रयोग गरी विराट, गढीमाई र कमलामाई कन्सल्टेन्सी खोले । फाराममा फोटो भने ज्वाईं रामसेवक सिंहको प्रयोग गरे ।

कारोबारका लागि उनलाई बैंकमा खाता खोल्नुपर्ने थियो । सोही नागरिकता लिएर उनी बैंक पुगे । फराममा फोटो ज्वाईं रामसेवकको टाँसे । खाता खोले । र, रोमानिया, जर्मनी, अफगानिस्तान, क्रोएसियालगायतका मुलुक पठाउने भन्दै युवासँग रकम असुले । रकम बैंकमा जम्मा गरे । र, एकाएक सम्पर्कविहीन बने ।

रोजगारीमा जान नसकेपछि युवाहरू गुनासो लिएर वैदेशिक रोजगार विभाग पुगे । विभागले घटनाको अनुसन्धान गर्न उनीहरूलाई प्रहरी कार्यालय पठायो । प्रहरीले अनुसन्धान सुरु गऱ्यो । यही क्रममा प्रहरी युवाहरूले रकम बुझाएको कन्सल्टेन्सी पुग्यो । जब प्रहरीले कागजात खोज्यो । कन्सल्टेन्सी रामेश्वरको नाममा नभई सरोज, नागेन्द्र र गुरुदेवको नाममा दर्ता भएको भेटियो ।

अनुसन्धान कार्यालयका डिएसपी पन्थीले भने, 'जेल पर्नुअघि यसले भेरी कन्सल्टेन्सी चलाउँथ्यो । विदेश जाने भनेर सरोज, नागेन्द्र र गुरुदेवले त्यहाँ नागरिकता बुझाएका रहेछन् । जेलबाट छुटेपछि सोही नागरिकता फेला पाऱ्यो । दुरुपयोग गरी कन्सल्टेन्सी खोल्यो । रकम उठायो । र, फरार भयो । ठग्ने र कारबाहीबाट बच्ने नियतले नै यसले जुक्ति निकालेको देखिन्छ ।'

जिएलडी नक्सा सच्याउन उपमेयर डंगोलको आग्रह

काठमाडौं/ निर्देशित जग्गा विकास (गाइडेड ल्यान्ड डेभलपमेन्ट, जिएलडी) नक्सालाई बस्ती, समाज र भूगोलको वास्तविक अवस्थामा आधारित बनाउनुपर्ने काठमाडौं महानगरपालिकाकी उपप्रमुख सुनीता डंगोलले बताएकी छिन् । बिहीबार डंगोलको अध्यक्षतामा बसेका पूर्वाधार निर्माण र सहरी व्यवस्थापनमा काम गर्ने कार्यालयका प्रमुख तथा प्रतिनिधिसँगको समन्वय बैठकमा उनले यस्तो बताएकी हुन् ।

'यसअघिको नक्सा टेबलमा बसेर बनाइएको हो । यो नक्सा योजना कार्यान्वयन गर्ने ठाउँमा गएर वस्तुस्थिति अध्ययन गरेर मात्र तयार पार्नुपर्छ । यसले कार्यान्वयनयोग्य नक्सा बन्छ । विकासमा स्थानीय सहभागिता बढ्छ । अपनत्व हुन्छ,' डंगोलले भनिन्, 'युनिभर्सल डिजाइनमा काम गर्यौं । यसबाट पूर्वाधार पहुँचयुक्त हुन्छन् । विकास सबैका लागि हुन्छ ।'

'जसको जिम्मेवारी, उसैको जवाफदेहिता' आधारभूत सिद्धान्त हो । तर, काठमाडौंमा पूर्वाधार निर्माण गर्ने निकायसँग भन्दा महानगरपालिकासँग जनअपेक्षा धेरै छ । बैठकमा प्रमुख प्रशासकीय अधिकृत प्रदीप परियारले एकीकृत विकासका लागि साझेदारबीच समन्वय र सहअस्तित्व स्वीकारमा जोड दिए । उनले भने, 'काठमाडौंका लागि आफूले मात्र उत्कृष्ट काम गरेर पुग्दैन । अरूको कामलाई पनि उत्कृष्ट बनाउने संस्कार विकास गर्नुपर्छ । सहज र दिगो विकास सबैको दायित्व हो भन्ने भावना जागृत गराउनुपर्छ ।' छलफलमा डिभिजन सडक कार्यालय काठमाडौंका प्रमुख नारायणदत्त भण्डारीले मीनभवन र बबरमहलमा यात्रुका लागि च्यामसहितको आकासे पुल निर्माण गर्ने योजना भएको बताए ।

साधारणसभा सम्बन्धी सूचना

यस **ग्रामीण महिला विकास तथा एकता केन्द्र (रुडुक)** को मिति २०८० साल फाल्गुन, १७ गते तद्नुसार २०२४ फेब्रुअरी २९ तारिखका दिन बिहान १०:०० बजेदेखि २८औं साधारणसभा हुने हुँदा उपस्थितिका लागि यस संस्थाका सम्पूर्ण सदस्यज्यूहरुलाई हार्दिक अनुरोध गर्दछौं ।

रुडुक

ग्रामीण महिला विकास तथा एकता केन्द्र (रुडुक)
केन्द्रीय गणेशमार्ग शंखमुल काठमाडौं
फोन ०१-४५३३६६२/४५२७४०९
ईमेल: ruwduchqktm@gmail.com

Liberty Energy Company Ltd.
लिवर्टी ईनर्जी कम्पनी लि.

रजिष्टर्ड कार्यालय : कालिकास्थान-२९, काठमाडौं
Email: liberty@libertyenergy.com.np | Web:www.libertyenergy.com.np

"UNAUDITED FINANCIAL STATEMENTS FOR THE SECOND QUARTER, FISCAL YEAR 2080/81 ENDED 29th Poush, 2080 (14th January, 2024)"

(In NPR)

Statement of Financial Position	Current Quarter Ending Poush End, 2080	Previous Quarter Ending Ashoj End, 2080	Corresponding Previous Year Quarter ending Poush End, 2079
Assets			
Non-Current Assets			
Property, plant and equipment	22,142,599.08	19,924,725.71	23,061,255.67
Intangible Assets	5,985,794,350.52	6,032,697,917.03	6,119,595,663.11
Project work-in progress	78,297,003.59	75,582,807.75	62,463,053.25
Financial Assets			
Other Investments	1,000,000.00	1,000,000.00	1,000,000.00
Other non-current assets	545,000.00	545,000.00	1,545,000.00
Deferred tax assets		-	-
Total Non-Current Assets	**6,087,778,953.19**	**6,129,750,450.49**	**6,207,664,972.03**
Current Assets			
Inventories	3,561,212.55	2,559,561.12	2,497,775.32
Financial Assets			
Cash and cash equivalents	23,762,148.77	5,051,663.74	1,978,255.37
Other current assets	35,753,573.04	42,794,015.66	137,557,625.13
Trade Receivable	107,145,050.83	68,655,385.44	-
Total Current Assets	**170,221,985.19**	**119,060,625.96**	**142,033,655.82**
Total Assets	**6,258,000,938.38**	**6,248,811,076.45**	**6,349,698,627.85**
Equity and Liabilities			
Equity			
Equity share capital	1,500,000,000.00	1,500,000,000.00	1,500,000,000.00
Retained Earnings	(557,270,624.96)	(486,159,948.93)	(174,638,985.97)
Total Equity	**942,729,375.04**	**1,013,840,051.07**	**1,325,361,014.03**
Liabilities			
Non-Current Liabilities			
Financial Liabilities			
Long Term Borrowing	4,920,492,560.57	4,367,905,788.98	4,029,849,188.55
Other Financial Liabilities			
Deferred Tax Liabilities			-
Other Non-Current Liabilities	36,918,264.00	29,525,790.00	
Total Non-Current Liabilities	**4,957,410,824.57**	**4,397,431,578.98**	**4,029,849,188.55**
Current Liabilities			
Financial Liabilities			
Short Term Borrowing	51,171,335.78	417,816,137.19	598,796,305.95
Trade Payables	170,588,568.27	275,233,766.22	266,560,349.96
Other Financial Liabilities			-
Provisions	132,860,439.11	142,043,256.03	105,160,055.70
Other Current Liabilities	3,240,395.62	2,446,286.96	23,971,713.66
Total Current Liabilities	**357,860,738.78**	**837,539,446.40**	**994,488,425.27**
Total Liabilities	**5,315,271,563.35**	**5,234,971,025.38**	**5,024,337,613.82**
Total Equity and Liabilities	**6,258,000,938.39**	**6,248,811,076.45**	**6,349,698,627.85**

(In NPR)

Statement of Profit or Loss and Other Comprehensive Income	Current Quarter Ending Poush End, 2080	Previous Quarter Ending Ashoj End, 2080	Corresponding Previous Year Quarter Ending Poush End, 2079
Revenue from Electricity Generation	144,676,561.37	101,498,847.98	82,512,735.55
Cost of sales		-	-
Generation and Distribution Expenses	15,920,738.44	14,598,967.48	3,178,103.44
Gross Profit	**128,755,822.93**	**86,899,880.50**	**79,334,632.11**
Depreciation and Amortization	57,032,048.88	57,351,988.76	1,133,516.93
Other Income	119,017.36	1,846,061.28	-
Administrative and Other Operating Expenses Expenses	3,699,123.71	5,269,550.46	5,028,686.06
Impairment loss on investment	-	-	-
Gain/(loss) on Disposal		-	-
Profit from operation	**68,143,667.70**	**26,124,402.56**	**73,172,429.12**
Finance Income			
Finance Costs	139,254,343.73	144,314,558.29	61,630,711.81
Profit Before tax	**(71,110,676.03)**	**(118,190,155.73)**	**11,541,717.31**
Income tax Expense			
Current Tax			
Deferred Tax			
Profit for the Year	**(71,110,676.03)**	**(118,190,155.73)**	**11,541,717.31**
Other comprehensive gain/ (loss) for the year, net of tax	-	-	-
Total comprehensive gain/ (loss) for the year, net of tax	**(71,110,676.03)**	**(118,190,155.73)**	**11,541,717.31**

Note: The figures are regrouped and rearranged where necessary.
The Unaudited Financial figure are subject to change from external auditors and Regulatory Authority.

"SECOND QUARTER DISCLOSURE AS OF 29th Poush, 2080 (14th January, 2024) AS PER SECURITIES REGISTRATION AND ISSUANCE REGULATION Annexure -14
(Related to Sub regulation 1 of Regulation 26)

1. FINANCIAL STATEMENT
- The unaudited financial statement for the second quarter has been published as a part of this report.
- **Key Financial Ratios at the end of the quarter:**

Period	Earnings Per Share	Net Worth Per Share	Current Ratio	P/E Ratio (Annualized)	Return on Assets
This quarter end	(4.74)	62.85	0.476	(41.01)	-1.14%
Previous quarter end	(7.88)	67.59	0.142	(19.18)	-1.89%
Corresponding previous year quarter end	0.77	88.36	0.143	358.70	0.18%

2. MANAGEMENT ANALYSIS
- **Any changes in the stock, income and liquidity during the quarter and reason for change, if any:**
The Upper Dordi "A" Hydropower Project (25 MW) owned by company located in Lamjung district is commercially started from 17th Mangsir, 2079. The revenue from generation of electricity is for a period of 1st Kartik 2080 to Poush end 2080. We could not generate electricity on full capacity on Kartik, 2080 due to force outage by Nepal Electricity Authority which has reduced the income of the company. But plant could generate excess of contract energy during the month of Mangsir & Poush. The plant is in continuous operation during the current quarter.
- **The statement of management analysis on the upcoming business plans:**
The company holds the license for the development of other two Hydroelectric Project namely Badigad Khola Hydroelctric Project 24.60 MW located at Baglung and Lodo Khola Small Hydroelectric Project 1.60 MW located at Lamjung. Company has obtained the Generation License of Badigad Khola HEP and PPA is in process and also signed on PPA of Lodo Khola SHEP and in process to obtain the Generation License.
- **The analytical statement on the possible effect on company's profitability, stock and cash flow on the past experience:**
The company has not perceived any significant events that could have affect in the company's financial except an event that could arise beyond our control.

3. STATEMENT RELATED TO LEGAL ACTION
- Case filed by or against the company during the quarter, if any: None
- Case filed by or against the company or its promoter or director for violation of the prevailing regulation or committing the criminal offence, if any: None
- Case filed against the Promoter or Director on financial crime, if any: None

4. ANALYSIS OF SHARE TRANSACTION OF THE COMPANY
- The major highlights of share transactions during the quarter are as follows:

Maximum Price	Minimum Price	Closing Price	Transaction days	Traded Volume	Turnover
204.50	138	194.40	49	57,49,724	98,17,51,021.90

5. PROBLEMS AND CHALLENGES
- **Internal and External Problems**
- High Financial Cost due to the various force majeure events arise during the construction period
- Non-dispatch of energy due to forced outage by NEA
- **Strategies**
- Reduce operation cost and maintain plant to generate optimum energy.
- Negotiation with the bank and financial institutions to reduce interest rate.
- Request NEA to convert amended PPA clause to Take or Pay from contingency plan.

6. CORPORATE GOVERNANCE
The company has regular meetings of Board of Directors and Board Committees in compliance with the Corporate Governance Guidelines, 2074 issued by the Securities Board of Nepal. Various rules, regulations and policies has been prepared for the proper functioning of the company.

7. DECLARATION OF CHIEF EXECUTIVE ON TRUTH, FACTFULNESS
I, the Chairman of this company, take the responsibility of accuracy of the information and details mentioned in this report for the period 2nd quarter of F.Y. 2080/81, hereby declare that the information and details provided in this report are true and tactfulness, based on facts and complete to best of my knowledge.

कुमारी बैंक लिमिटेड शाखा कार्यालय टाँडी, चितवनको तपसिलमा उल्लेखित ऋणीलाई ऋणकर्जा चुक्ता भुक्तान गर्ने ३५ दिने सूचना

(प्रकाशित मिति २०८०/१०/२६ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेडको शाखा कार्यालय टाँडी, चितवनबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय-समयमा तिर्नु बुझाउनुपर्ने साँवा, ब्याज लगायतका रकम चुक्ता-भुक्तान गर्न पटक-पटक मौखिक एवं लिखित रुपमा सूचित गरी तर-ताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकोले ऋणीलाई ऋणकर्जा चुक्ता भुक्तान गर्न यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतीस)** दिनभित्र यस बैंकको शाखा कार्यालयमा सम्पर्क गरी उपभोग गरिरहेको ऋणकर्जाको साँवा, ब्याज लगायतका बैंकलाई तिर्नु/बुझाउनुपर्ने सम्पूर्ण रकम चुक्ता भुक्तान गर्नुहोला । अन्यथा प्रचलित ऐन, कानून, राष्ट्र बैंकबाट जारी निर्देशनहरु एवं यस बैंक कर्जा असुली विनियमावली बमोजिम धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रि वा अन्य व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिनुका साथै ऋणी तथा सम्बन्धित पक्षलाई **कर्जा सूचना केन्द्रको कालोसूचिमा** नाम सूचिकृत गर्न समेत लेखि पठाइने व्यहोरा यसै सूचना मार्फत अवगत गराउँदै, ऋणकर्जा चुक्ता भुक्तान गर्न/गराउनुहुन सम्बन्धित सबै पक्षलाई यसै सूचना मार्फत जानकारी समेत गराउँदछौं ।

उल्लेखित ऋणकर्जाको लागि सुरक्षण बापत रहेको धितोबाट बैंकको सम्पूर्ण लेना रकम असुलउपर नभएमा बैंक तथा वित्तिय संस्था सम्बन्धि ऐन, २०७३ तथा अन्य प्रचलित नियम, कानून तथा कर्जा सम्झौता अनुसार ऋणी, संचालक तथा जमानीकर्ताहरुको अन्य चल/अचल जायजेथा तथा श्रीसम्पत्तिहरुबाट बैंकको बाँकी लेना रकम असुलउपर गरिने व्यहोरा समेत ऋणी, जमानतकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सुचित गरीन्छ ।

तपसिल

ऋणीको विवरण	धितो सुरक्षणको विवरण
प्रदेश सरकार, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय अन्तर गत घरेलु तथा साना उद्योगको कार्यालय, भरतपुर, चितवन मिति २०७८/०४/१५ मा प्रा.फ.र.नं. १०५/०७८/०७९ कायम भई दर्ता रहेको चितवन जिल्ला, खैरहनी न.पा. वडा नं. ०९ स्थित रजिष्टर्ड कार्यालय रहेको **शिवम पोल्ट्री फर्म प्रोप्राईटर - गोपाल चौधरी**	१. **गोपाल चौधरी**को नाममा मालपोत कार्यालय, खैरहनी, चितवन दर्ता कायम रहेका चितवन जिल्ला, खैरहनी न.पा. वडा नं. ९ (साविक चितवन जिल्ला, खैरहनी गा.वि.स वडा नं. ०३) स्थित कित्ता नं. १३२९ को क्षे.फ. ०-२-० (वि.क.धु) जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत । २. ऋणी **शिवम पोल्ट्री फर्म**को सम्पूर्ण चल अचल श्रीसम्पत्ति तथा अन्य आसामीहरुसंग लेना रकम उपर उल्लेखित कर्जा रकम तथा सोवाट उत्पन्न दायित्वको हदसम्म धनि बैंकको हक रहने गरी धितो सुरक्षण लिखत वा हाईपोथिकेशन तमसुक ।

व्यक्तिगत जमानीकर्ताको विवरण

१. **गोपाल चौधरी**
ना.प्र.नं.: १९६६/०६०
जारी मिति :२०६०/०५/२३, जि.प्र.का. चितवन) ।
बाबु : भजना नन्द चौधरी
बाजे : हरिराम चौधरी
पत्नी : केश कुमारी महतो
स्थायी ठेगाना: चितवन जिल्ला, खैरहनी गा.वि.स., वडा नं. ०१
हालको ठेगाना: चितवन जिल्ला, खैरहनी न.पा. वडा नं. ०९

२. **केश कुमारी महतो**
ना.प्र.नं.: ३६/२/०२५/१६२
जारी मिति : २०६४/०१/३१, जि.प्र.का. नवलपरासी
बाबु : माया राम महतो
ससुरा : भजनानन्द चौधरी
पति : गोपाल चौधरी
स्थायी ठेगाना: नवलपरासी जिल्ला, अग्यौली गा.वि.स., वडा नं. ०८
हालको ठेगाना: चितवन जिल्ला, खैरहनी न.पा. वडा नं. ०९

३. **सुनिल कुमार साह**
ना.प्र.नं.: १७३०९०/११४८ जि.प्र.का. धनुषा,
जारी मिति : २०६३/१०/२०,
बाबु : महेश प्रसाद साह
बाजे : लड्डु प्रसाद साह
स्थायी ठेगाना: चितवन जिल्ला, खैरहनी नगरपालिका वडा नं. ०८
हालको ठेगाना: चितवन जिल्ला, खैरहनी न.पा. वडा नं. ०८

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सबैका लागि
शाखा कार्यालय टाँडी, चितवन फोन नं. ०५६-५६३०६६/६७/६८

कुमारी बैंक लिमिटेड शाखा कार्यालय जनकपुर, धनुषाको धितोमा रहेको सम्पत्ति पुनः लिलाम बिक्रीको लागि ७ दिने गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना

(प्रकाशित मिति २०८०/१०/२६ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेड (साविक एन.सी.सी बैंक लि.) शाखा कार्यालय जनकपुर, धनुषाबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गरेको ऋण कर्जाहरुको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत नतिरी नवुझाई बैंक सग भएको ऋणकर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लङ्घन गरेको हुनाले निज ऋणीलाई सम्पूर्ण कर्जा, सो कर्जाको ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु तिर्न बुझाउनको लागि ३५ दिने सार्वजनीक सूचना प्रकाशित गर्दा समेत बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु चुक्ता भुक्तान नगरेको हुँदा निज ऋणीले प्राप्त गरेको ऋण कर्जाहरुको सुरक्षण वापत बैंकलाई धितो बन्धक लेखिदिएको तपसिलमा उल्लेखित सम्पत्ति तथा सोको लिगलगापातहरु समेत जहां जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बिक्री गर्न १५ दिने धितो लिलाम सूचना प्रकाशित गरी लिलाम गर्दा समेत लिलाम हुन नसकेकाले यो पुन धितो लिलाम सूचना प्रकाशित गरीएको छ । यो सूचना प्रकाशित भएको **मितिले ८ औं दिन अर्थात मिति २०८० फागुन ०४ गते शुक्रबार**को दिन गोप्य शिलबन्दी बोलपत्रद्वारा शाखा कार्यालय जनकपुर, धनुषामा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएको हुँदा सर्वसाधारणको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ । धितोमा रहेको चल अचल सम्पत्तिहरु सकार गरी लिन ईच्छुक महानुभावहरुले देहायका शर्तबन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिन सक्नुहुनेछ ।

तपसिल

ऋणीको विवरण	लिलाम हुने सम्पत्तिको विवरण
प्राइभेट फर्म रजिष्ट्रेसन ऐन २०१४ बमोजिम नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग/ घरेलु तथा साना उद्योग कार्यालय जनकपुर, धनुषामा मिति २०६९/११/८ मा प्रा.फ.र.नं ५३४९/८९६/०६९/०७० दर्ता कायम भई धनुषा जिल्ला, जनकपुरधाम उ.म.न.पा., वडा नं ०२ स्थित **नेपाल किचेन सेन्टर ।**	१. **रीना साह**को नाममा मालपोत कार्यालय धनुषामा दर्ता कायम रहेको धनुषा जिल्ला, जनकपुर उ.म.न.पा वडा नं १ स्थित कित्ता नं. ८५ क्षेत्रफल ०-०-५-० (वि-क-धु-क) को घर/जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत ।

व्यक्तिगत जमानीकर्ताहरुको विवरण

१. **गोविन्द राज साह**
ना.प्र.नं.- ३९६९६०२९
जारी मिति - २०६०/०५/१६, जि.प्र.का., धनुषा
बाबु - राम चन्द्र साह
बाजे - मिश्री लाल साह
स्थायी ठेगाना- धनुषा जिल्ला, जनकपुर उ.म.न.पा.
वडा नं.०२ (साविक जनकपुर उ.म.न.पा. वडा नं.०२)

२. **रीना साह**
ना.प्र.नं.- १५१२
जारी मिति - २०६२/११/१८, जि.प्र.का., धनुषा
बाबु - सुरेश प्रसाद जयसवाल
पति - गोविन्द राज साह
स्थायी ठेगाना- धनुषा जिल्ला, जनकपुर उ.म.न.पा.
वडा नं.०२

३. **सुशिला देवी साह**
ना.प्र.नं.- २२८४
जारी मिति - २०५३/०७/३०, जि.प्र.का., धनुषा
बाबु - जिवछ चौधरी
पति - राम चन्द्र साह
स्थायी ठेगाना- धनुषा जिल्ला, जनकपुर उ.म न.पा.
वडा नं. ०२

४. **राम चन्द्र साह**
ना.प्र.नं.- ९६९७४२४
जारी मिति - २०३४/१२/२२, जि.प्र.का., धनुषा
बाबु - मिश्री लाल साह
बाजे - कुंजी लाल साह
स्थायी ठेगाना- धनुषा जिल्ला, जनकपुर उ.म न.पा.
वडा नं.०२

शर्तबन्देजहरुः

१. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको **मितिले ७ औं दिन अर्थात २०८० फागुन ०३ गते** भित्र बैंकको शाखा कार्यालय जनकपुर, धनुषामा कार्यालय समय भित्र प्राप्त भई सक्नु पर्नेछ ।
२. बोलपत्र फारम कुमारी बैंक लिमिटेडको शाखा कार्यालय जनकपुर, धनुषाबाट रु. ५००/- तिरी प्राप्त गर्न सकिनेछ । उक्त बोलपत्रमा बोलपत्रवालाको हस्ताक्षर सहित शिलबन्दी गरी बाहिर (घर/जग्गाको बोलपत्र) समेत प्रस्ट रुपमा लेखिएको हुनुपर्नेछ ।
३. बोलपत्रमा आफुले लिन चाहेको धितोमा रहेको सम्पत्ति, के कति रकममा सकार गरी लिन चाहेको हो, स्पष्ट गरी अंक तथा अक्षरमा लेखिएको हुनुपर्नेछ र आफुले कबोल गरेको रकमको १० (दश) प्रतिशतको दरले हुने धरौटी वापत रकम कुमारी बैंक लि.मा जम्मा गरेको भौचर, कुमारी बैंक लि. को नाममा गुड फर पेमेन्ट (Good For Payment) चेक बनाई बोलपत्रको साथमा संलग्न गरेको हुनुपर्नेछ, सो बाहेक अन्य कुनै किसिमका धरौटी स्वीकार गरिने छैन र त्यस्तो धरौटी रकममा कुनै ब्याज दिईने छैन ।
४. यो सूचना प्रकाशित भएको **मितिले ८ औं दिन अर्थात २०८० फागुन ०४ गते १२:०० बजे** देखि बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहबरमा बैंकको शाखा कार्यालय जनकपुर, धनुषामा बोलपत्र खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितीले मात्र बोलपत्र खोल्न बाधा पुग्ने छैन ।
५. बोलपत्र बुझाउने अन्तिम मितिमा बैंक बिदा परेमा सोको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र बुझाउन सकिनेछ । बोलपत्र खोलिने दिन बिदा परेमा समेत बिदाको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र खोलिनेछ ।
६. म्याद नाघी वा रीत नपुगी आएको तथा शर्त राखी दिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।
७. बोलपत्र स्वीकृत भएमा सम्बन्धित बोलपत्रदातालाे सोको सूचना पाएको मितिले १५ (पन्ध्र) दिन भित्र बोल कबोल गरेको धरौटी बाहेकको बाँकी रकम बैंकमा जम्मा गर्नुपर्नेछ । अन्यथा धरौटी वापत जम्मा भएको रकम जफत हुनेछ ।
८. लिलाम गरिएको सम्पत्ति दाखेल खारेज गर्दा सम्बन्धित अड्डामा लाग्ने दे दस्तुर लिलाम सकार गरी लिनेले नै व्यहोर्नु पर्नेछ ।
९. लिलाम हुने सम्पत्ति सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा कार्यालय समय भित्र बैंकको शाखा कार्यालय जनकपुर, धनुषामा सम्पर्क राखी प्राप्त गर्न सकिनेछ ।
१०. धितो सम्पत्ति लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा लिलाममा कसैले भाग नलिएमा समेत बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा प्रचलित कानुन बमोजिम बैंकले उक्त सम्पत्तिको स्वामित्व आफुमा सकार गरी लिन सक्नेछ ।
११. गोप्य शिलबन्दी बोलपत्र प्राप्त भएको वा नभएको कारणले बैंक आफैले सकार गर्न कुनै बाधा पर्ने छैन ।
१२. प्राप्त भएको गोप्य शिलबन्दी बोलपत्र अर्न्तगत सबै भन्दा बढि अंक बोल्नेलाई समेत बो

शीर्ष नेता र मन्त्रीहरूसँग मुख्यमन्त्रीहरूका गुनासैगुनासा

हिउँदे अधिवेशनमै संघीयता कार्यान्वयनसम्बन्धी सबै कानुन बनाउने सरकारको प्रतिबद्धता

केशवप्रसाद पाण्डे/नयाँ पत्रिका

सरकारले संघीय संसद्को जारी हिउँदे अधिवेशनमै संघीयता कार्यान्वयनसम्बन्धी सबै कानुन बनाउने प्रतिबद्धता जनाएको छ। संघीयता कार्यान्वयनमा शीर्ष नेता, संघीय मन्त्री र सांसदहरू अनुदार रहेको मुख्यमन्त्रीहरूको गुनासोपछि प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले जारी संसद् अधिवेशनबाट आवश्यक कानुन बन्ने विश्वास दिलाएका हुन्।

बुधबार राष्ट्रिय समन्वय परिषद्को बैठक गरेका प्रधानमन्त्री प्रचण्डले बिहीबार गठबन्धन दलका शीर्ष नेता र सातै प्रदेशका मुख्यमन्त्री तथा संघीय सरकारका मन्त्रीहरू र सबै मुख्यमन्त्रीहरूलाई राखेर छुट्टाछुट्टै छलफल गरेका थिए। प्रधानमन्त्री प्रचण्डले यी छलफल संघीयता कार्यान्वयनका लागि रणनीतिक महत्त्वका रहेको बताएका छन्।

'आज गठबन्धन दलका शीर्ष नेताहरू र मुख्यमन्त्रीहरूलाई सँगै राखेर बालुवाटारमा छलफल गरेको छु। आज नै संघीय मन्त्रीहरू र मुख्यमन्त्रीहरू सँगै राखेर सिंहदरबारमा छलफल गरेको छु,' प्रधानमन्त्री प्रचण्डले भनेका छन्, 'संसद् अधिवेशन चलिरहेको सन्दर्भमा यी छलफल संघीयता कार्यान्वयनमा रणनीतिक महत्त्वका हुनेछन् भन्ने मेरो विश्वास छ।'

छलफलमा मुख्यमन्त्रीहरूले गठबन्धनमै रहेका दलका शीर्ष नेता, संघीय मन्त्री र सांसदहरूले सक्रियता नदेखाएको गुनासो गरेपछि प्रधानमन्त्रीले सरकारको तर्फबाट आफ्नो प्रतिबद्धता जनाएका हुन्। प्रधानमन्त्रीले बोलाएको बैठकमा गठबन्धन दलका शीर्ष नेताले संघीयता कार्यान्वयनमा आवश्यक पहल गर्ने आश्वासन दिएका छन्।

प्रदेश मुख्यमन्त्रीहरूले शीर्ष नेता र मन्त्रीहरूसँग संविधानमै भएको अधिकार दिन संघले आनाकानी गरेको गुनासो गरेपछि प्रधानमन्त्री प्रचण्डले संघीय मन्त्रीहरूलाई सक्रियतापूर्वक लाग्न निर्देशन दिएका छन्। 'संघीयता कार्यान्वयन हाम्रो उच्च प्राथमिकतामा



संघीयताका कार्यान्वयनका विषयमा गठबन्धन दलका शीर्ष नेताहरू र मुख्यमन्त्रीहरूबीच बिहीबार बालुवाटारमा भएको छलफल।

छ। संघीयताको सुदृढ कार्यान्वयन हामी सबैको साझा जिम्मेवारी हो। यहाँहरूले मुख्यमन्त्रीको चिन्ता र चासो बुझ्नु नै भयो। त्यसलाई गम्भीरतापूर्वक लिनुस्,' मुख्यमन्त्रीहरूसँगको भेटमा प्रधानमन्त्री प्रचण्डले संघीय मन्त्रीहरूलाई निर्देशन दिँदै भने। मुख्यमन्त्रीहरूको सक्रियताबाट संघीयता कार्यान्वयनमा महत्त्वपूर्ण योगदान पुग्ने प्रधानमन्त्रीको विश्वास थियो।

प्रधानमन्त्रीको सचिवालयका अनुसार प्रधानमन्त्रीनिवास बालुवाटारमा तीनै तहबीच समन्वयमा देखिएका समस्या र समाधानका लागि मुख्यमन्त्रीहरूले आगामी दिनमा अपनाउनुपर्ने उपायबारे शीर्ष नेताहरूसँग छलफल गरेका थिए। शीर्ष नेताहरूसँगको बैठकमा सहभागी जसपा प्रवक्ता मनीष सुमनका अनुसार छलफलमा मुख्यमन्त्रीहरूले केन्द्रले आवश्यक कानुन नबनाउँदा प्रदेशले समस्या भोग्नुपरेको गुनासो गरेका थिए।

उनीहरूले केन्द्रले यस विषयमा ढिलाइ गर्न नहुने र शीर्ष तहबाट गम्भीर रूपमा लिन ध्यानाकर्षण गराएका थिए। 'उहाँहरूले प्रधानमन्त्रीसँग गरेका गुनासो नै हामीलाई सामूहिक रूपमा सुनाउनुभयो। विशेषगरी केन्द्रले ऐन नबनाउँदा प्रदेशले भोग्नुपरेका समस्यामा उहाँहरूको जोड थियो,' प्रवक्ता सुमनले भने।

प्रधानमन्त्री प्रचण्डले संघीयताको प्रभावकारी कार्यान्वयनमा गठबन्धन प्रतिबद्ध रहेको आश्वस्त पारेका थिए। 'हिजोसम्म तपाईंहरूको कुरा सुन्ने म मात्रै थिएँ। अब सत्तागठबन्धन तपाईंहरूको साथमा छ। हामी चालू हिउँदे अधिवेशनबाटै प्रदेशमा आवश्यक र बन्न नसकेका कानुन निर्माण गर्नेछौं,' प्रधानमन्त्रीले बैठकमा गरेको प्रतिबद्धताबारे सुमनले नयाँ पत्रिकासँग भने।

छलफलमा कांग्रेस सभापति शेरबहादुर देउवा, कांग्रेस उपसभापति तथा उपप्रधानमन्त्री पूर्णबहादुर खड्का, एकीकृत समाजवादीका अध्यक्ष माधव नेपाल, माओवादी उपमहासचिव वर्षमान पुनसहित सत्तासाझेदार दलका नेता सहभागी थिए।

बुधबार प्रधानमन्त्री 'प्रचण्ड'को अध्यक्षतामा सिंहदरबारमा राष्ट्रिय समन्वय परिषद्को दोस्रो बैठक बसेको थियो। बुधबार सम्पन्न बैठकमा संघीयता कार्यान्वयन सम्बन्धमा संघीय सरकारले गर्न बाँकी कार्ययोजना र हालसम्म भएका तथा कार्यान्वनमा देखिएका समस्याबारे प्रधानमन्त्री प्रचण्डले मुख्यमन्त्रीहरूसँग छलफल गरेका थिए।

■ मुख्यमन्त्रीहरूका कस्ता-कस्ता गुनासा ?

प्रधानमन्त्रीसहित संघीय मन्त्रीहरूसँगको छलफलमा मुख्यमन्त्रीहरूले अधिकार नपाएको गुनासो गरेका छन्। संघीयता कार्यान्वयनमा प्रधानमन्त्रीको भावना मन्त्रीहरूले बुझ्नुपर्ने र संघीय मन्त्रीहरूले अधिकार हस्तान्तरणमा ढिलाइ गर्न नहुने बताए।

■ **केदार कार्की**, मुख्यमन्त्री, कोशी



संघीयता कार्यान्वयनमा प्रधानमन्त्रीको भावना मन्त्रीहरूले पनि बुझ्नुपर्छ। संघीयता कार्यान्वयनमा संघीय मन्त्रीज्यूहरूको 'रिपोर्ट कार्ड' जान्न चाहेका छौं। संघीय मन्त्रीहरूले तल हस्तान्तरण गर्नुपर्ने अधिकारमा ढिलाइ नगर्नुस्।

■ **सरोजकुमार यादव**, मुख्यमन्त्री, मधेश



संघ र प्रदेशको संयुक्त लगानीमा सिँचाइ आयोजना सञ्चालन गरौं, तराई-मधेशमा उत्पादकत्व बढाऔं। साथै छिमेकी मुलुक भारतसँग जोडिएका छोटी भन्सार कार्यालय सञ्चालनका लागि अर्थ मन्त्रालयसँग आग्रह गरौं।

■ **शालिकराम जम्कट्टेल**, मुख्यमन्त्री, बागमती



संघीय मन्त्रालयले अधिकार छिटो हस्तान्तरण गर्नुपर्छ। कानुन बनाएर दिनुपर्ने अधिकारका लागि समय लाग्ला। तर, निर्णय गरेर दिनुपर्ने अधिकारमा ढिलाइ गर्नुभएन। संघीयता कार्यान्वयनमा कर्मचारी प्रशासनले एकात्मक मानसिकता त्याग्नु आवश्यक छ।

■ **सुरेन्द्रराज पाण्डे**, मुख्यमन्त्री, गण्डकी



संघीयता कार्यान्वयनका सन्दर्भमा प्रधानमन्त्रीको अग्रसरतालाई गम्भीर रूपमा लिँदै संघीय मन्त्री र सांसद पनि उत्तिकै जिम्मेवार हुनुपर्छ।

■ **डिल्लीबहादुर चौधरी**, मुख्यमन्त्री, लुम्बिनी



संघीयता कार्यान्वयनमा प्रधानमन्त्रीले देखाउनुभएको सक्रियतालाई मन्त्रीहरूले पनि अनुसरण गर्नुपर्छ। संघीयता हामीले नै ल्याएका हौं, कार्यान्वयनमा पनि नै अपनत्व लिनुपर्छ।

■ **राजकुमार शर्मा**, मुख्यमन्त्री, कर्णाली



संघीयता कार्यान्वयनमा देखिएका ढिलासुस्तीबारे समीक्षा आवश्यक छ। कर्णाली प्रदेशमा अझै विद्युतीकरणको समस्या छ। सिँचाइको भरपर्दो व्यवस्था हुन सकेको छैन।

■ **कमलबहादुर शाह**, मुख्यमन्त्री, सुदूरपश्चिम



प्रधानमन्त्रीको पहल सकारात्मक छ। सोहीस्तरमा संघीय सरकारका मन्त्रीहरूले पनि अग्रसरता दिनुपर्छ। संघीयता लागू गर्न ढिलो हुनुमा केन्द्रीकृत मानसिकता मूल रूपमा जिम्मेवार छ।

संक्षेप

अध्यागमनका आठ अधिकृतविरुद्ध पक्राउ पुर्जी

काठमाडौं/ फर्जी कागजातका आधारमा नेपाली युवालाई विदेश पठाउने धन्दामा संलग्न त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलका आठजना अधिकृतविरुद्ध अदालतले फक्राउ पुर्जी जारी गरेको छ। जिल्ला अदालत काठमाडौंका अनुसार पक्राउ पुर्जी जारी गरिएकामा अधिकृत कुशल बराल, ताराबहादुर कुँवर, शैलेन्द्र ढकाल, विमल पौडेल, विष्णु अर्याल भनिने विष्णुप्रसाद आचार्य, विकास डंगोल, पीताम्बर रिमाल, सुनज फागो रहेका छन्। यसअघि अदालतले पक्राउ गर्न अनुमति दिएको थियो। जिल्ला सरकारी वकिल कार्यालय काठमाडौंका प्रवक्ता सीताराम आर्यालले फर्जी कागजातका आधारमा नेपाली युवालाई विदेश पठाउने धन्दामा संलग्न अध्यागमनका अधिकृतसहित १२ विरुद्ध अदालतले पक्राउ पुर्जी जारी गरेको बताए। उनले भने, 'लिखत किर्ते तथा संगठित अपराध कसुरमा अध्यागमनका अधिकृतसहित १२ प्रतिवादीविरुद्ध पक्राउ पुर्जी जारी भएको छ। यसअघि उनीहरूविरुद्ध अदालतले पक्राउ अनुमति दिएको थियो। उनीहरू बयानका लागि अदालतमा आएनन्। त्यसो हुँदा पक्राउ पुर्जी जारी भएको हो।' घटनामा दुईजना घुससहित रंगेहात पक्राउ परेका अध्यागमनका अधिकृत नरवीर खड्काको बयानका आधारमा उनीहरूविरुद्ध पक्राउ पुर्जी जारी भएको हो।

ज्यान मार्ने धम्की दिई पाँच करोड फिरौती माग्ने दुई पक्राउ

कास्की/ ज्यान मार्ने धम्की दिई पाँच करोड फिरौती माग्ने दुईजनालाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेमा पर्वत कुस्मा नगरपालिका- २ खुर्कोट घर भई पोखरा महानगरपालिका- ८ सिमलचौर बस्ने ३६ वर्षीय लक्ष्मण दर्जी र पर्वत कुस्मा नगरपालिका- १४ आर्थर घर भई पोखरा- ८ सिमलचौर बस्ने ४२ वर्षीय दीपकबहादुर क्षेत्री रहेको जिल्ला प्रहरी कार्यालय कास्कीले जानकारी दिएको छ। कास्कीका प्रहरी प्रमुख मोहनकुमार थापाका अनुसार उनीहरूले पोखरा- १६ लामाचौर घर भई पोखरा- १६ मा दीप सच्चाइ सेवा केन्द्र सञ्चालन गर्दै आएका प्रकाशदीप गैरेलाई फोन तथा म्यासेजमार्फत हिन्दी भाषामा पाँच करोड रुपैयाँ मागेका थिए। रकम नदिए गैरेसँगै उनको परिवारका सदस्यको समेत ज्यान मार्ने धम्की दिएका थिए। फिरौती र ज्यान मार्ने धम्कीपछि गैरे परिवारले दिएको उजुरीका आधारमा प्रहरी टोलीले घटनाको अनुसन्धान तथा फिरौती मग्नेको खोजतलास गरेको थियो। त्यस क्रममा पोखरा- ८ सिमलचौर जाल्पा मन्दिरस्थित डेराबाट उनीहरूलाई पक्राउ गरिएको थापाले जानकारी दिए। प्रहरीले उनीहरूको साथबाट गैरेलाई धम्काउन प्रयोग गरेको सिमसहितको मोबाइललगायत सामान बरामद गरेको छ।

कोशी सरकारले सुरु गऱ्यो पहिचानवादीसँग संवाद

झापा/ कोशी प्रदेश सरकारले आन्दोलनरत पहिचान पक्षधरसँग वार्ता सुरु गरेको छ। प्रदेशको नाम खारेजीसहित पहिचानका आधारमा नामांकन गर्नुपर्ने माग गर्दै आन्दोलनमा उत्रिएको प्रदेश १ पुनः नामांकन संयुक्त संघर्ष समितिसँग संवादबाट समस्या समाधान खोज्न सुरु गरिएको हो।

सरकारले गठन गरेको वार्ता टोली र पहिचानवादीले बनाएको वार्ता टोलीबीच बिहीबारबाट वार्ता सुरु भएको छ। प्रारम्भिक वार्ता सकारात्मक रहेको दुवै पक्षले जनाएका छन्। १७ फागुन ०७९ मा प्रदेश सभाले प्रदेशको नाम कोशी राखेयता पहिचान पक्षधरहरू आन्दोलित छन्। पहिचानवादीको आन्दोलन नरोकिएपछि कोशी सरकारले केही दिनअघि भौतिक पूर्वाधार विकासमन्त्री कमलप्रसाद जवेगू संयोजकत्वमा पर्यटन, वन तथा वातावरणमन्त्री गणेशप्रसाद उप्रेती सदस्य र आन्तरिक मामिला तथा कानुन मन्त्रालयका सचिव लक्ष्मीप्रसाद पौडेल सदस्यसचिव रहने गरी वार्ता समिति गठन गरेको थियो। संयुक्त संघर्ष समितिले पनि ११ सदस्यीय वार्ता समिति बनाएको छ। 'पहिलो दिनको वार्तामा परिचय भएको छ। उहाँहरूले एकसूत्रीय प्रदेशको नाम फेर्ने माग राख्नुभयो। अब शुक्रबार बिहान ८ बजे अर्को बैठक बस्छ,' सरकारी वार्ता समितिका सदस्यसचिव लक्ष्मीप्रसाद पौडेलले भने। प्रदेशको नाम खारेज गरेर पहिचानका आधारमा प्रदेशको नाम राख्नुपर्ने माग राखेको वार्ता टोलीका सदस्य तथा किरात याक्थुङ चुम्लुङका उपाध्यक्ष गोविन्दबहादुर आङबुहाङले जानकारी दिए। यसपटक निष्कर्ष निस्कने सम्भावना छ।

महोत्तरीमा ६ महिनामा सवारी दुर्घटनाबाट ३१ ले गुमाए ज्यान

महोत्तरी/ चालू आर्थिक वर्षको पुस मसान्तसम्म महोत्तरीमा ३१ जनाको सवारी दुर्घटनामा मृत्यु भएको छ। मधेश प्रदेशभर यस अवधिमा दुई सय ५५ जनाले ज्यान गुमाएका छन्। महोत्तरीको दुई सय ६५ सहित प्रदेशमा भएको कुल चार हजार चार सय ७७ सवारी दुर्घटनामा सो संख्यामा मृत्यु भएको हो। मृत्यु हुनेमा महिला र पुरुषसँगै बालबालिकासमेत छन्। ठूला, मझौला र साना सवारीसाधनबाट भएका दुर्घटनाबाट महोत्तरीमा ८४ जना गम्भीर र तीन सय २५ जना सामान्य घाइते भएका छन्। मधेश प्रदेशमा कुल पाँच हजार ६६ जना घाइते भएको तथ्यांक छ। ट्राफिक प्रहरीले निरन्तर चेकजाँच, कारबाही र जनचेतनामूलक कार्यक्रम सञ्चालन गरे पनि दुर्घटनामा भने कमी आउन सकेको छैन। मुख्य तथा भित्री सडकमा समेत ओभर स्पिड तथा मादक पदार्थ सेवनका कारण दुर्घटना हुने संख्या धेरै छ। केही दुर्घटना भने मौसमका कारण भएको देखिन्छ। जिल्ला ट्राफिक प्रहरी कार्यालय महोत्तरीका प्रमुख ट्राफिक प्रहरी निरीक्षक रामभक्त भट्टराईका अनुसार जिल्लामा भएका सवारी दुर्घटनामध्ये मोटरसाइकल दुर्घटनाको संख्या धेरै छ। हेल्मेट नलगाउने, मापसे गरी सवारी चलाउने, एउटै मोटरसाइकलमा तीनदेखि चारजना बस्ने, ओभर स्पिड र सवारीचालक अनुमतिपत्र नभएका बढी दुर्घटनामा परेका उनको भनाइ छ।

चाँदवाग स्कुलको जग्गा सरकारको नाममा ल्याउने प्रक्रिया सुरु

काठमाडौं/ बाँसबारीस्थित चाँदवाग स्कुल रहेको जग्गा सरकारको नाममा फिर्ता ल्याउन पहल सुरु भएको छ। भूमिसुधार तथा मालपोत कार्यालय डिल्लीबजारले सो जग्गा सरकारको नाममा ल्याउने प्रक्रिया अघि बढाएको हो। उक्त जग्गा हाल चौधरी ग्रुपअन्तर्गतको सिजी चाँदवाग रेसिडेन्सी प्रालिको नाममा छ। सरकारी कम्पनी बाँसबारी छाला तथा जुत्ता कारखानाको नाममा रहेको जग्गा किर्ते र ठगी गरी हत्याएको निष्कर्षका आधारमा फिर्ता ल्याउन पहल अघि बढेको हो।

यस विषयमा गृहमन्त्री नारायणकाजी श्रेष्ठले सरोकारवालासँग छलफल गरी उक्त जग्गा सरकारको नाममा फिर्ता ल्याउने प्रक्रिया अघि बढाउन निर्देशन दिएको भूमि व्यवस्था मन्त्रालय स्रोतले बताएको छ। मालपोत कार्यालयले बुधबार चाँदवाग रेसिडेन्सीका अध्यक्ष सञ्जय ठाकुरलाई पत्र लेखी २१ दिनभित्र उपस्थित हुन भनेको छ। पत्रमा भनिएको छ, '... २०८०-१०-२२ को आदेशबमोजिम उक्त जग्गा नेपाल सरकारको नाममा स्रेस्ता अद्यावधिक गरी ल्याउन मिति २०८०-१०-२४ को आदेशबमोजिम त्यस प्रालिका नाममा यो पत्र लेख्ने कार्य भएको छ, पत्र प्राप्त भएको मितिले बाटोको म्यादबाहेक २१ दिनभित्र आफैं वा वारेस मुकरर गरी कार्यालय समयभित्र उपस्थित हुनु होला अन्यथा कानुनबमोजिम भई जाने व्यहोरा जानकारी गराइन्छ।' कम्पनीका अध्यक्ष ठाकुरसहित मुख्य लगानीकर्ता अरुण चौधरी तथा बाँसबारी छाला तथा जुत्ता कारखानाका तत्कालीन अध्यक्ष अजितनारायण सिंह थापालाई प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)ले नियन्त्रणमा लिई अनुसन्धान गरेको थियो। अदालतको आदेशअनुसार उनीहरू बुधबार जमानीमा छुटेका छन्। सिआइबीले जमानीमा छाडेर यस प्रकरणमा अनुसन्धान गरिरहेको छ।

बाँसबारी छाला तथा जुत्ता कम्पनीलाई सहयोग गर्ने नाममा च्याम्पियन फुटवेयर नामक कम्पनी खडा गरी ६ रोपनी जग्गा सस्तोमा खरिद गरेको र पछि चार रोपनी जग्गा सेयर दिएर उक्त कम्पनीले लिएको थियो। तर, जग्गा लिएपछि सो फुटवेयर बन्द भयो। १० रोपनी सरकारी जग्गा हत्याउनकै लागि यसरी गलत निर्णय गराइएको सिआइबीको दाबी छ।

अन्तर्राष्ट्रिय सम्बन्ध समितिको प्रतिनिधिमण्डल फर्कियो

काठमाडौं/ संसद्को अन्तर्राष्ट्रिय सम्बन्ध समितिका सभापति राजकिशोर यादव नेतृत्वको आठ सदस्य र चारजना कर्मचारीसहितको प्रतिनिधिमण्डल एक साता लामो भारत भ्रमणबाट फर्किएको छ। बुधबार बनारस हुँदै स्वदेश फर्केको टोलीले भ्रमण दुई देश तथा संसद्को सम्बन्ध विस्तारमा सफल भएको जनाएको छ।

भ्रमणका क्रममा प्रतिनिधिमण्डलले भारतीय लोकसभाका सभामुख ओम बिरला, विदेशमन्त्री डा. एस जयशंकरदेखि उत्तर प्रदेशका मुख्यमन्त्री योगी आदित्यनाथसँग भेटवार्ता गरेको छ। यस क्रममा उनीहरूले नेपालीका समस्यादेखि दुई देशबीच सांस्कृतिक र कुटुम्ब सम्बन्धबारे चर्चा गरेको जनाएका छन्। 'नेपालबाट धेरैपछि संसदीय टोलीले औपचारिक भारत भ्रमण गरेको हो। जे उद्देश्यले गएका थियौं, भ्रमण सफल भयो,' सभापति यादवले बिहीबार समितिमा पत्रकारसँग भने, 'हाम्रो तहबाट सम्बन्धको सबै पक्षमा छलफल गरेका छौं। दुई देशबीच रोटीबेटीको तहबाट माथि उठेर कुटुम्बको सम्बन्धमा जोड दिएका छौं। हामी कुटुम्ब हौं। कोही दाइभाइ होइन, रोटीबेटी पनि होइन, ठूलासाना पनि होइनौं भन्ने कथ्य स्थापित गरेका छौं।' यादवले भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको पहिलो नेपाल भ्रमणमा नेपालकी सीताविना भारतमा राम अधुरो रहेको भनाइ सबै भेटमा दोहोऱ्याएको बताए।

यादवले भारतीय विदेशमन्त्री डा. जयशंकरसँगको भेटमा नेपाल र भारत दुई सार्वभौम मुलुक भएको, तर दुई देशको कुटुम्ब नाता रहेका कारण भारतको विकासबाट फाइदा लिने अधिकार नेपालसँग रहेको बताएका थिए। 'तपाईंहरूको विकासको लाभ हामीले पाउनुपर्छ। भारतको स्वतन्त्रता आन्दोलनमा नेपाली नेताको भूमिकादेखि भारतको सीमा रक्षामा नेपाली गोर्खाहरूको योगदान नभुल्न आग्रह गर्यौं,' यादवले सुनाए, 'भारतले स्वतन्त्रताको अमृतकाल मनाउने आधार नेपालीले पनि तयार पारेका छन् भन्ने कुरामा उहाँहरूको सहमति थियो। हामी कृपाको पात्र होइनौं, स्वाभाविक सरोकारवाला र साझेदार हौं भन्यौं। उहाँहरूले सहमति जनाउनुभयो।' टोलीले भारतीय लोकसभाका अध्यक्ष ओम बिरलासँग भेटवार्तासँगै संसद्को पुस्तकालय अवलोकन गरेको थियो। सभामुख बिरलाले भारतमा संसद्ले कसरी काम गर्छ भन्ने प्रस्तुतीकरण गरेका थिए।

भारत २०२७ भित्र विश्वको तेस्रो आर्थिक शक्ति र २०४७ पछि पहिलो आर्थिक शक्ति बन्ने गरी अघि बढिरहेको उल्लेख गर्दै भारतीय नेताले सँगै यात्रा गर्ने तयारी थाल्न नेपाललाई सुझाव दिए। 'हामीलाई अब अल्छी बन्ने छुट छैन,' भारतीय विदेश राज्यमन्त्री भी मुरलीधरणको भनाइ उद्धृत गर्दै यादवले सुनाए, 'तपाईं र हामी सँगै यात्रा गरौं।' उत्तर प्रदेशका मुख्यमन्त्री योगीलाई नेपाली टोलीले अयोध्या र जनकपुरधामलाई रामायणको एउटै प्याकेज बनाउन आग्रह गरे।



सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको

धितो रहेको चल/अचल सम्पति लिलाम बिक्रीको १५ (पन्ध्र) दिने सूचना

प्रकाशित मिति: २०८०/१०/२६

यस सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको शाखा कार्यालय बुटवल, रुपन्देहीबाट विभिन्न कर्जा शिर्षक अन्तर्गत कर्जा लिई उपभोग गरेको ऋण कर्जा तथा बैंकिङ्ग सुविधाहरुको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने सावाँ ब्याज समेत चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान गर्न तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकोले ऋणी न्यु बुटवल चश्मा तथा इलेक्ट्रोनिक्स पसल हकमा मिति २०८०/०४/१७ को नेपाल समाचारपत्र राष्ट्रिय दैनिक पत्रिकामा सम्पूर्ण ऋणकर्जा चुक्ता भुक्तान गर्न सम्बन्धमा ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरी ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरु समेतलाई सूचित गर्दा समेत कर्जाको सावाँ ब्याज समेत चुक्ता भुक्तानी गर्न तर्फ कुनै चासो नदेखाएकाले सुरक्षण बापत बैंकको नाममा धितोबन्धक लेखिदिएको तपसिलमा उल्लेखित अचल सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गरिने भएकोले सर्वसाधारणको जानकारीको लागि यो १५ (पन्ध्र) दिने लिलाम बिक्री सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरी गोप्य शिलबन्दी बोलपत्र (टेण्डर) को आव्हान गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले १६ (सोह्र) औं दिनमा सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको शाखा कार्यालय बुटवल, रुपन्देहीमा दिउँसो ४:०० बजे गोप्य शिलबन्दी बोलपत्र (टेण्डर) खोलिनेछ। सो अवधिमा इच्छुक महानुभावहरुले गोप्य शिलबन्दी बोलपत्रद्वारा आफूले बोलकबोल गर्ने रकम सहित तपसिलमा उल्लेखित शर्त बमोजिम बोलपत्र फारम बुझाउन समेत अनुरोध गरिन्छ। सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्री गर्दा पनि बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैंकिङ्ग कसुर तथा सजायका सम्बन्धमा व्यवस्था गर्ने बनेको ऐन २०६४, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सो को नियमावली २०५९ अनुसार ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुको अन्य चल/अचल सम्पत्तिबाट धितोले नखामेको बक्यौता कर्जा रकम असुल उपरका लागि ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरिने व्यहोरा ऋणी, व्यक्तिगत जमानीकर्ताहरु तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ। साथै यस सूचना बमोजिम लिलाम बिक्री हुन नसकेको धितो सम्पत्तिहरु बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७ बमोजिम बैंकले आफै सकार गरी लिन सक्ने व्यहोरा समेत जानकारी गराइएको छ।

तपसिल

कर्जा शिर्षक	**: सिटिजन्स एस.एम.इ अधिविकर्ष र आवधिक कर्जा**
ऋणीको नाम	**: न्यु बुटवल चश्मा तथा इलेक्ट्रोनिक्स पसल**
रजिष्टर्ड ठेगाना	: बुटवल उपमहानगरपालिका वडा नं.-०५, रुपन्देही
रजिष्ट्रेसन नं.	: ८३६/२०७६/७७ (नेपाल सरकार उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग वणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय, भैरहवा रुपन्देही)
पान नं.	: ६१२९५१९५४

फर्मको प्रोप्राईटर तथा जमानीकर्ताको नाम र ठेगाना

१. नाम	**: प्रसिद्ध न्यौपाने**	**२. नाम**	**: प्रकाश पाण्डे**
बाबु	: जीवनारायण न्यौपाने	बाबु	: शोभाखर पाण्डेय
बाजे	: पदमपाणी न्यौपाने	बाजे	: धनपति पाण्डे
ठेगाना	: अर्बेनी गा.वि.स-०८, गुल्मी	ठेगाना	: देवदह न.पा-०४, रुपन्देही
हालको ठेगाना	: बुटवल उपमहानगरपालिका-०५, रुपन्देही	हालको ठेगाना	: देवदह न.पा-०२, रुपन्देही
ना.प्र.नं.	: ४११०३०/९४५७१	ना.प्र.नं.	: १/९२५१
जारी मिति	: २०६७/११/२५	जारी मिति	: २०५७/०४/०६
जि.प्र.का.	: गुल्मी	जि.प्र.का.	: रुपन्देही

जमानीकर्ताहरुको नाम र ठेगाना

१. नाम	**: टिका पराजुली (पाण्डे)**	**२. नाम**	**: सपना पाण्डे**
बाबु	: एक नारायण पराजुली	बाबु	: शिवलाल पाण्डे
पति	: प्रकाश पाण्डे	पति	: प्रसिद्ध न्यौपाने
ससुरा	: शोभाखर पाण्डेय	ससुरा	: जीवनारायण न्यौपाने
ठेगाना	: देवदह न.पा गा.वि.स-०२, रुपन्देही	ठेगाना	: जहदा गा.वि.स-०७, नवलपरासी
हालको ठेगाना	: देवदह न.पा गा.वि.स-०२, रुपन्देही	हालको ठेगाना	: बुटवल उपमहानगरपालिका-०५, रुपन्देही
ना.प्र.नं.	: ३७-०२-७१-१४१५२	ना.प्र.नं.	: ३६१०६१/१०१
जारी मिति	: २०७१/०८/१६	जारी मिति	: २०७०/०१/२७
जि.प्र.का.	: रुपन्देही	जि.प्र.का.	: नवलपरासी

धितो राखिएको सम्पत्तिको विवरण

धितो सुरक्षण धनीको नाम : प्रकाश पाण्डे

सि.नं.	जिल्ला	न.पा./गा.पा.	वडा नं/नक्सा सिट नं.	कि.नं.	क्षेत्रफल (विगाहा)	कैफियत
१.	रुपन्देही	केरवानी	३/३/ग	३४०	(०-१-२.५-०)	सो जग्गामा निर्माण भएको तथा पछि भविष्यमा निर्माण हुने सम्पूर्ण भवनहरु तथा सो को लिगलगापात समेत ।
२.	रुपन्देही	केरवानी	३/३/ग	३३०	(०-०-६.७५-०)	
३.	रुपन्देही	केरवानी	३/३/ग	३४३	(०-०-१९-०)	
४.	रुपन्देही	केरवानी	३/३/ग	३४७	(०-४-७-०)	
५.	रुपन्देही	केरवानी	३/३/ग	३३४	(०-१-२.२५-०)	
६.	रुपन्देही	केरवानी	३/३/ग	३२८	(०-०-६.२५-०)	

माथि उल्लिखित अचल सम्पत्तिका अतिरिक्त यस बैंकलाई पठाएको मौज्दातको विवरण अनुसारको स्टक मौज्दात लगायत फर्मले उठाउन बाँकी सम्पूर्ण रकम कलम (Entire Receivables) सहित ।

धितो लेखिदिने तथा व्यक्तिगत जमानत दिनेलाई सूचना

उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै सूचनाको म्याद भित्र शीघ्र कर्जा भुक्तानी गरी गराई आफ्नो सम्पत्ति उचित संरक्षण गर्नु हुन समेत यसै सूचनाबाट अनुरोध गरिएको छ, तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुने भएकोले लिलाम हुँदाका दिन लिलामबाट कायम हुने धितो मूल्य घटी वा बढी हुने प्रक्रियामा समेत धितो धनीहरुलाई उपस्थित हुन सूचित गरिएको छ। धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गरी वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मूल्याङ्कनभन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लिएमा पछि मेरो/हाम्रो सम्पत्तिको उचित मुल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लियो भनी कही कतै उजुर गर्न पाउनु हुने छैन ।

लिलाम बिक्रीको बारेमा जानकारी एवं शर्तहरु :

१. गोप्य शिलबन्दी बोलपत्र दाताले आफूले कबुल गरेको जम्मा रकमको १० (दश) प्रतिशतले हुने रकम धरौटी बापत यस बैंकको नाममा खिचिएको कुनै पनि वाणिज्य बैंकको

एसजेवीएन अरूण-3 पॉवर डवलपमेंट कंपनी प्रा. लि.
SJVN Arun-3 Power Development Company Pvt. Ltd.
(एसजेवीएन की पूर्ण स्वामित्व वाली अधीनस्थ कंपनी)
(A wholly owned subsidiary of SJVN)
900 मेगावाट अरूण-3 जलविद्युत परियोजना
900 MW Arun-3 Hydro Power Project
Regd. No.: 111808/69/070

एसएपीडीसी SAPDC

PRESS NOTICE

SJVN Arun-3 Power Development Company (P) Ltd. (SAPDC) invites sealed open tender enquiries from the eligible bidders/contractors of Nepal as per the following details:

Contract No.	Description of Work	Publishing date on websites	Last date for Submission/ Opening of bid Proposals
PPR-174/2024	Supply, Installation & Commissioning of IT Equipment's for network security and implementation in existing network of SAPDC office complex	09.02.2024	**Submission:** at (Tumlingtar Office) 01.03.2024 upto 1500 Hrs. **Opening:** at (Tumlingtar Office) 03.03.2024 at 1600 Hrs.

Bids are to be submitted either by post/Courier or physically in the SAPDC office at **Tumlingtar,** Distt. Sankhuwasabha, Nepal. The Tender Documents can be downloaded from websites: **https://sapdc.com.np** & **http://sjvn.nic.in/tender.htm**
Further, Amendment(s) / Notification(s) etc. shall be issued on above websites only.

Sd/-
Chief Engineer (P&C),
SAPDC, Satluj Bhawan, Arun Sadan,
Tumlingtar, Distt. Sankhuwasabha, Nepal.
Tel.: +977-29-575154
e-mail: pnc.sapdc@sjvn.nic.in

■ रौतहट पुगेर ओलीले भने-

एमालेमा आगो लगाएर माधव नेपाल गठबन्धनलाई घर भन्दै हिँडे

रौतहटमा **अशोक पहाडी**

एमाले अध्यक्ष केपी ओलीले आफूले बनाएको विशाल घरमा आगो लगाएर माधव नेपालले गठबन्धनलाई घर भन्दै हिँडेको बताएका छन् । एमाले रौतहटको दशौँ जिल्ला अधिवेशनको बिहीबार उद्घाटन गर्दै अध्यक्ष ओलीले गठबन्धनले निकालेपछि नेपाल घर न घाटका हुने टिप्पणी गरे ।

'एमालेले पार्टीको प्रमुख १५ वर्ष बनायो । हामीले उनलाई उपप्रधानमन्त्री, प्रधानमन्त्री बनायौँ,' ओलीले भने, 'अहिले त काठमाडौँतिरै छन् । गठबन्धन भत्कन दिन्नँ, घरमा आगो लगाउँदिनँ, गठबन्धन त मेरो घर हो भन्दै हिँड्छन् ।' आफैँले बनाएको विशाल पार्टी दुईतिहाइ पुगेपछि माधव नेपालले पार्टी फोड्ने, सरकार ढाल्ने र कांग्रेसको पाउमा लगेर सरकार बुझाउने कामको अगुवाइ गरेको अध्यक्ष ओलीले जिकिर गरे । गठबन्धनको पछि लाग्दा पनि माधव नेपालको पार्टी राष्ट्रिय पार्टी बन्न नसकेको भन्दै उनले अर्को चुनावमा त्यो हैसियत पनि नहुने बताए । 'अहिले पनि तिनको पार्टी राष्ट्रिय पार्टी छैन । अहिले स्वतन्त्र सांसदको हैसियतमा छन् । अर्कोपटक त्यो हैसियत समाप्त हुन्छ । अब अर्कोपल्ट चुनाव पनि जित्दैनन् । जित्न पनि दिनुहुँदैन,' उनले थपे ।



उनले एमाले सरकारमा हुँदा पैसाको अभावले विकास निर्माणको कुनै काम नरोकिएको चर्चा गर्दै त्यसवेला एमालेले सुरु गरेका विकास आयोजना अहिलेको सरकारले अघि बढाउन नसकेको जिकिर गरे । एमाले सरकारले बनाएको पोखरा विमानस्थल गठबन्धन सरकारले सञ्चालन गर्नसमेत नसकेको उनको भनाइ थियो । देशको जर्जर अवस्थाको कारण गठबन्धन सरकार नै भएको भन्दै उनले गठबन्धन सरकारले देश चलाउन नसक्ने दाबी गरे । पटकपटक नेपालप्रति आक्रोश व्यक्त गरेका ओलीले माधव नेपालकै कारण रौतहटमा विकास हुन नसकेको आरोपसमेत लगाए ।

कामना सेवा विकास बैंक लि.
Kamana Sewa Bikas Bank Ltd.
केन्द्रीय कार्यालय:
ज्ञानेश्वर-३०, काठमाण्डौं
फोन नं.: ०१-४५४०११५/१६६
टोल फ्रि नं.:१६६००-११-३०००
Email: customercare@kamanasewabank.com
www.kamanasewabank.com

कर्जा चुक्ता भुक्तानी गर्न आउने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति : २०८०/१०/२६

तपसिलमा उल्लेखित तपाई ऋणीहरुले यस विकास बैंकको विभिन्न शाखा कार्यालयबाट विभिन्न कर्जा शीर्षक अर्न्तगत कर्जा लिनु भई बैंक र तहाँहरुबीच भएको सहमति अनुसार तोकिएको तालिका बमोजिम कर्जाको साँवा, ब्याज, हर्जाना, तथा अन्य दे-दस्तुर आदि नियमित रुपमा बुझाउनु पर्नेमा नतिरी नबुझाई लामो समय देखि बक्यौता राखी बैंकसँग गरे को कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले, बैंकले कर्जा चुक्ता भुक्तानीको लागि ऋणी तथा व्यक्तिगत धनजमानीकर्ताहरुलाई पटक पटक मौखिक तथा लिखित रुपमा जानकारी तथा ताकेता गर्दा समेत कर्जा बुझाउने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी बस्नु भएकोले तपाईँ तपसिलमा उल्लेखित ऋणी, एवं व्यक्तिगत धनजमानी दिनेका नाममा कर्जा चुक्ता भुक्तानी गर्न आउने/लगाउने बारेको यो ३५ (पैंतिस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । अतः यो सूचना प्रकाशित भएको मितिले ३५ (**पैंतिस**) **दिनभित्र** यस बैंकमा सम्पर्क राखी आफूले लिए खाएको कर्जाको बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज, हर्जाना तथा अन्य दे-दस्तुर समेत चुक्ता भुक्तान गर्नुहोला । साथै, धितो जमानी तथा व्यक्तिगत जमानीकर्ताले समेत कर्जा चुक्ता भुक्तान गर्न लगाउनु हुन यसै सूचनाद्वारा सूचित गरिन्छ । अन्यथा धितो सुरक्षण बापत तपाईले यस बैंकको नाममा लेखी/लेखाई दिएको सम्पत्ति (घर/जग्गा तथा सवारी) जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, नेपाल राष्ट्र बैंकबाट बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरेको एकीकृत निर्देशन तथा सोको प्रतिस्थापनमा आउने निर्देशन, परिपत्रहरु, बैंकको कर्जा असुली नीति, तथा अन्य सम्बद्ध ऐन, कानूनले दिएको अधिकार प्रयोग गरी धितोमा रहेको सम्पत्ति लिलाम बिक्री वा अन्य कुनै उपयुक्त व्यवस्था गरी बैंकको बाँकी लेना रकम असुलउपर गरिने व्यहोरा यसै सूचनाबाट सूचित गरिन्छ । कथंकदाचित धितो लेखिदिएको सम्पत्ति कच्चा नकरा ठहरी वा अन्य कुनै कारणले लिलाम हुन नसकेमा वा लिलाम बिक्री हुँदा समेत यस बैंकको सम्पूर्ण लेना रकम असुलउपर नभएमा तपाईहरुले कर्जा लिंदाका बखत यस बैंकलाई गरिदिएको लिखत अनुसार तपाईँहरुको घरघरानाको अन्य चलअचल सम्पत्तिबाट असुलउपर गर्नको लागि आवश्यक कानूनी कारबाही अघि बढाइने व्यहोरा समेत जानकारी गराइन्छ । साथै तपसिलमा उल्लेखित ऋणीहरुले यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र बैंकबाट लिएको कर्जाको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा नेपाल राष्ट्र बैंकको कर्जा सूचना तथा कालोसूची सम्बन्धी व्यवस्था तथा निर्देशन बमोजिम कर्जा सूचना केन्द्र लिमिटेडमा कालोसूचीमा नाम समावेश गर्नको लागि तिनपुस्ते विवरण सहित सिफारिस गरी पठाईने व्यहोरा समेत सम्बन्धित ऋणी, धितो/धनजमानतकर्ता तथा सम्बन्धित पक्ष सबैलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

तपसिल

ऋणीको विवरण	धितो/धनजमानीकर्ताहरुको विवरण
१. **ऋणी: श्रीपती मेटल इण्डष्ट्रिज प्रा.लि** **दर्ता.नं.: २२८९५७/०७६/०७७** ठेगाना : सुन्दरहरैचा न.पा वडा नं.०३, मोरङ्ग जारी गर्ने कार्यालय : कम्पनी रजिष्ट्राको कार्यालय, त्रिपुरेश्वर काठमाडौं स्थायी लेखा नं.: ६०९६६७०९९ **अख्तियार प्राप्त व्यक्ति/धनजमानीकर्ता : जिवन कुमार खड्का** **ना.प्र.नं.: ३३७४** जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, उदयपुर बाबु : श्री वहादुर खड्का बाजे : सेर बहादुर खड्का ठेगाना : उदयपुर जिल्ला ठोक्सिला -०१, हाल मोरङ जिल्ला सुन्दरहरैचा न.पा. वडा नं ०३ **शाखा कार्यालय : केरावारी** **कर्जा शीर्षक : मध्यम व्यापार कर्जा आवधिक तथा व्यापार कर्जा (अधिविकर्ष र आवधिक) साथै जिवन कुमार खड्काको व्यक्तिगत नाममा प्रवाह भएको ओडी कार्ड कर्जा समेत** **धितो/धनजमानीकर्ताहरुको विवरण** **जानुका पौडेल** **ना.प्र.नं.: ०५१०२६/४९०** जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, मोरङ्ग पतिः रोहित रिजाल ससुराः कृष्ण प्रसाद रिजाल ठेगानाः मोरङ्ग जिल्ला दुलारी-०१, हाल सुन्दरहरैचा न.पा वडा नं.०५ **लेखराज रिजाल** **ना.प्र.नं.: ०५२०२०/७५१५** जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, मोरङ्ग, उर्लावारी बाबु : कृष्ण प्रसाद रिजाल बाजे : गंगा सागर रिजाल ठेगाना : मोरङ जिल्ला डाँगीहाट -०९ हाल सुन्दरहरैचा न.पा वडा नं.०५ **अबिन कुमार रिजाल** **ना.प्र.नं.: ०५२०२०/७४९३** जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, मोरङ्ग, उर्लावारी बाबु : कृष्ण प्रसाद रिजाल बाजे : गंगा सागर रिजाल ठेगाना : मोरङ जिल्ला डाँगीहाट -०६, हाल सुन्दरहरैचा न.पा वडा नं ०५ **दुर्गा अधिकारी** **ना.प्र.नं.: ९२७८/६७१** जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, मोरङ्ग पति : कृष्ण प्रसाद रिजाल ससुरा : गंगा सागर रिजाल ठेगाना : मोरङ्ग जिल्ला हसन्दह -०६, हाल सुन्दरहरैचा न.पा.वडा नं. ५	**श्री बहादुर खड्का** **ना.प्र.नं.: ७५३३** जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, संखुवासभा बाबु : सेर बहादुर खड्का बाजे : कर्ण बहादुर खड्का ठेगाना : संखुवासभा जिल्ला खादबारी-०३ हाल मोरङ जिल्ला सुन्दरहरैचा न.पा वडा नं. ०३ **रिता खड्का** **ना.प्र.नं.: १०५३०२६/५५५** जारी गर्ने कार्यालयः जिल्ला प्रशासन कार्यालय, मोरङ पति : जीवन कुमार खड्का ससुरा : श्री बहादुर खड्का ठेगाना : मोरङ जिल्ला दुलारी -०८, हाल सुन्दरहरैचा न.पा वडा नं ०३ **टंक बहादुर श्रेष्ठ** **ना.प्र.नं.: ४०१४** जारी गर्ने कार्यालयः जिल्ला प्रशासन कार्यालय, मोरङ बाबु : पदम वहादुर श्रेष्ठ बाजे : श्री नारायण श्रेष्ठ ठेगाना : मोरङ जिल्ला, सुन्दरपुर -०४, हाल सुन्दरहरैचा न.पा वडा नं.०३ **यज्ञ बहादुर श्रेष्ठ** **ना.प्र.नं.: ४/८५७९** जारी गर्ने कार्यालयः जिल्ला प्रशासन कार्यालय, मोरङ्ग बाबु : टंक बहादुर श्रेष्ठ बाजे : पदम वहादुर श्रेष्ठ ठेगाना : मोरङ्ग जिल्ला सुन्दरपुर -०४ हाल सुन्दरहरैचा न.पा वडा नं ०६ **यशोदा देवी श्रेष्ठ** **ना.प्र.नं.: ९७८/२०७** जारी गर्ने कार्यालयः जिल्ला प्रशासन कार्यालय, मोरङ पति : टंक बहादुर श्रेष्ठ ससुरा : पदम वहादुर श्रेष्ठ ठेगाना : मोरङ जिल्ला, सुन्दरपुर -०४ हाल सुन्दरहरैचा न.पा वडा नं ०६ **याम कुमारी श्रेष्ठ** **ना.प्र.नं.: ०४१०१४/२०८२** जारी गर्ने कार्यालयः जिल्ला प्रशासन कार्यालय, झापा पति : मेनु प्रसाद श्रेष्ठ ससुरा : टंक बहादुर श्रेष्ठ ठेगाना : झापा जिल्ला गरामनी -०७, हाल मोरङ जिल्ला सुन्दरहरैचा न.पा वडा नं ०६ **लक्ष्मी कुमारी श्रेष्ठ** **ना.प्र.नं.: ०६१००५/१२८६९३** जारी गर्ने कार्यालयः जिल्ला प्रशासन कार्यालय, सुनसरी पति : यज्ञ बहादुर श्रेष्ठ ससुरा : टंक बहादुर श्रेष्ठ ठेगाना : सुनसरी जिल्ला ईटहरी -०७, हाल मोरङ जिल्ला सुन्दरहरैचा न.पा. वडा नं ०६
टिकादेवी पौडेल **ना.प्र.नं.: ०५१०२६/४८९** जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, मोरङ्ग पति : लेखराज रिजाल ससुरा : कृष्ण प्रसाद रिजाल ठेगाना : मोरङ्ग जिल्ला, दुलारी -०१ हाल सुन्दरहरैचा न.पा.वडा नं.०५ **सविना मण्डल** **ना.प्र.नं.: ०५-०१-७३-०८१९४** जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, मोरङ्ग पति : श्रवण मण्डल ससुरा : इन्द्र मण्डल धानुक ठेगाना : मोरङ्ग जिल्ला सुन्दर दुलारी न.पा वडा नं ०८, हाल सुन्दरहरैचा न.पा वडा नं ०३ **रोहित रिजाल** **ना.प्र.नं.: ७२७९८** जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, मोरङ बाबु : कृष्ण प्रसाद रिजाल बाजे : गंगा सागर रिजाल ठेगाना : मोरङ जिल्ला डाँगीहाट -०९ हाल सुन्दरहरैचा न.पा.वडा नं.०५	**श्रवण मण्डल** **ना.प्र.नं.: ०५१०२६/८५३** जारी गर्ने कार्यालयः जिल्ला प्रशासन कार्यालय, मोरङ्ग बाबु : इन्द्र मण्डल धानुक बाजे : झपसु मण्डल ठेगाना : मोरङ्ग जिल्ला दुलारी -०८, हाल सुन्दरहरैचा न.पा वडा नं.०३ **मिना देवी मंडल** **ना.प्र.नं.: ६२९६२** जारी गर्ने कार्यालयः जिल्ला प्रशासन कार्यालय, मोरङ पति : इन्द्र मण्डल धानुक ससुरा : झपसु मण्डल ठेगाना : मोरङ जिल्ला, दुलारी -०८, हाल सुन्दरहरैचा न.पा वडा नं ०३ **संगम खड्का** **ना.प्र.नं.: ०५-०१-७६-०३९५०** जारी गर्ने कार्यालयः जिल्ला प्रशासन कार्यालय, मोरङ्ग बाबु : जिवन कुमार खड्का बाजे : श्री वहादुर खड्का ठेगानाः मोरङ जिल्ला सुन्दरहरैचा न.पा वडा नं. ०३ **(नोटः संगम खड्का ओडी कार्ड कर्जामा मात्र धनजमानी रहेको)**

ऋणीको विवरण	धितो/धनजमानीकर्ताहरुको विवरण
२. **ऋणी: बिन्दवासिनी गूल उद्योग** **प्रा.फ.न.घ.य.मो: १३३७५/०७३/०७४** ठेगाना : सुन्दरहरैचा न.पा वडा नं. ०५, मोरङ्ग जारी गर्ने कार्यालय : घरेलु तथा साना उद्योग कार्यालय मोरङ (विराटनगर) स्थायी लेखा नं.: ६१३०२८२७७ **प्रोप्राइटर/धनजमानीकर्ता : रोहित रिजाल** **ना.प्र.नं.: ७२७९८** जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, मोरङ बाबु : कृष्ण प्रसाद रिजाल बाजे : गंगा सागर रिजाल ठेगाना : मोरङ जिल्ला डाँगीहाट-०९ हाल सुन्दरहरैचा न.पा.वडा नं.०५ **शाखा कार्यालय : केरावारी** **कर्जा शीर्षक : सजिलो व्यवसाय कर्जा** **धनजमानीकर्ताको विवरण** **दुर्गा अधिकारी** **ना.प्र.नं.: ९२७८/६७१** जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, मोरङ्ग पति : कृष्ण प्रसाद रिजाल ससुरा : गंगा सागर रिजाल ठेगाना : मोरङ्ग जिल्ला हसन्दह -०६, हाल सुन्दरहरैचा न.पा.वडा नं. ५	**जानुका पौडेल** **ना.प्र.नं.: ०५१०२६/४९०** जारी गर्ने कार्यालयः जिल्ला प्रशासन कार्यालय, मोरङ्ग पति : रोहित रिजाल ससुरा : कृष्ण प्रसाद रिजाल ठेगाना : मोरङ्ग जिल्ला दुलारी -०१, हाल सुन्दरहरैचा न.पा वडा नं.०५ **टिकादेवी पौडेल** **ना.प्र.नं.: ०५१०२६/४८९** जारी गर्ने कार्यालयः जिल्ला प्रशासन कार्यालय, मोरङ्ग पति : लेखराज रिजाल ससुरा : कृष्ण प्रसाद रिजाल ठेगाना : मोरङ्ग जिल्ला, दुलारी -०१ हाल सुन्दरहरैचा न.पा वडा नं.०५ **लेखराज रिजाल** **ना.प्र.नं.: ०५२०२०/७५१५** जारी गर्ने कार्यालयः जिल्ला प्रशासन कार्यालय, मोरङ्ग, उर्लावारी बाबु : कृष्ण प्रसाद रिजाल बाजे : गंगा सागर रिजाल ठेगाना : मोरङ जिल्ला डाँगीहाट -०९ हाल सुन्दरहरैचा न.पा वडा नं.०५ **अबिन कुमार रिजाल** **ना.प्र.नं.: ०५२०२०/७४९३** जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, मोरङ्ग बाबु : कृष्ण बहादुर थापा बाजे : भैर बहादुर थापा ठेगाना : मकवानपुर जिल्ला बसामाडी -०१, हाल हेटौडा उ.म.न.पा वडा नं १९ **लक्ष्मी थापा** **ना.प्र.नं. : ३९१०२२/८८०५६** जारी गर्ने कार्यालयः जिल्ला प्रशासन कार्यालय, मकवानपुर पति : शरण बहादुर थापा ससुरा : कृष्ण बहादुर थापा ठेगाना : मकवानपुर जिल्ला बसामाडी -०१, हाल हेटौडा -१९
३. **ऋणी: श्रीपती हार्डवेयर** **प्रा.फ.र.नं : ९८५४/०७७/०७८** ठेगाना : बराहक्षेत्र न.पा वडा नं ०५, सुनसरी जारी गर्ने कार्यालय : घरेलु तथा साना उद्योग कार्यालय इटहरी, सुनसरी स्थायी लेखा नं.: ३०५३४७८१३ **प्रोप्राइटर/धनजमानीकर्ता : जिवन कुमार खड्का** **ना.प्र.नं.: ३३७४** जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, उदयपुर बाबु : श्री वहादुर खड्का बाजे : सेर बहादुर खड्का **ठेगाना : उदयपुर जिल्ला ठोक्सिला -०१, हाल मोरङ जिल्ला सुन्दरहरैचा न.पा. वडा नं ०३** **शाखा कार्यालय : केरावारी** **कर्जा शीर्षक : साना व्यापार कर्जा (अधिविकर्ष)**	**श्री बहादुर खड्का** **ना.प्र.नं.: ७५३३** जारी गर्ने कार्यालयः जिल्ला प्रशासन कार्यालय, संखुवासभा बाबु : शेर बहादुर खड्का बाजे : कर्ण बहादुर खड्का ठेगाना : संखुवासभा जिल्ला खादबारी -०३ हाल मोरङ जिल्ला सुन्दरहरैचा न.पा वडा नं. ०३ **रिता खड्का** **ना.प्र.नं.: १०५३०२६/५५५** जारी गर्ने कार्यालयः जिल्ला प्रशासन कार्यालय, मोरङ पति : जीवन कुमार खड्का ससुरा : श्री बहादुर खड्का ठेगाना : मोरङ जिल्ला दुलारी -०८, हाल सुन्दरहरैचा न.पा वडा नं ०३ **संगम खड्का** ना.प्र.नं.: ०५-०१-७६-०३९५० जारी गर्ने कार्यालयः जिल्ला प्रशासन कार्यालय, मोरङ बाबु : जिवन कुमार खड्का बाजे : श्री वहादुर खड्का ठेगानाः मोरङ जिल्ला सुन्दरहरैचा न.पा वडा नं. ०३
४. **ऋणी: आर.एस. इन्टरप्राइजेज** **प्रा.फ.र.नं.: २३७७/४७८/२०६६/०६७** ठेगाना : बसामाडी -०१, मकवानपुर दर्ता गर्ने कार्यालयः : घरेलु तथा साना उद्योग कार्यालय, मकवानपुर, हेटौडा स्थायी लेखा नं. : ३०३९०७९३२ **प्रोप्राइटर/धनजमानीकर्ता : राम कुमार थापा** **ना.प्र.नं. : २७/११७७** जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, मकवानपुर बाबु : शरण बहादुर थापा बाजे : कृष्ण बहादुर थापा ठेगाना : मकवानपुर जिल्ला बसामाडी-०१, हाल हेटौडा उ.म.न.पा वडा नं १९ **शाखा कार्यालय : हेटौडा** **कर्जा शीर्षक : साना व्यापार अधिविकर्ष कर्जा तथा राम कुमार थापाको नाममा प्रवाह भएको सवारी कर्जा**	**संगिता विष्ट** **ना.प्र.नं. : ३९३०३७/२३३** जारी गर्ने कार्यालयः जिल्ला प्रशासन कार्यालय, मकवानपुर पति : राम कुमार थापा ससुरा : शरण बहादुर थापा ठेगाना : मकवानपुर जिल्ला दामन -०१, हाल हेटौडा उ.म.न.पा वडा नं १९ **शरण बहादुर थापा** **ना.प्र.नं. : ८** जारी गर्ने कार्यालयः जिल्ला प्रशासन कार्यालय, मकवानपुर बाबु : कृष्ण बहादुर थापा बाजे : भैर बहादुर थापा ठेगाना : मकवानपुर जिल्ला बसामाडी -०१, हाल हेटौडा उ.म.न.पा वडा नं १९ **लक्ष्मी थापा** **ना.प्र.नं. : ३९१०२२/८८०५६** जारी गर्ने कार्यालयः जिल्ला प्रशासन कार्यालय, मकवानपुर पति : शरण बहादुर थापा ससुरा : कृष्ण बहादुर थापा ठेगाना : मकवानपुर जिल्ला बसामाडी -०१, हाल हेटौडा -१९
५. **ऋणी: रचना कृषि फार्म** **प्रा.फ.दर्ता नं. : १५०६/५०४** ठेगाना : हेटौडा उ.म.न.पा वडा नं १९, मकवानपुर जारी गर्ने कार्यालयः : घरेलु तथा साना उद्योग कार्यालय, हेटौडा, मकवानपुर स्थायी लेखा नं. : ६११३३२४४२ **प्रोप्राइटर/धनजमानीकर्ता : संगिता विष्ट** **ना.प्र.नं. : ३९३०३७/२३३** जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, मकवानपुर पति : राम कुमार थापा ससुरा : शरण बहादुर थापा ठेगाना : मकवानपुर जिल्ला दामन -०१, हाल हेटौडा उ.म.न.पा वडा नं १९ **शाखा कार्यालय : हेटौडा** **कर्जा : सहुलियत ब्याजदर कर्जा तथा संगिता विष्टको नाममा प्रवाह भएको ओडि कार्ड कर्जा समेत**	**राम कुमार थापा** **ना.प्र.नं. : २७/११७७** जारी गर्ने कार्यालयः जिल्ला प्रशासन कार्यालय, मकवानपुर बाबु : शरण बहादुर थापा बाजे : कृष्ण बहादुर थापा ठेगाना : मकवानपुर जिल्ला बसामाडी-०१, हाल हेटौडा उ.म.न.पा वडा नं १९ **शरण वहादुर थापा** **ना.प्र.नं. : ८** जारी गर्ने कार्यालयः जिल्ला प्रशासन कार्यालय, मकवानपुर बाबु : कृष्ण बहादुर थापा बाजे : भैर बहादुर थापा ठेगाना : मकवानपुर जिल्ला बसामाडी -०१, हाल हेटौडा उ.म.न.पा वडा नं १९ **लक्ष्मी थापा** **ना.प्र.नं. : ३९१०२२/८८०५६** जारी गर्ने कार्यालयः जिल्ला प्रशासन कार्यालय, मकवानपुर पति : शरण बहादुर थापा ससुरा : कृष्ण बहादुर थापा ठेगाना : मकवानपुर जिल्ला बसामाडी -०१, हाल हेटौडा उ.म.न.पा वडा नं १९

नोट : यस बैंकबाट कर्जा लिई तोकिएको तालिका बमोजिम साँवा ब्याज नियमित रुपमा नबुझाई भाखा नघाई बस्नु भएका अन्य ग्राहकहरुलाई समेत नियमित रुपमा किस्ता बुझाउनको लागि यसै सूचनाद्वारा जानकारी गराईन्छ । अन्यथा ऋणी, धितो तथा व्यक्तिगत धनजमानतकर्ताको तिनपुस्ते विवरण सहित राष्ट्रिय स्तरका पत्रिकामा यसै बमोजिमको सूचना प्रकाशन गरिने व्यहोरा सूचित गरिन्छ ।

संक्षेप

इटहरीका सबै विद्यालयमा एउटै पोसाक

इटहरी/ इटहरी उपमहानगरपालिकाले नगरभित्रका सबै विद्यालयमा एउटै पोसाक लागू गर्ने भएको छ । विद्यार्थीबीच बढ्दै गएको असमानता मध्यनजर गरेर यस्तो निर्णय लिइएको इटहरी उपमहानगरले जनाएको छ । नगर शिक्षा समिति इटहरीले विद्यार्थीको पोसाकमा विविधता देखिएको भन्दै एकरूपता ल्याउन बिहीबार यस्तो निर्णय गरेको नगर प्रमुख हेमकर्ण पौडेलले बताए । नगरपालिकाले विद्यालयमा टाई हटाएर भादगाउँले टोपी लगाउने निर्णय गरेको छ । उपमहानगरका कर्मचारी र जनप्रतिनिधिका छोराछोरीलाई अनिवार्य रूपमा सामुदायिक विद्यालयमा नै पढाउनुपर्ने निर्णयसमेत भएको छ । इटहरीमा एक सय ३४ निजी र ३६ सामुदायिक विद्यालय छन् । सबै विद्यालयमा गरी ६३ हजार पाँच सय २६ विद्यार्थी अध्ययनरत छन् ।

एमाले दोलखाको अध्यक्षमा श्रेष्ठ

दोलखा/ एमाले दोलखाको १०औँ जिल्ला अधिवेशनबाट अध्यक्ष पदमा नरबहादुर श्रेष्ठ निर्वाचित भएका छन् । प्रतिस्पर्धी ईश्वरचन्द्र पोखरेल र भरत दुलाललाई पराजित गर्दै श्रेष्ठ अध्यक्ष पदमा निर्वाचित भएका हुन् । उपाध्यक्षमा राजेन्द्र मानन्धर, सचिवमा स्वयमबहादुर खड्का, उपसचिवमा खुला पुरुषतर्फ हरि ओली र महिलातर्फ कमला बस्नेत निर्वाचित भएको निर्वाचन समितिले जनाएको छ ।

दुर्घटनामा एकको मृत्यु

उदयपुर/ मोटरसाइकल दुर्घटना हुँदा यहाँ एकजनाको मृत्यु भएको छ भने अर्का एक घाइते भएका छन् । बिहीबार मदन भण्डारी राजमार्गको गाईघाट-बेल्टार सडकखण्डअन्तर्गत त्रियुगा नगरपालिका-१३ असारीमा प्रदेश १-०५-००१-४०८५ नम्बरको मोटरसाइकल दुर्घटना भएको हो । दुर्घटनामा त्रियुगा नगरपालिका-११ पुरानो पेट्रोलपम्पका २२ वर्षीय किरण कटुवालको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय उदयपुरका डिएसपी हरिनन्द चौधरीले जानकारी दिए । गम्भीर घाइते भएका कटुवालको जिल्ला अस्पताल उदयपुरमा उपचारका क्रममा मृत्यु भएको हो । मोटरसाइकलको पछाडि सवार त्रियुगा- १० बाँसबारीका २१ वर्षीय सुनील दाहाल घाइते छन् ।

मावल हिँडेका खड्का भिरमा मृत फेला

ताप्लेजुङ/ सिरिजंघा गाउँपालिकामा एक व्यक्ति मृत फेला परेका छन् । पाँचथर याङवरक गाउँपालिका- २ थर्पु घर भई हाल सिरिजंघा गाउँपालिका- २ आम्बेगुदिनस्थित ससुराली बस्दै आएका ३३ वर्षीय हरि खड्का बिहीबार बिहान मृत फेला परेका हुन् । जिल्ला प्रहरी कार्यालय ताप्लेजुङका सूचना अधिकारी प्रहरी निरीक्षक कलमकुमार लुंगेलीले खड्का स्थानीय महभिरमा मृत अवस्थामा भेटिएको बताए । निबुखोलानजिकै महभिरको फेदीमा स्थानीयले शव देखेपछि प्रहरीलाई खबर गरेका थिए । बुधबार मध्याह्नतिर सोही गाउँपालिका- १ सिनाम मावलीघर जान्छु भनी खड्का घरबाट निस्किएका थिए । मावली घर नपुगेको र अबेरसम्म घर पनि नफर्किएपछि उनको खोजतलास हुँदै आएको प्रहरीले जनाएको छ ।

नक्कली नोटसहित पाँच पक्राउ

बारा/ जिल्ला प्रहरी कार्यालय बाराले हजार दरका ६१ थान नक्कली नेपाली नोटसहित पाँचजनालाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा बारा परवानीपुर गाउँपालिका- ५ का सुमित साह, सन्तोष पटेल, पर्साको वीरगन्ज महानगरपालिका- १० का विशालकुमार श्रीवास्तव, नीरज श्रीवास्तव र सर्लाहीको चन्द्रनगर गाउँपालिकाका ४४ वर्षीय रामचन्द्र महतो कोइरी छन् । विशेष सूचनाका आधारमा उनीहरूलाई नक्कली नोटको कारोबार गरिरहेको अवस्थामा विभिन्न ठाउँबाट पक्राउ गरिएको प्रहरी नायब उपरीक्षक दधिराम न्यौपानेले जानकारी दिए । उनीहरूको साथबाट हजार दरका ६१ थान नक्कली नोट र भारतीय सीमकार्डसहितको मोबाइल सात थान बरामद भएको उनले बताए ।

आगोले जलेर रम्तेलको मृत्यु

मकवानपुर/ आगोले जलेर गम्भीर घाइते भएकी मकवानपुर भीमफेदी गाउँपालिकाकी एक महिलाको बिहीबार बिहान मृत्यु भएको छ । भीमफेदी गाउँपालिका- ६ तारगाउँ बस्ने ईश्वरी मिजारकी श्रीमती ४५ वर्षीया पार्वती रम्तेलको मृत्यु भएको मकवानपुर प्रहरीले जानाएको छ । मकवानपुर प्रहरी प्रवक्ता डिएसपी लक्ष्मी भण्डारीका अनुसार कीर्तिपुरमा रहेको बर्न अस्पतालमा उपचारका क्रममा उनको मृत्यु भएको हो । आफ्नै घरमा आगो ताप्ने क्रममा गत शुक्रबार साँझ साडीबाट शरीरमा आगो सल्किएर रम्तेल गम्भीर भएकी थिइन् । उनको दुवै खुट्टा र पेटमा पोलेको थियो । रम्तेललाई उपचारका लागि हेटौँडा अस्पताल पुऱ्याइएकोमा सामान्य उपचारपछि थप उपचारका लागि बर्न अस्पताल कीर्तिपुर लगिएको थियो ।

आठ जुवाडे पक्राउ

कास्की/ ५७ हजार १९५ रुपैयाँ नगदसहित प्रहरीले पोखराबाट आठ जुवाडे पक्राउ गरेको छ । प्रहरीले पोखरा महानगरपालिका- २९ भण्डारढिकस्थित ३२



ओटिटीमा डंकी

शाहरूख खान अभिनीत डंकी ओटिटीमा प्रदर्शन हुने भएको छ। ९ फेब्रुअरीदेखि यो फिल्म जियो सिनेमामा प्रदर्शन हुनेछ। फिल्ममा तापसी पन्नु, विक्रम कोचर, अनिल ग्रोभर, बिक्की कौशल, बोमन इरानीलगायत कलाकारको अभिनय छ।



विवादमा फाइटर

ऋतिक रोशन र दीपिका पादुकोण अभिनीत 'फाइटर' विवादित बनेको छ। फिल्मको एक दृश्यमा ऋतिक र दीपिकाले एयरफोर्सको युनिफर्ममा किस गरिरहेको देखिन्छ। यसबारे आपत्ति जनाउँदै एयरफोर्सका एक कमान्डरले निर्देशक तथा कलाकारलाई लिगल नोटिस पठाएका छन्।

कोठा सुन्दर बनाउने उपाय



घरका कोठा चिटिक्क बनाउने रहर धेरैलाई हुन्छ। तर, कोठा व्यवस्थित र आकर्षक बनाउन हामीले केही कुरा ख्याल गर्नुपर्ने हुन्छ।

फर्निचर : तपाईंले प्रयोग गरिरहेका फर्निचरलाई नै रंगरोगन गरेर पनि चिटिक्क देखाउन सकिन्छ। नयाँ फर्निचर खरिद गर्दा कोठाको स्पेसलाई ध्यानमा राख्न जरुरी छ। धेरै फर्निचर राख्दा कोठा भद्दा पनि देखिन सक्छ। बैठककोठामा सोफा र टिभी राख्न सकिन्छ। मास्टर बेडरुममा पहिले-पहिले बेडसँगै दराज पनि राख्ने गरिन्थ्यो। आजभोलि बेड मात्रै राख्ने चलन आएको छ। टेबल वा कुर्सी पनि राख्न सकिन्छ।



रामगोपाल तन्डुकार
महासचिव, इन्टेरियर डिजाइनर एसोसिएसन अफ नेपाल

किचेन : आधुनिक घरमा प्रायः मोडुलर किचेन प्रयोग हुन्छ। ढलान गरेर बनाइने स्ल्याबभन्दा यो डिजाइन निकै सजिलो छ। यस्तो डिजाइन आकर्षक देखिन्छ र सरसफाइ गर्न पनि सजिलो हुन्छ। मोडर्न टाइपको चिम्नी र चुलो प्रयोग गर्दा खार कम आउँछ र स्वास्थ्यका लागि पनि राम्रो हुन्छ।

वालपेपर : वालपेपरको प्रयोगले पनि कोठालाई राम्रो देखाउँछ। फोटोहरू टाँसेर पनि आकर्षक देखाउन सकिन्छ। बजारमा विभिन्न डिजाइनका महँगा र सस्ता वालपेपर पाइन्छन्। गुणस्तरीय वालपेपर छनोट गर्नुपर्छ। पर्दाले पनि कोठालाई आकर्षक देखाउँछ। आफ्नो इच्छा र आवश्यकताअनुसार यसको छनोट गर्न सक्नुहुन्छ।

लाइट : सिलिङ पनि आकर्षक बनाउन जरुरी छ। लाइटिङ पनि मिलेको हुनुपर्छ। राम्रो लाइटिङ भयो भने कोठा उज्यालो र आकर्षक देखिन्छ।

फ्लोरिङ : भुइँमा स्टोन फ्लोरिङ गर्न सकिन्छ। त्यस्तै, टायल, मार्बल वा पार्केटिङ पनि गर्न सकिन्छ। अहिले कार्पेट पनि विभिन्न डिजाइनमा उपलब्ध छन्। दीर्घकालसम्म टिक्ने र सहज हुने कुरा राख्दा हुन्छ।

इन्डोर प्लान्ट्स : इन्डोर प्लान्ट्सको पनि महत्त्वपूर्ण भूमिका हुन्छ। यसले कोठालाई पनि पर्यावरणमैत्री देखाउँछ। अक्सिजन प्रवाह गर्ने भएकाले स्वास्थ्यका लागि पनि फाइदाजनक छ।

रुघाखोकी लागेमा...



मरिच : अहिले रुघाखोकीको मौसम चलिरहेको छ। यसले रुघाखोकी, टन्सिल, पिनास, दम, टाउको दुखेकोलगायत समस्या समाधानमा सहयोग गर्छ। खाना खाइसकेपछि दुईवटा मरिच खाँदा खाना राम्ररी पच्छ।

बेसार : यसलाई कोभिडकालमा पनि धेरैले प्रतिरोधात्मक औषधिका रूपमा प्रयोग गरे। यसलाई पनि रुघाखोकी, टन्सिल भएका बेला पानीमा उमालेर पिउन सकिन्छ।

ज्वानो : ज्वानोपानी रुघाखोकी र ज्वरोमा निकै राम्रो हुन्छ। जिउ, हात दुख्ने, जोर्नी दुख्नेलगायत बाथरोगमा ज्वानोले सहयोग गर्छ। यसले शरीरलाई तातो बनाउँछ।

लसुन : घाँटी बसेर स्वर बिग्रिएको वा बोल्न नसक्ने अवस्थामा स्वर खुलाउन यसले राम्रो काम गर्छ।

सुठो : सुकेको अदुवाको धुलोलाई हामी सुठो भन्छौं। यसले रोग प्रतिरोधात्मक क्षमता बढाउने, खाना पचाउन सहयोग गर्ने गर्छ। पानीमा सुठो उमालेर पिउँदा दम, रुखाखोकी, श्वास-प्रश्वास, ज्वरो, बान्ता, पेट दुख्ने, बाथ, ढाड दुख्नेलगायत समस्या समाधानमा मद्दत मिल्छ।

नेपाल लिटरेचर फेस्टिभल फागुन ३ देखि

पोखरा/ नेपाल लिटरेचर फेस्टिभलको ११औं संस्करण फागुन ३ देखि ७ गतेसम्म बाराहीघाट, लेकसाइड पोखरामा आयोजना हुने भएको छ। बुकवर्म फाउन्डेसनको आयोजनामा हुने फेस्टिभललाई सूर्य नेपाल प्रालिको उपक्रम सूर्य नेपाल गाथा, पोखरा महानगरपालिकालगायतले सहयोग गरेका छन्।

फेस्टिभलका अघिल्ला संस्करणझैं यस वर्ष पनि देश-विदेशका दुई सयभन्दा बढी साहित्यकार, राजनीतिज्ञ, लेखक, पत्रकार, कलाकार, सम्पादक एवं विशिष्ट व्यक्तित्वको उपस्थिति रहने आयोजकले जनाएको छ। फेस्टिभलमा ५५ भन्दा बढी सेसन, सांगीतिक साँझ र थप रोचक सामग्री समावेश गरिनेछन्।

यस वर्ष फेस्टिभलमा विश्वप्रसिद्ध पुस्तक 'अमेरिकन प्रोमिथियस : द ट्रायम्फ एन्ड ट्र्याजिडी अफ जे रबर्ट ओपनहाइमर'का सहलेखक काई बर्डको सहभागिता हुँदै छ। उनको यस पुस्तकले विश्वप्रसिद्ध 'पुलिट्जर प्राइज'समेत जितेको थियो। उनको यस पुस्तकमा आधारित ओपनहाइमर चलचित्र बनेको छ। क्रिस्टोफर नोलनले निर्देशन गरेको यो चलचित्र सन् २०२३ को बक्स अफिसमा ब्लकबस्टर बनेको थियो। ९६औं अस्कर अवार्डमा यो फिल्म १३ विधामा मनोनीत भएको छ।

प्रसिद्ध भारतीय लेखिका ज्यानिस प्यारियट पनि फेस्टिभलमा आउँदै छिन्। उनको पुस्तक एभ्रिथिङ द लाइट टचेजबारे उनले फेस्टिभलमा चर्चा गर्नेछिन्। उनको यस पुस्तकले सन् २०२३ मा उत्कृष्ट आख्यानका लागि 'सुशीलादेवी अवार्ड' पाएको थियो। विश्वप्रसिद्ध समालोचक एवं उपन्यासकार चन्द्रहास चौधरी पनि फेस्टिभलमा आउँदै छन्। उनले क्लाउड्स र अर्जी द ड्वार्फ पुस्तक लेखेका छन्। उनको अर्जी द ड्वार्फ पुस्तक 'कमनवेल्थ फर्स्ट बुक प्राइज'का लागि सर्टलिस्टसमेत भएको थियो।

अनि आत्मनिर्भर हुन्छन् बालबालिका

अभिभावकले बच्चालाई आत्मनिर्भर हुन सिकाउनुपर्छ। यसका लागि किशोरावस्था टेके (१३ वर्षदेखि)पछि घरमा दैनिक प्रयोग हुने सामग्रीहरू पाउरोटी, दूध, कापी-कलम आदि किन्न सिकाउनु राम्रो हुन्छ। बच्चालाई यस्ता सामग्री किन्दा आफूसँगै लिएर जानुपर्छ। उनीहरूले सपिङको मज्जा लिन पाउँछन्, बाहिरी दुनियाँ बुझ्न पाउँछन्। आत्मविश्वास बढ्छ र बिस्तारै आफैं यस्ता सामग्री किन्न थाल्छन्।

किशोरावस्थामा पुगिसकेपछि बच्चालाई खाना पकाउन पनि सिकाउनुस्। चाउचाउ उमाल्न, अम्लेट बनाउन, दूध तातो बनाउन, पाउरोटीमा जाम लगाउन, चिया बनाउन सिकाउन सकिन्छ। भोक लागेपछि बच्चाले आफैं बनाएर पनि खान सक्छ।

बच्चालाई आफ्नो कोठा, कपडा र आफ्ना सामान मिलाएर राख्न सिकाउनुस्। यस्तो स्वभावले उनीहरूलाई संयोजित बन्न सिकाउँछ। अभिभावक बाहिर भएको समय पनि उनीहरूलाई खासै समस्या हुँदैन। त्यस्तै, कपडाको जतन गर्न सिकाउनुपर्छ। फोहोर कपडा धुन, सुकाउन, आइरन गरिएका कपडालाई सम्हालेर राख्न सिकाउनुपर्छ। बच्चामा सफा कपडा मात्रै लगाउने बानीको विकास हुन्छ



साइक्लिङका फाइदा...

नियमित साइकल चलाउँदा शरीरमा रक्तसञ्चार राम्ररी हुन्छ। साइक्लिङले रगतमा अक्सिजनको मात्रा आपूर्ति हुने भएकाले रक्तसञ्चारमा सुधार आउँछ। त्यस्तै, साइकल इन्धनविना चल्ने भएकाले प्रदूषणबाट समेत बच्न सकिन्छ। जसले शरीरमा रोगप्रतिरोधी क्षमता वृद्धि हुन्छ।

साइक्लिङ गर्नु सजिलो एक्सरसाइज हो, जसले जोर्नीमा लचकता ल्याउँछ। नियमित साइक्लिङ गर्दा मांसपेशी बलियो बनाउन मद्दत पुग्छ। तौल नियन्त्रण हुन्छ। साइकल चलाउँदा शरीरमा ब्रेन सेल निर्माण हुने भएकाले मस्तिष्क विकासका लागि समेत यो उपयोगी मानिएको छ।

जीवन विकास लघुवित्त वित्तीय संस्था लि.
JEEVAN BIKAS LAGHUBITTA BITTIYA SANSTHA LTD.
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त संस्था)
Central Office: Katahari-2, Morang

INTERIM FINANCIAL STATEMENTS

Unaudited Condensed Statement of Financial Position (As per NFRS) As on Quarter Ended 29 Poush 2080

Nrs.

Particulars	This Quarter Ending	Immediate Previous Year Ending
Assets		
Cash & Cash Equivalents	900,277,880	957,931,502
Statutory Balances and Due from Nepal Rastra Bank	104,000,000	100,000,000
Placement with Banks & Financial Institutions	170,000,000	170,000,000
Derivative Financial Institutions	-	-
Other Trading Assets	-	-
Loans and Advances to MFIs & Cooperatives	-	-
Loan & Advances to Customers	24,536,130,952	22,801,112,330
Investment Securities	-	-
Current Tax Assets	-	-
Investment Property	-	-
Property and Equipment	250,567,696	246,284,323
Goodwill and Intangible Assets	-	-
Deferred Tax Assets	99,696,409	99,696,409
Other Assets	784,777,758	185,503,747
Total Assets	**26,845,450,696**	**24,560,528,311**
Liabilities		
Due to Bank and Financial Institutions	10,590,356,829	8,852,585,512
Due to Nepal Rastra Bank	-	-
Derivative Financial Instruments	-	-
Deposits from Customers	10,042,143,907	10,031,794,039
Borrowings		
Current Tax Liabilities	76,182,859	3,411,751
Provisions	-	-
Deferred Tax Liabilities	-	-
Other Liabilities	2,921,936,427	2,557,297,110
Debt Securities Issued	-	-
Subordinated Liabilities	-	-
Total Liabilities	**23,630,620,023**	**21,445,088,412**
Equity		
Share Capital	1,347,518,900	1,182,034,200
Share Premium	-	-
Retained Earnings	631,160,277	682,964,560
Reserves	1,236,151,496	1,250,441,139
Total Equity	**3,214,830,673**	**3,115,439,898**
Total Liabilities and Equity	**26,845,450,696**	**24,560,528,311**

Condensed Statement of Profit and Loss For the Quarter Ended of 29 Poush 2080

NRs.

Particulars	Current Year		Previous Year Corresponding	
	This Quarter	Upto This Quarter	This Quarter	Upto This Quarter
Interest Income	873,524,905	1,787,220,860	878,244,659	1,793,990,875
Interest Expense	517,064,146	1,046,745,186	490,013,984	999,480,156
Net Interest Income	**356,460,759**	**740,475,673**	**388,230,674**	**794,510,719**
Fee and Commission Income	25,270,313	67,024,220	63,947,718	149,324,202
Fee and Commission Expense	-	-	-	-
Net Fee and Commission Income	**25,270,313**	**67,024,220**	**63,947,718**	**149,324,202**
Net Interest, Fee and Commisson Income	**381,731,072**	**807,499,894**	**452,178,392**	**943,834,921**
Net Trading Income	-	-	-	-
Other Operating Income	84,859,838	196,041,763	35,455,815	70,074,422
Total Operating Income	466,590,910	1,003,541,657	487,634,207	1,013,909,343
Impairment Charge/ (Reversal) for Loans and Other Losses	176,589,047	277,937,666	101,022,300	159,352,465
Net Operating Income	**290,001,863**	**725,603,990**	**386,611,907**	**854,556,878**
Operating Expense	**208,223,214**	**471,661,126**	**219,260,063**	**476,287,366**
Personnel Expenses	148,595,125	346,439,836	158,263,171	354,503,718
Other Operating Expenses	55,859,049	116,166,899	56,667,074	113,519,372
Depreciation & Amortisation	3,769,039	9,054,391	4,329,817	8,264,276
Operating Profit	**81,778,650**	**253,942,864**	**167,351,845**	**378,269,512**
Non Operating Income	-	-	-	-
Non Operating Expense	-	-	-	-
Profit Before Income Tax	**81,778,650**	**253,942,864**	**167,351,845**	**378,269,512**
Income Tax Expense				
Current Tax	24,533,595	76,182,859	50,205,553	113,480,854
Deferred Tax				
Profit for the Period	**57,245,055**	**177,760,005**	**117,146,291**	**264,788,658**

Condensed Statement of Comprehensive Income

Particulars	Current Year		Previous Year Corresponding	
	This Quarter	Upto This Quarter	This Quarter	Upto This Quarter
Profit for the Period	57,245,055	177,760,005	117,146,291	264,788,658
Other Comprehensive Income	-	-	-	-
Total Comprehensive Income	**57,245,055**	**177,760,005**	**117,146,291**	**264,788,658**
Basic Earning per share	-	13.19	-	25.60
Annualized Basic Earing Per Share	-	26.38	-	51.20
Diluted Earning per share	-	26.38	-	51.20

Ratios as per NRB Directives

Particulars	Current Year		Previous Year Corresponding	
	This Quarter	Upto This Quarter	This Quarter	Upto This Quarter
Capital Fund to RWA		10.99%		12.54%
Non-Performing Loan (NPL) to Total Loan		2.95%		2.83%
Total Loan Loss Provision to Total NPL		179.38%		116.15%
Cost of Funds		9.89%		10.22%
Credit to Deposit and Borrowing Ratio		124.02%		237.82%
Base Rate		14.25%		14.09%
Interest Rate Spread		3.98%		4.68%

Interest Rate	
1. Deposit	7.5%-11.25%
2. Loan & Advance	14%-15%

Details about the Distributable Profit for the Quarter

Particulars	NPR
Net Profit for the period end 2nd Quarter	**177,760,005**
1. Appropriations	
1.1 Profit required to be appropriated to:	**39,107,201**
a. General Reserve	35,552,001
b. Capital Redemption Reserve	-
c. Foreign Exchange Fluctuation Fund	-
d. Corporate Social Responsibility	1,777,600
e. Employee Training Fund	-
f. Client Protection Fund	1,777,600
g. Other	-
1.2 Profit required to be transferred to Regulatory Reserve:	**16,261,889**
a. Transfer to Regulatory Reserve	44,861,862
b. Transfer from Regulatory Reserve	-
c. Restructure fund writeback	(28,599,973)
Net Profit for the period end 2nd Quarter available for distribution	**122,390,915**
Opening Retained Earning 1 Shrawan 2080	682,964,560
Distribution:	**805,355,475**
Bonus Share Issued	(165,484,700)
Cash Dividend	(8,710,498)
Total Distributable Profit or (loss) as on quarter end date	**631,160,277**
Annualised Distributable Profit/loss per Share	**46.84**

Notes:

1. The above Financial Statements have been prepared in accordance with Nepal Financial Reporting Standards (NFRS) and certain carve-outs issued by the Institute of Chartered Accountants of Nepal (ICAN).
2. Loans and Advances are presented net of impairment charges and includes staff loans.
3. Actuarial Valuation has not been done for Employee Benefits.
4. Personnel Expenses also include provision for staff bonus which has been calculated in line with the provision in Bonus Act.
5. Previous period figures are regrouped/ rearranged/restated wherever necessary for consistent presentation and comparison.
6. The interim financial report has been updated in the our website.

नोटः सुपरिवेक्षण गर्ने निकाय तथा बाह्य लेखापरीक्षकले थप/घट गर्न निर्देशन दिएमा परिष्कृत वित्तीय विवरणमा फरक पर्न सक्नेछ ।

धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ अनुसूची १४ (नियम २६ को उपनियम (१) सँग सम्बन्धित)

आ.व. २०८०/०८१ को दोश्रो त्रैमासिक प्रतिवेदन

१. **वित्तीय विवरण** :

(क) त्रैमासिक अवधिको वासलात, नाफा नोक्सान सम्बन्धी विवरण यसै साथ प्रकाशित गरिएको छ ।

(ख) प्रमुख वित्तीय अनुपातहरू

प्रति शेयर आम्दानी	मुल्य आम्दानी अनुपात	प्रति शेयर नेटवर्थ	प्रति शेयर कुल सम्पतिको मुल्य	तरलता अनुपात
२६.३८	५१.१७	२३९.२२	१९९२.२१	९.०५

२. **व्यवस्थापकीय विश्लेषण** :

(क) **त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भएको भए सोको प्रमुख कारण सम्बन्धी विवरण:**
आर्थिक वर्ष २०८०/०८१ को दोश्रो त्रैमासिक अवधिमा वित्तीय संस्थाको मौज्दात, तरलता र आम्दानी गत त्रैमासिक भन्दा वृद्धि भएको छ । तर यस अवधिमा बाह्य कारणले गर्दा वित्तीय कारोवारमा असर पर्न गई व्यवस्थापकीय योजना अनुरूप नतिजा प्राप्त गर्न सकेको छैन । लघुवित्त क्षेत्रमा देखिएका समस्याहरू हालसम्म पनि समाधान नभएकोले चालु आ.व. २०८०/०८१ को दोश्रो त्रैमासिक अवधिसम्ममा संस्थाको आम्दानीमा योजना अनुसारको सुधार भएको छैन भने संस्थाको मौज्दात र तरलतामा सुधार देखिएको छ ।

(ख) **आगामी अवधिको व्यवसायिक योजना सम्बन्धमा व्यवस्थापनको विश्लेषणात्मक विवरण** :
राष्ट्रियस्तरको यस लघुवित्त वित्तीय संस्थाले स्थापनाको शुरूदेखि नै वित्तीय पहुँच अभिबृद्धि गराई गरिवी घटाउने, वित्तीय समावेशीकरण बढाउने, लघुवित्त कार्यक्रमको पहुँच नपुगेका ग्रामीण क्षेत्रमा लघुवित्त सेवा विस्तार गर्ने उद्देश्य अनुरूप देशका २४ जिल्लामा १६० वटा शाखा कार्यालयहरू मार्फत ३,४४,७४९ विपन्न परिवारमा लघुवित्त सेवा पुऱ्याउन सफल भएको छ ।
यस वित्तीय संस्थामा आवद्ध परिवारको दिगो विकास एवं सुनिश्चित भविष्यका लागि संस्थाले छरिएर रहेको बचत संकलनमा जोड दिदै आईरहेको छ । सदस्यहरूको दिगोपनालाई ध्यानमा राखि उनीहरूमा स्वरोजगार सिर्जना गर्दै लघुउद्यम तथा उत्पादनशील क्षेत्रमा कर्जा प्रवाह गरी दिगो व्यवसायिक सफलता हासिल गर्ने तर्फ वित्तीय संस्था अग्रसर रहेको छ । चालु आर्थिक वर्ष २०८०/०८१ मा प्रभावकारी वित्तीय सेवा प्रदान गर्नका लागि प्रविधिको उच्चतम प्रयोगमा सदस्य तथा कर्मचारीको दक्षता एवं कार्यकुशलतामा अभिबृद्धि गर्न, कर्मचारीको उत्पादकत्व बढाउन एवं आन्तरिक नियन्त्रण प्रणालीलाई अझ प्रभावकारी बनाउन प्रयाप्त मात्रामा तालिम तथा गोष्ठि कार्यक्रमहरू संचालन भईरहेका छन् ।
वित्तीय संस्थाले प्रदान गर्ने सेवा तथा सुविधाहरूलाई सदस्यको आवश्यकता अनुरूप समय सापेक्ष परिष्कृत गर्दै सदस्यहरूमा उद्यमशीलता तथा व्यवसायिक सिप विकासका साथै डिजिटल वित्तीय साक्षरताको अभियानलाई व्यापक रूपमा विस्तार गर्दै लैजान व्यवस्थापन प्रतिबद्ध रहेको छ ।

(ग) **विगतको अनुभवबाट, संगठित संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना, अवस्था आदि भएमा सो सम्बन्धी विश्लेषणात्मक विवरण** :
हालको परिस्थितिमा बैंक तथा वित्तीय संस्थाहरू विरूद्ध भईरहेको विभिन्न नकारात्मक टिका टिप्पणीले वित्तीय संस्थाहरूको कर्जा असुलीमा समस्या भएको छ जसको कारणले तरलता अभावको अवस्था आउन सक्ने देखिन्छ । यस असहज परिस्थितीमा पनि ग्राहक सदस्यहरूले वित्तीय संस्था प्रति देखाएको विश्वास र संयमताले वित्तीय संस्था अझ जिम्मेवार भई कार्य गर्नु पर्ने दायित्व बढेको छ । लघुवित्त संस्थाहरूमा देखिएको अस्वस्थ प्रतिस्पर्धा तथा सदस्यहरूमा कर्जाको अधिक भार बढ्नाले वित्तीय संस्थाले लगानी गरेको ऋणको गुणस्तरमा असर पर्न सक्ने भए तापनि कर्जा सुचना केन्द्रको प्रभावकारीता बृद्धि हुदै जाँदा जोखिमहरू क्रमशः न्युन हुदै जाने देखिन्छन् ।

३. **कानूनी कारवाही सम्बन्धी विवरण** :
(क) यस अवधिमा यस वित्तीय संस्थाले कसैका उपर मुद्दा दायर नगरेको साथै वित्तीय संस्था विरूद्ध मुद्दा दायर भएको कुनै सुचना प्राप्त नभएको ।
(ख) संस्थाको संस्थापक वा सञ्चालकले वा संस्थापक वा सञ्चालकको विरूद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी सम्बन्धी मुद्दा दायर भएको कुनै सुचना प्राप्त नभएको ।
(ग) कुनै संस्थापक वा सञ्चालक विरूद्ध आर्थिक अपराध गरेको सम्बन्धमा मुद्दा दायर भएको कुनै सुचना प्राप्त नभएको ।

४. **संगठित संस्थाको शेयर कारोवार सम्बन्धी विश्लेषण**:
(क) वित्तीय संस्थाको शेयरको कारोवार नेपाल स्टक एक्सचेन्ज मार्फत भईरहेको छ । वित्तीय संस्थाले शेयर मूल्यमा प्रभाव पार्न सक्ने कुनै पनि आधारभूत सूचना प्रचलित ऐन तथा नियमको परिधि भित्र रही प्रवाहित गरिने छ । लगानीकर्ताहरूको यस संस्थाप्रतिको विश्वास उच्च रहेको हुँदा भविष्यमा कारोवार मुल्य सकारात्मकता तर्फ उन्मुख हुने आंकलन गर्न सकिन्छ ।
(ख) नेपाल स्टक एक्सचेन्जको वेभ साइट अनुसार गत त्रैमासिक अवधिमा शेयरको कारोवार निम्नानुसार भएको देखिन्छ ।

अधिकतम मुल्य (रु.)	न्यूनतम मुल्य (रु.)	अन्तिम मुल्य (रु.)	कारोवार भएको कूल दिन	कारोवार संख्या
१५६०.००	१२२३.००	१३५०.००	४९	६४६१

५. **समस्या तथा चुनौती**:
आर्थिक संकटबाट सिर्जित समस्याका कारण समुदायमा आर्थिक क्रियाकलापमा कमी आएको, सदस्यहरूको व्यवसाय तथा आय आर्जन प्रभावित भई लघुवित्त क्षेत्रमा दिर्घकाल सम्म गहिरो प्रभाव पर्न सक्ने देखिएको छ । लघुवित्त संस्था विरूद्धको अप्राकृतिक अभियान, दोहोरोपनाका कारणले सदस्यहरूलाई ऋणको अधिकभारबाट उत्पन्न हुन सक्ने जोखिम, वित्तीय श्रोतको अनिश्चितता र कर्मचारीहरूको दक्षता अभिबृद्धिमा कमी भई उत्पन्न हुन सक्ने जोखिम एवं नियमनकारी निकायबाट अप्रत्याशित रूपमा हुने नीति तथा निर्देशनमा परिवर्तनका कारणले थप चुनौतीहरूको सामना गर्नुपर्ने अवस्था आउन सक्नेछन् ।

६. **संस्थागत सुशासन** :
नियमनकारी निकायसँग सम्बन्धित ऐन, कानुन तथा नीति नियम एवं निर्देशन अनुरूप संस्थागत सुशासन कायम राख्न वित्तीय संस्था कटिबद्ध र प्रतिबद्ध रहदै आएको छ । नेपाल राष्ट्र बैंकबाट जारी संस्थागत सुशासन लगायतका निर्देशनहरू पालना गर्नुको साथै प्रचलित ऐनहरू तथा कानुनहरूको परिपालनामा विषेश ध्यान दिदै आफ्ना शेयरधनी, सर्वसाधारण सदस्यहरू लगायत सम्पुर्ण सरोकारवालाहरूको हितको संरक्षण तथा सम्बर्द्धन गर्न वित्तीय संस्था सदैव प्रतिबद्ध रहेको छ । वित्तीय संस्थाको प्रवन्धपत्र नियमावली, कर्मचारी सेवा विनियमावली, आर्थिक प्रशासन विनियमावली, संस्थागत सामाजिक उत्तर दायित्व कोष संचालन कार्यविधि,कर्जा अपलेखन विनियमावली, कर्जा नीति तथा बचत परिचालन निर्देशिका, ग्राहक संरक्षण कोष संचालन कार्यविधि, आन्तरिक लेखा परीक्षण कार्यविधि एवं अन्य आवश्यक नीति नियम तथा निर्देशिकाहरू बनाई त्यसको पालना गरिएको छ । वित्तीय संस्थाको कारोवारलाई व्यवस्थित गरी चुस्त, दुरूस्त बनाउन एवं आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउन सञ्चालक समितिका साथै लेखा परीक्षण समिति, जोखिम व्यवस्थापन समिति, कर्मचारी सेवा सुविधा समिति, सम्पति शुद्धीकरण अनुगमन समिति लगायत विभिन्न समिति तथा उपसमितिहरू गठन गर्नुका साथै नेपाल राष्ट्र बैंकको निर्देशनहरूको पालना गर्न व्यवस्थापन तथा सञ्चालक समिति क्रियाशील रहेको छ ।

७. **सत्य, तथ्यता सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषण** :
आजका मिति सम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरूको शुद्धता सम्बन्धमा, म व्यक्तिगत रूपमा उत्तरदायित्व लिन्छु । साथै, म यो उद्घोष गर्दछु की मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरू सत्य, तथ्य र पूर्ण छन् । लगानीकर्ताहरूलाई सु-सूचित निर्णय लिन आवश्यक कुनै विवरण, सुचना तथा जानकारीहरू लुकाइएको छैन ।

८. **नियम २६ को उपनियम (५) सँग सम्बन्धित विशेष घटना वा परिस्थिती सम्बन्धी विवरण** : छैन ।

विधान अधिवेशन : पार्टी सशक्तीकरणको आधार

हामीले २१औँ शताब्दीको नेपाली मौलिकताको समाजवाद भनेका छौं । नयाँ विधानपछि विचार, विधि र प्रक्रियाका आधारमा अगाडि बढ्छौं ।



● पम्फा भुसाल

अग्रलेख

हामी शान्ति प्रक्रियामा आएदेखि नै सांगठनिक रूपमा पटक-पटक लचिलो हुँदै आयौं । हामीले महाधिवेशन गर्दै आयौं । एकता प्रक्रियामा पनि सहभागी भयौं । सबैलाई समेट्ने क्रममा संगठन निकै ठूलो बन्न पुग्यो । अहिले हाम्रा कमिटी असाध्यै ठूला छन् । ठूला कमिटी हुँदा नीति, योजना, कार्यक्रम बनाउने सन्दर्भमा सबैको सहभागिता हुन नसक्ने अनुभूति गर्‍यौं । कमिटी धेरै ठूलो हुँदा जनवादको अभ्यास गर्न गाह्रो पर्ने रहेछ । सबैलाई सहभागी गराउने र सबैका कुरा सुन्ने स्थिति नभएपछि दुई-चारजना नेताले माथिबाट टुंग्याउनुपर्ने स्थिति बन्न पुग्यो । अहिले हाम्रो केन्द्रीय कमिटी एकदम ठूलो छ । वैकल्पिक केन्द्रीय सदस्यसहित ६ सयभन्दा बढीको केन्द्रीय कमिटी छ । अरू समिति पनि यसैगरी ठूला छन् । कमिटी ठूला हुँदा नियमित रूपमा बैठकसमेत बस्न सकिएको छैन । यसकारण, महत्त्वपूर्ण निर्णय गर्नुपर्दा स्थायी कमिटी बैठक बस्छ । हामीसँग ७७ जिल्ला, सात भौगोलिकसहित गैरभौगोलिक प्रदेश कमिटी पनि छन् । त्यसभन्दा तल पालिका र वडास्तरीय कमिटी पनि छन् ।

चुस्तदुरुस्त कमिटी बनाउने प्रयास : यी सम्पूर्ण कमिटीलाई चुस्तदुरुस्त बनाउने, सबै सदस्यको पहुँचमा पुऱ्याउने, सबै सदस्यको सहभागिता सुनिश्चित गराउने र संघीयताको मर्मअनुसार आ-आफ्नो तहका स्वायत्तता दिने हिसाबले हामी विधान संशोधनको तयारीमा छौं । मुख्यतः कमिटीमा कुन कामका लागि कति सदस्य चाहिन्छन्, त्यसका निम्ति कस्तो संरचना बनाउने भन्नका लागि हामीले विधानको प्रारम्भिक मस्यौदा तयार पारेका छौं । विधान संशोधनको उद्देश्य भनेको विधिको निर्धारण गर्ने र त्यही विधि र संरचनाभित्र रहेर कामकाज गर्‍यौं भन्ने नै हो । विधान अधिवेशनबाट हामी सानो आकारका कमिटी निर्माण गर्छौं ।

विगतको अभ्यासका आधारमा पाठ सिकेर हामीले पहिलोपटक आगामी फागुन पहिलो साता विधान अधिवेशन आह्वान गरेका छौं । विधान अधिवेशनबाट विधान निश्चित गर्छौं । त्यसपछि बल्ल संगठनतिर लाग्छौं । त्यसपछि विधानमा उल्लिखित पदमा तोकिएको संख्यामा सर्वसम्मत वा प्रतिस्पर्धाका आधारमा पूर्ति हुन्छ । संगठनात्मक संरचना बनाएपछि त्यसमा जति अट्ने हो, त्यति आउनुहुन्छ । विधानभन्दा संगठनतिर पहिला गइयो भने पात्र हेरेर संगठन बनाउनुपर्ने स्थिति बन्छ । विगतमा हामीले पात्र हेरेर कमिटी बनाउँदा कमिटी ठूला बने र कामकाजी हुन सकेनन् ।

संविधानले तोकेभन्दा बढी समावेशी : पार्टीले निर्माण गरेको विधान मस्यौदा समितिमा छलफल गरेर प्रारम्भिक मस्यौदा सुझाव संकलनका लागि तल्ला तहमा पठाएका छौं । विधान मस्यौदामा संविधानले तोकेको समावेशितामा पनि थप अधिकार दिएका छौं हामीले । संविधानमा महिलाको प्रतिनिधित्व ३३ प्रतिशत भनेकोमा हामीले ३५ प्रतिशत र दलितलाई संविधानले १३ प्रतिशत भनेकोमा हामीले १५ प्रतिशत कार्यान्वयन नै गरिसकेका छौं । युवाहरू नेतृत्वमा आउनुपर्छ भन्ने हाम्रो मान्यता छ । यसर्थ, हरेक कमिटीमा २५ देखि ४० वर्षका युवालाई २० प्रतिशत पुऱ्याउने गरी विधान तयार पार्दै छौं । ५१ प्रतिशत खुला प्रतिस्पर्धा र ४९ प्रतिशत समावेशिताको नीतिमा हामी अघि बढिसकेका छौं । त्यसमा ४९ प्रतिशतलाई सय मानेर समावेशी प्रतिनिधित्व हुन्छ । खुला र समावेशीमा आवश्यक संख्याभन्दा बढी उम्मेदवार भए त्यहींभित्र निर्वाचन हुन्छ । हामीले प्रतिनिधित्वको सुनिश्चितता र प्रतिस्पर्धाको राजनीतिलाई समायोजन गर्न खोजेका छौं ।

लेनिनवादी सिद्धान्त : विधानको मस्यौदा बनाउन पार्टीले कार्यदल बनायो । हामीले पुरानो विधानको जगमा उभिएर नयाँ विधानको मस्यौदा तयार पाऱ्यौं । हाम्रो लेनिनवादी संगठनात्मक विधि छ । त्योभन्दा फरक ढंगबाट हामी जान सक्दैनौं । पार्टीमा संगठित सदस्य र पार्टी सदस्य गरी दुईथरी सदस्य हुन्छन् । लेनिनवादी संगठनात्मक सिद्धान्तले कम्युनिस्ट पार्टी लडाकु, रचनात्मक र क्रान्तिकारी हुनुपर्ने मान्यता राख्छ । जसमा व्यक्ति संगठनको अधीनस्थ हुन्छ । अल्पमत बहुमतको अधीनस्थ हुन्छ । तल्लो कमिटी माथिल्लो कमिटीको अधीनस्थ हुन्छ । पार्टीका सम्पूर्ण कमिटीहरू केन्द्रीय कमिटीको अधीनस्थ हुन्छन् । केन्द्रीय कमिटी महाधिवेशनको अधीनस्थ हुन्छ । पार्टीको नीति तथा कार्यक्रम मान्ने, पार्टीको निश्चित संगठनमा बसेर काम गर्ने हुनुपर्छ । त्यसैको जगबाट सुरु गरेर अलि साना, चुस्त र आवश्यक कमिटी मात्र बनाऔं । कामप्रति जवाफदेही हुने खालका कमिटी बनाऔं । नीति योजना बनाउने सन्दर्भमा आ-आफ्नै कमिटीमा सक्रिय भूमिका हुन सक्ने बनाऔं । जसको जति क्षेत्र हो, त्यतिमा काम गर्‍यौं भन्ने हिसाबले हामीले विधानको मस्यौदा बनाएका छौं ।

तलतिर फर्किने नीति : केन्द्रमा मात्रै होइन, प्रदेश, जिल्ला, पालिका र वडा कमिटीको सदस्यबारे पनि स्पष्ट हुनुपर्छ । त्यसैले, हामीले स्थानीय जनता, भूगोल, समुदाय, सबैलाई ध्यान दिएर कमिटी बनाउने प्रस्ताव गरेका छौं । यो एउटा खाका मात्र हो । यसलाई हामीले प्रदेश, जिल्ला, पालिका र वडालाई तीन सातासम्म अध्ययन गरेर सुझाव पठाउन भनेका छौं । सबै तहका सुझाव तीन सातामा लिइसकेपछि पदाधिकारी, स्थायी कमिटी र केन्द्रीय कमिटी बैठकमा छलफल हुन्छ । त्यसबाट पारित विधानको मस्यौदा विधान अधिवेशनमा प्रस्तुत हुन्छ । करिब १३ सय प्रतिनिधि सहभागी विधान अधिवेशनले तय गरेको विधानअनुसार हामी अगाडि बढ्छौं ।



> अहिले हाम्रो केन्द्रीय कमिटी एकदम ठूलो छ । वैकल्पिक केन्द्रीय सदस्यसहित ६ सयभन्दा बढीको कमिटी छ । अरू समिति पनि यसैगरी ठूला छन् । कमिटी ठूला हुँदा नियमित रूपमा बैठकसमेत बस्न सकिएको छैन ।

विगतका महाधिवेशनमा विधान र राजनीतिक प्रस्ताव पास गर्नेबित्तिकै संगठनात्मक प्रस्ताव पेस गर्ने गरिन्थ्यो । एउटा सोच राख्यो, पात्र हेरेर फेरि तलमाथि गर्नुपर्ने स्थिति बन्थ्यो । अब त्यसो नगरौं । बरु, प्रतिस्पर्धाबाटै कमिटी निर्माण गरौं । हामी बाह्य राजनीतिक प्रतिस्पर्धामा गएका छौं भने आन्तरिक प्रतिस्पर्धामा किन नजाने ? कार्यकर्ता रिझाउने नेता, जनता रिझाउने जनप्रतिनिधिको नीतिलाई हामी यो विधान सम्मेलनमा मियो बनाएर जान्छौं । जसले नेता तथा कार्यकर्ता तलतिर फर्किऊन् । नेताहरू कार्यकर्तातिर, कार्यकर्ता जनतातिर फर्किएर जाँदा पार्टीलाई विस्तार गर्न सक्छौं ।

हामी मोर्चा संगठन, जनवर्गीय संगठन र पेसागत संगठनलाई पनि अलि बढी स्वायत्तता दिएर जाँदै छौं । यद्यपि, पार्टीको मूल नीति, सिद्धान्त र निर्देशनबाट त चल्नैपर्छ । तर, आ-आफ्नो क्षेत्रका आममानिसलाई लिएर संगठन गर्ने, पार्टी राजनीतितर्फ आकर्षित गर्ने कुरा हुन्छ । जनसंगठनलाई आफ्ना एजेन्डा लिएर संगठन विस्तार गर्न सक्ने, सडक संघर्ष गर्न सक्ने अधिकार दिँदै छौं ।

राजकीय र पार्टी काम : हामीले विधान मस्यौदामा राजकीय काम र पार्टी संगठनको काममा कार्यकालको प्रस्ताव गरेका छौं । कतिचोटि एउटै मानिस सांसद लड्ने, कतिचोटि एउटै मानिस सरकारमा जाने वा राजनीतिक लाभको पदमा जाने भन्ने कुरा हुन्छ । दुई कार्यकाल राजकीय लाभको पदमा गएपछि पार्टी संगठनमा जानुपर्ने प्रस्ताव हामीले गरेका छौं । २१औं शताब्दीको जनवादको सिद्धान्त भनेर जनयुद्ध कालमै रोल्पाको दुम्ला बैठकबाट पारित भएको एउटा सिद्धान्त छ । त्यसमा हामीले आलोपालो भनेका छौं । सबैले भविष्य देख्ने अवस्थामा पार्टी पूर्ण हुन्छ भन्ने हाम्रो निष्कर्ष हो । तर, पार्टी काममा भने हामीले समयसीमा राखेका छैनौं । हामीले २५ देखि ४० वर्षका युवालाई पार्टीका सबै कमिटीमा राख्ने भनेका छौं । २५ वर्षको युवा केन्द्रीय कमिटीमा आयो भने दुई कार्यकालमा ३५ वर्ष हुन्छ । ३५ वर्षमै राजनीतिबाट रिटायर हुने बाध्यकारी व्यवस्था गर्नु जायज हुँदैन । अथवा, तीन कार्यकाल बनाउँदा पनि ४० वर्षमै पार्टी राजनीतिबाट बिदा लिने कुरा स्वाभाविक हुँदैन ।

नेपाली मौलिकताको समाजवाद : हामीले २१औं शताब्दीको नेपाली मौलिकताको समाजवाद भनेका छौं । नयाँ विधानपछि हामी विचार, विधि र प्रक्रियाका आधारमा अगाडि बढ्छौं । त्यसैले, हामी समाजवादको आधार तयार पार्दै समाजवादमा अघि जाने, समाजवादी क्रान्तिको नेतृत्व गर्ने पार्टी बनाउन चाहन्छौं । सर्वहारा, श्रमजीवी, उत्पीडित वर्ग, जाति, क्षेत्र, समुदायको एउटा अग्रदस्ताका रूपमा जनतामा आधारित कार्यकर्ताको पार्टी निर्माण गर्ने र समाजका सबै उत्पीडित समुदायलाई मुक्ति र समाजवादको आन्दोलनबाट न्याय र समानताका लागि प्रतिबद्ध भएर लाग्छौं ।

सुझावको अपेक्षा : नेता तथा कार्यकर्ताले पार्टी पार्टीजस्तो भएन भन्ने गुनासो गरेको सुनिन्छ । राम्रो भए हुन्थ्यो भन्ने अपेक्षा राख्नेको संख्या ठूलो छ । कस्तो भए राम्रो हो त ? सबैको आ-आफ्नो अनुभव, अनुभूति, अध्ययनको संश्लेषण सुझावको रूपमा आओस् भन्ने उद्देश्यले हामीले विधानको मस्यौदा तल्ला कमिटीमा पठाएका छौं । तलबाट पनि सुझाव आउँछ । केन्द्रीय नेताहरूको पनि सुझाव आउँछ । ती सबै सुझावलाई केन्द्रीकृत गरेर विधान अधिवेशनमा प्रस्तुत गर्छौं । विधान अधिवेशनमा पनि बृहत् छलफल गरेर पारित हुन्छ । विधान मस्यौदाको पूरक प्रस्तावलाई पनि समेटेर तल्लो तहमा पठाएका छौं । कतिपय अवस्थामा हामीले विकल्पसहित केही विषय पनि सुझावका लागि पठाएका छौं । पार्टीको नामबारे मस्यौदामा हामीले केही पनि उल्लेख गरेका छैनौं । नाम परिवर्तको विषय ६/७ महिनापहिला एउटा बैठकमा अध्यक्ष कमरेडले पार्टी एकताको प्रसंग चल्दै गर्दा उठाउनुभएको थियो । पूर्वमाओवादी घटकको एकतासहित समाजवादी मोर्चाभित्र रहेका दलहरूसँग पनि अन्ततः एकताको लक्ष्य हो । अहिले समाजवादी मोर्चामार्फत सहकार्य गर्दै जाँदा धेरै सिद्धान्त र कार्यक्रम मिल्यो भने पार्टी एकता हुन्छ नै । त्यो वेला आवश्यक पर्दा हामी नाम पनि फेर्न तयार हुनुपर्छ । आवश्यक पर्दा चुनाव चिह्नसमेत फेर्न तयार हुनुपर्छ भनेर अध्यक्ष कमरेडले राख्नुभएको थियो । तर, अहिले हामी माओवादीको मात्रै विधान अधिवेशन गर्दै छौं । त्यसकारण मस्यौदा समितिमा नामबारे चर्चा चलेन । अहिले नाम परिवर्तनको प्रसंग सायद उपयुक्त नहुन सक्छ । यद्यपि, सुझाव दिनका लागि हामीले सबै विषय खुला गरेका छौं ।

(भुसाल माओवादी केन्द्रकी उपाध्यक्ष हुन्)

---

३ प्रश्न

सर्वोच्च अदालतका पूर्वन्यायाधीश **बलराम केसी**लाई



गिरीबन्धु टी-इस्टेटको मुद्दामा सर्वोच्च अदालतले तत्कालीन मन्त्रिपरिषद्ले गरेको नीतिगत भ्रष्टाचारलाई सच्याएको छ । अन्य नीतिगत भ्रष्टाचारमा यसको प्रभाव के हुन सक्छ ?

सर्वोच्च अदालतले संविधानको धारा १३३ (१) र (२) अनुसार बदनियतलाई पहिचान गरी बदर गरिदिएर असाध्यै सराहनीय काम गरेको छ । गिरीबन्धु टी-इस्टेट प्रकरण तत्कालीन सरकारको ठूलो 'मिस एड्भेन्चर(दुस्साहस)' थियो । दूषित मनसायले केपी ओलीको सरकारले ऐन नै संशोधन गरेर गिरीबन्धुको जमिन बेच्न र सट्टापट्टा गर्न दिने दुस्साहसपूर्ण कार्य गरेको थियो । त्यसलाई सर्वोच्च अदालतले रोकेर उनीहरूको बदनियतलाई उजागर गरिदिएको छ । २०२० सालको भूमि ऐनको मर्म कायम भएको छ ।

नीतिगत भ्रष्टाचारमा संलग्नहरू किन कारबाहीको दायरामा नआएका ?

तलका साना मान्छे परून्, हामी माथिका जोगिऔं भनेर 'नीतिगत निर्णयलाई अख्तियारले हेर्न नपाउने' बनाइयो । लोकतन्त्रमा प्रधानमन्त्रीदेखि पियनसम्मलाई एउटै कानुन लागू हुन्छ । 'पोलिसी डिसिजन' ठीक कि बेठीक भन्ने विषयमा पो अख्तियार प्रवेश नगर्ने । त्यसमा खाएको घुसमा त अख्तियारले कारबाही गर्न पाउनुपर्छ । त्यसको गलत प्रयोग भएको थियो । अब त्यो सच्चिन थप सहज भएको छ । यद्यपि, डिभिजन बेन्चले नीतिगत निर्णयमा हात हाल्नू भनेर अख्तियारलाई बाबुराम भट्टराई र माधव नेपालको केसमा नै भनिसकेको छ । यसर्थ, नीतिगत निर्णयमा अख्तियारले विनाहिचकिचाहट हात हाल्नुपर्छ ।

अख्तियार यस्ता नीतिगत भ्रष्टाचारमा किन प्रवेश गर्न नसकेको होला ?

राजनीतिक भ्रष्टाचारलाई समात्ने अख्तियारले हो । त्यहीं आफ्नो मान्छे राख्दिसकेपछि अख्तियारले कसरी एक्टिभिजम देखाउँछ ? सर्वोच्चको यो फैसलालाई आधार मानेर अख्तियारले अब अनुसन्धान एवं अभियोजन अगाडि बढाउनुपर्छ ।

प्रेरक प्रसंग

आत्मबल

मिश्रका सन्त हिलेरियोलाई उनका पिताले विरासतमा अथाह सम्पत्ति छोडेर गएका थिए । पिताको देहावसानपछि हिलेरियोले एकान्तमा गएर बाँकी जीवन बिताउने निधो गरे र आफ्नो सबै सम्पत्ति आफन्तहरूलाई बाँडिदिए । हिलेरियोको कुटी घना जंगलमा थियो, जहिले पनि डाँकुको डर रहन्थ्यो । हिलेरियोलाई शुभचिन्तकहरूले यस्तो डरलाग्दो ठाउँमा नबस्न अनुरोध पनि गरे । तर, उनमा किञ्चित भय थिएन । एक दिन केही मानिस त्यहाँ आएर हिलेरियोलाई सोध्न लागे, 'तिमी यो जंगलमा किन एक्लै बस्छौ, यदि कसैले तिमीलाई कष्ट पुऱ्याए र तिम्रा सरसामान लिएर गए भने के गर्छौं ?' उनीहरूलाई हिलेरियोले जवाफ दिए, 'मसँग के नै छ र ? लगाउने दुई जोर कपडा एउटा लोटा । यही पनि लैजान खोजेछन् भने म दिन तयार छु ।' उनीहरूले फेरि भने, 'यो इलाकामा कैयौं डाँकु लुकेर बस्छन् । उनीहरूले तिमीलाई आफ्नो काममा बाधा ठानेर मार्न खोजे भने तिमीलाई यहाँ कसले मद्दत गर्छ ?' 'मार्न खोजे भने मारून् । म सहायताका लागि कसैलाई पुकार्दिनँ,' हिलेरियोको सहज जवाफ थियो । वास्तवमा, हिलेरियोसँग कुरा गरिरहेका यी व्यक्ति छद्म भेषमा डाँकु थिए । उनको आत्मबलबाट डाँकुहरू प्रभावित भए । उनीहरूले हिलेरियोलाई केही गरेनन् ।



टिप्पणी

nayapatrikaofficial
@naya_patrika

देश भ्रष्टाचारको दलदलमा फसेको हो ?

नेताहरूको मुखमा 'भ्रष्टाचारप्रति शून्य सहनशीलता' मन्त्रजस्तै झुन्डिएको छ । जो प्रधानमन्त्री भएर आए पनि संसद्मा बोल्ने पहिलो कुरा नै भ्रष्टाचार नियन्त्रणको कुरा हुन्छ, तर भ्रष्टाचार भने दिन-प्रतिदिन बढेको पछिल्लो समय उजागर भइरहेका विभिन्न प्रकरणका तथ्यले देखाउँछन् । जसले भ्रष्टाचारविरुद्ध चर्का कुरा गर्छ, उही नै भ्रष्टाचारमा अगाडि देखिएका छन् । अनि भ्रष्टाचार कसरी रोकिन्छ । तलदेखि माथिसम्म सबैको मिलोमतोमा भ्रष्टाचार मौलाएको छ । प्रम प्रचण्डले पदको शपथ लिँदा 'मेरो पहिलो प्राथमिकता देशमा सुशासन हो' भनेका थिए । नेताले नै भ्रष्टाचारको फाइल बन्द गराउने गरेको तथ्य हामीसामु छर्लंग छ । ललितानिवास काण्ड, ओम्नी काण्ड, भुटानी शरणार्थी, सुन काण्डलगायत काण्डमा नेताहरूको दबाबमा एकपछि अर्को फाइल बन्द भए । हिम्मत गरेर वर्तमान प्रधानमन्त्रीले सबै काण्डका फाइल खोलून् र सुशासनको स्थापना गरेर देखाऊन् । जनता त्यसैको व्यग्र प्रतीक्षामा छन् ।

● **पुरुषोत्तम घिमिरे**, जोरपाटी, काठमाडौं

महानगरको प्रशंसनीय कार्य

काठमाडौं महानगरपालिकाले महानगरभित्रका महँगा अस्पतालमा अब विपन्न, बेवारिसे र असहाय बिरामीलाई अनिवार्य रूपमा निःशुल्क उपचार गर्न लगाउने भएको कुरा थाहा पाउँदा हर्षित भएँ । निजी कलेज र विद्यालयमा छात्रवृत्तिको नियमन गरेर वाहवाही कमाएको महानगरको यो कार्य पनि उत्तिकै प्रशंसनीय छ । सफल कार्यान्वयनको शुभकामना !

● **अनिता शर्मा**
भाटभटेनी, काठमाडौं

ब्रोकरलाई लगाम लगाऊ

हामीले सेयर खरिद गर्दा भोलिपल्टै सम्पूर्ण भुक्तानी ब्रोकर कम्पनीलाई बुझाइसक्नुपर्छ, तर ब्रोकर कम्पनीहरू भने लगानीकर्तालै सेयर बेचेको पैसा हप्तौंसम्म पनि सम्बन्धित व्यक्तिको खातामा नपठाई आफैंले प्रयोग गर्ने गर्छन् । सर्वसाधारण लगानीकर्ता यस्तो पैसा चलाएर ब्रोकर कम्पनीहरूले राम्रै कमाइधन्दा चलाइरहेका छन् । उनीहरूको यस्तो धन्दामाथि नियमनकारी निकायले कडाइ गरोस् ।

● **सर्वसाधारण लगानीकर्ताहरू**

प्रवर्तन निर्देशनालय : विपक्षीलाई तारो बनाउने संयन्त्र

भारतका विपक्षी नेताले प्रवर्तन निर्देशनालय (इडी)का गतिविधिलाई फरक मत दबाउने र आफूलाई पुनः निर्वाचित गराउने मोदीको हत्कण्डाका रूपमा बुझेका छन्

देश/विदेश

प्रवर्तन निर्देशनालय (इडी)को कार्यालय भारतको अर्थ मन्त्रालयको एक कुनामा थन्केको हुने गर्थ्यो । सम्पत्ति शुद्धीकरण र विदेशी मुद्रा विनिमय उल्लंघनको छानबिन गर्ने यो संस्थाले बिरलै समाचारमा ठाउँ पाउँथ्यो । सन् २००४ देखि २०१४ सम्ममा कांग्रेस गठबन्धनको सरकार चलिरहँदा यो संस्था खासै सक्रिय थिएन । भारतको एक महत्त्वपूर्ण मुद्दा रहेको सम्पत्ति शुद्धीकरणको छानबिन कांग्रेस गठबन्धनको दशकमा धेरै देखिएन । सो दशकमा इडीका एक सय १२ छापा परेका थिए र एउटा पनि प्रमाणित मुद्दा सतहमा आउन सकेको थिएन ।

तर, प्रधानमन्त्री नरेन्द्र मोदीको शासनकालमा इडी सबैभन्दा बढी भय सिर्जना गर्ने निकाय बनेको छ । सन् २०१४ मा मोदी प्रधानमन्त्री बनेयता इडीले तीन हजारभन्दा बढी सम्पत्ति शुद्धीकरण छापा हानेको छ र ५४ मामिलामा सम्पत्ति शुद्धीकरणका प्रमाण सतहमा आएका छन् । विवाद निम्त्याउने गरी विशेषतः मे महिनामा हुने चुनावअगाडि इडीले विपक्षी दलका दर्जनभन्दा बढी नेताको घरमा छापा हानेको छ । छापा हानिएका नेतामा पाँचजना नेता विपक्षी पार्टीका वरिष्ठ नेता नै हुन्, तर नरेन्द्र मोदीको भारतीय जनता पार्टी (भाजपा)का विवादित ठूला नेताका घरमा यो छापा परेको छैन । यही ३१ जनवरीका दिन इडीका अधिकारीले सम्पत्ति शुद्धीकरणका आरोपमा झारखण्डका मुख्यमन्त्री हेमन्त सोरेनलाई गिरफ्तार गरेको थियो । २७ विपक्षी पार्टीको गठबन्धनको एक मुख्य पार्टीका नेता सोरेनले आफूले केही पनि गलत नगरेको बताएका छन् ।

भारतका विपक्षी नेताले इडीका गतिविधिलाई फरक मतलाई दबाउने र आफूलाई पुनः निर्वाचित गराउने मोदीको हत्कण्डाका रूपमा बुझेका छन् । सोरेन भारतका इतिहासका एक मात्र मुख्यमन्त्री हुन्, जसलाई कार्यकाल छँदै गिरफ्तार गरिएको छ (प्राविधिक रूपमा उनले गिरफ्तारीभन्दा पहिले नै राजीनामा दिएका थिए) । सोरेन भाजपाविरोधी गठबन्धनका गिरफ्तार हुने पहिलो नेता पनि हुन् । तर, उनी अन्तिम नहुन सक्छन् । सोही दिन शक्तिशाली विपक्षी नेताका रूपमा चिनिएका आम आदमी पार्टीका नेता एवं दिल्लीका मुख्यमन्त्री अरविन्द केजरिवाललाई इडीले पाँचौंपटक डाकेको थियो । उनलाई बोलाउनुको पछाडि सम्पत्ति शुद्धीकरण सम्बन्धित मामिला नै थियो । केजरिवालका पार्टीका उपाध्यक्ष पहिलेदेखि जेलमा छन् र सुनुवाइ कुरिरहेका छन् । उनले पनि आफूले केही पनि गलत नगरेको बताएका थिए ।

इडीको तारोमा कांग्रेसका वरिष्ठ नेता पनि पर्छन्, स्मरण रहोस्, कांग्रेस भाजपाको मुख्य प्रतिद्वन्द्वी हो । तारोमा परेका वरिष्ठ नेतामा पूर्वअध्यक्ष सोनिया गान्धी र उनका छोरा राहुल गान्धी पनि पर्छन् । सोरेनको गिरफ्तारीलाई लिएर एक्सmा (पहिलेको ट्विटरमा) राहुल गान्धीले इडी र अन्य अनुसन्धानात्मक निकाय विपक्षी निर्मूल पार्न प्रयोग गरिएको लेखेका थिए । पोस्टमा 'भाजपा जो आफैं भ्रष्टाचारमा चुर्लुम्म भएको छ, त्यसले सत्तामोहका लागि लोकतन्त्रलाई नै मास्ने अभियान चलाइरहेको छ,' गान्धीले लेखेका थिए ।

जवाफमा भाजपाले इडीले कांग्रेस सरकारअन्तर्गत प्रकोप बनेको भ्रष्टाचारको सामना गरिरहेको दाबी गरेको छ । भाजपा अधिकारीले पनि सत्तामा हुँदा कांग्रेसले राज्य निकाय विशेषतः केन्द्रीय अनुसन्धान ब्युरो (सिबिआई) लाई विपक्षीलाई प्रताडित गर्न प्रयोग गरेको आरोप लगाउँछन् । भाजपाका नेता एवं गृहमन्त्री अमित शाहले डिसेम्बरमा एक कांग्रेस सांसदका घरमा इडी छापा मारेर दुई अर्ब रुपैयाँ नगद पत्ता लगाएपछि 'भ्रष्टाचार तिनीहरूको (कांग्रेसको) प्रकृति नै हो' भनेका थिए । 'प्रधानमन्त्री मोदीका विरुद्ध राज्यका निकाय दुरुपयोग भयो भनेर अभियान किन चलाइँदै छ भन्ने कुरो बल्ल बुझिरहेको छु,' गृहमन्त्री अमित शाह थप्छन् ।

भ्रष्टाचारविरोधी अभियन्ता कांग्रेस शासनकालमा भ्रष्टाचार अत्यधिक थियो भन्ने स्विकार्छन् । यी अभियन्ताले कांग्रेसले पनि अनुसन्धानात्मक निकायको दुरुपयोग गरेको स्विकार्छन्, तर मोदी कालमा झैं दुरुपयोग नगरेकोमा एकमत छन् । मोदी सरकारभन्दा पहिलेको सरकारका पालामा विपक्षी दलका नेतालाई तारो बनाउन ५४ प्रतिशत इडीको प्रयोग र ६० प्रतिशत सिबिआईको प्रयोग भएको इन्डियन एक्सप्रेस पत्रिकाले जनाएको छ । मोदी सत्ताको आठ वर्षमा यो आँकडा दुवै निकायमा ९५ प्रतिशतले बढेको देखिएको छ । अधिल्लो दशकमा भारतीय भ्रष्टाचार अनुसन्धाताले भाजपा केही व्यक्तिलाई तारो बनाए पनि भाजपाका पार्टी नेता, क्याबिनेट सदस्य र मुख्यमन्त्रीलाई भने तारो बनाएका थिएनन् । झन् त्यसवेला भाजपा छोडेका केही विपक्षी नेताविरुद्धको मुद्दा खारेज गरिएका वा अनुसन्धान फितलो बनाइएका थिए । मोदीले भ्रष्टाचारलाई जरैदेखि निर्मूल गरेको दाबी गर्छन् । विभिन्न अभियन्ता र प्राज्ञका अनुसार तल्लो तहको भ्रष्टाचार घटेको छ । तल्लो तहमा भ्रष्टाचार घट्नुका पछाडि डिजिटल भुक्तानी र आइडी प्रणाली जिम्मेवार छ, जसले सानातिना घुस लिने कर्मचारी घुस लिनबाट रोकेको छ । तर, भाजपाले ठूला पूर्वाधारमा ठूलो पैसा खन्याएकाले भाजपा सरकारका पालामा ठूलो स्तरको भ्रष्टाचार बढेको हुन सक्छ भनेर भ्रष्टाचारविरोधी अभियन्ता चिन्तित छन् । यी अभियन्ता पूर्वाधार क्षेत्रमा सरकार निकट कम्पनीलाई जिम्मा दिएर भ्रष्टाचार भएको हुन सक्ने आशंका गर्छन् ।



तस्बिर : अलामी

इडीले भारतका नियमन गरिएका मिडिया र गैरसरकारी संस्थालाई दबाब दिएर प्रभावकारी सुपरिवेक्षणमा बाधा पुऱ्याएको छ । वास्तवमा मिडिया र गैरसरकारी संस्थाले पनि भ्रष्टाचार र करसम्बन्धी कडा छानबिन एवं अनुसन्धानको सामना गरिरहेका छन् । वैश्विकस्तरमा भ्रष्टाचार भएनभएको नियमन गर्ने ट्रान्सपेरेन्सी इन्टरनेसनलको वार्षिक सर्वेक्षणका अनुसार भारत भ्रष्टाचारमा आठ स्थान तल झरेको छ, अर्थात् १८० स्थानमा ९३औं स्थानमा झरेको छ । भारतको अंक शून्य (अत्यधिक भ्रष्ट) र सय (भ्रष्टाचारमुक्त) बीचको मानकमा ३९ पुगेको छ । यसले भ्रष्टाचार बढेको वा घटेको भनेर निर्क्योल गर्न नसकिने ट्रान्सपरेन्सी इन्टरनेसनलले जनाएको छ । तर, इन्टरनेसनलले चुनावअगाडि 'नागरिक स्थान थप खुम्चेको' जनाएको छ ।

- द इकोनोमिस्टबाट

गिरीबन्धुले धमिल्याएको ओलीको छवि

यतिखेर गिरीबन्धु टी-इस्टेटको जग्गा प्रकरण पुनः चर्चामा छ । गिरीबन्धु घोटाला काण्डमा झन्डै ४० अर्बबराबरको राष्ट्रको सम्पत्ति नोक्सान हुने लागेको थियो । तर, सर्वोच्चका पाँच न्यायमूर्तिहरूको साहस र विवेकले राष्ट्रको अरबौंको सम्पत्ति जोगिएको छ । यसका लागि न्यायमूर्तिहरूलाई साधुवाद ! यस्तै प्रकृतिका थप १६९ वटा जग्गामा भूमाफियाहरूको आँखा परेको भनेर कोशी प्रदेशका पूर्वअर्थमन्त्री इन्द्र आडबोले बताएका छन् । न्यायालयको यो फैसलाले ती सबै प्रयासलाई निस्तेज बनाउन सक्छ । बिचौलियाको प्रलोभनमा हाम्रा नेता र नीति निर्माता कसरी पर्छन्, कसरी उनीहरूको स्वार्थअनुसार इमानदार सचिवहरूलाई सरुवा गरी भ्रष्ट सचिवहरूलाई पदस्थापन गरिन्छ भन्ने तस्बिर यो प्रकरणबाट छर्लंगसँग बाहिर आएको छ । धन कमाउने लोभमा हाम्रा नेताहरूले मन्त्रिपरिषद्बाटै निर्णय पारित गराउने र ऐन-कानुन नै बदल्नेसम्मका हर्कत गर्दा रहेछन् भन्ने पनि प्रस्ट भएको छ । यो सबै नीतिगत भ्रष्टाचार हो । यसमा तत्कालीन भूमिसुधारमन्त्री पद्मा अर्यालदेखि तकालीन प्रधानमन्त्री केपी ओलीसमेतको मिलेमतो देखियो । उनीहरूको चाहनाविना न ऐन-कानुन परिवर्तन हुन्थ्यो, न क्याबिनेटबाट सट्टापट्टाको निर्णय नै हुन्थ्यो । यसको नैतिक जिम्मेवारी ओलीले लिने कि नलिने ?

यी सबै प्रकरणमा कर्मचारीदेखि नेतासम्म, बिचौलियादेखि भूमाफियासम्म संगठित रूपमा नै जोडिएका छन् । सबैको मिली-भगतमा यस्ता अनियमितता भइरहेका छन् । तर, राजनीतिक नेतृत्व किन सधैं उम्किरहेका छन् ? उनीहरूलाई किन उन्मुक्ति दिइरहिएको छ ? दीपक मलहोत्राजस्ता खेलाडी र बिचौलियाको प्रभावमा परी तत्कालीन प्रधानमन्त्री केपी ओलीले तत्कालीन भूमिसुधारमन्त्री पद्मा अर्याललाई प्रयोग गरी जग्गा बिक्री वा सट्टापट्टा गर्न पाउने गरी कानुन नै बनाइदिए, जसको पछाडि ठूलो आर्थिक चलखेल थियो ।

● **गोपाल देवकोटा**, गोकर्णेश्वर-८ , काठमाडौं

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

युनिक नेपाल लघुवित्त वित्तीय संस्था लि.

"नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्र प्राप्त संस्था (१० जिल्ला कार्य क्षेत्र भएको)"

केन्द्रीय कार्यालय
कोहलपुर नगरपालिका वडा नं. ११ बाँके
लुम्बिनी प्रदेश, नेपाल
फोन नं. : ०८१-५४०२१३
ईमेल : unique.lbsl@gmail.com, वेब : www.uniquenepalmicrofinance.com.np

आ.व. २०७९/०८० (२०८० असार मसान्तसम्म) को परिस्कृत वार्षिक वित्तीय परिणाम

STATEMENT OF FINANCIAL POSITION
For the year ended 31 Ashad, 2080 (16 July, 2023)

Amount in NPR

	Note	"As at 31 Ashad, 2080"	"As at 32 Ashad, 2079"
Assets			
Cash and cash equivalent	4.1	342,758,058	127,640,608
Statutory Balances & Due from Nepal Rastra Bank	4.2	17,764,900	17,764,900
Placement with Bank and Financial Institutions	4.3	1,000,000	-
Derivative Financial Instruments.	4.4	-	-
Other trading assets	4.5	-	-
Loan and advances to MFIs & Cooperatives	4.6	-	-
Loans and advances to customers	4.7	3,491,954,668	3,713,899,597
Investment securities	4.8	-	-
Current tax assets	4.9	-	9,983,800
Investment property	4.10	-	-
Property and equipment	4.11	10,785,868	11,628,133
Goodwill and Intangible assets	4.12	-	-
Deferred tax assets	4.13	6,550,053	5,116,506
Other assets	4.14	9,960,637	5,878,121
Total Assets		**3,880,774,184**	**3,891,911,665**
	Note	**As at 31 Ashad, 2080**	**As at 32 Ashad, 2079**
Liabilities			
Due to Bank and Financial Instituions	4.15	617,733,012	824,409,384
Due to Nepal Rastra Bank	4.16	-	-
Derivative financial instruments	4.17	-	-
Deposits from customers	4.18	2,508,073,187	2,403,284,653
Borrowing	4.19	30,000,000	30,000,000
Current Tax Liabilities	4.9	1,885,765	-
Provisions	4.20	-	-
Deferred tax liabilities	4.13	-	-
Other liabilities	4.21	269,653,322	248,742,982
Debt securities issued	4.22	-	-
Subordinated Liabilities	4.23	-	-
Total liabilities		**3,427,345,286**	**3,506,437,018**
Equity			
Share capital	4.24	148,575,000	110,632,500
Share premium		-	-
Retained earnings		152,689,932	164,006,747
Reserves	4.25	152,163,966	110,835,399
Total equity attributable to equity holders		**453,428,898**	**385,474,646**
Non-controlling interest		**-**	**-**
Total equity		**453,428,898**	**385,474,646**
Total liabilities and equity		**3,880,774,184**	**3,891,911,665**
Contingent liabilities and commitment	4.26	-	-
Net assets value per share		305.19	348.43
For and on behalf of the Board		As per our Report dated 15.08.2080	

STATEMENT OF PROFIT OR LOSS
For the year ended 31 Ashad, 2080 (16 July, 2023)

Amount in NPR

	Note	"Year ended 31 Ashad, 2080"	"Year ended 32 Ashad, 2079"
Interest income	4.27	569,781,434	577,733,749
Interest expense	4.28	302,182,825	252,014,528
Net interest income		**267,598,609**	**325,719,220**
Fees and commission income	4.29	38,162,129	55,174,424
Fees and commission expense	4.30	5,661,111	12,690
Net fee and commission income		**32,501,018**	**55,161,734**
Net interest, Fee and Commission income		**300,099,626**	**380,880,954**
Net trading income	4.31	-	-
Other operating income	4.32	18,218,272	11,515,675
Total operating income		**318,317,898**	**392,396,629**
Impairment charge/(reversal) for loans and other losses	4.33	95,974,361	100,521,165
Net operating income		**222,343,537**	**291,875,465**
Operating expense			
Personnel expenses	4.34	97,421,717	103,779,474
Other operating expense	4.35	28,173,545	32,523,556
Depreciation & Amortisation	4.36	2,416,672	2,337,013
Operating Profit		**94,331,603**	**153,235,422**
Non operating income	4.37	3,154,710	4,588,026
Non operating expense	4.38	40,744,551	20,378,336
Profit before income tax		**56,741,761**	**137,445,112**
Income tax expense	4.39		
Current Tax		18,924,847	43,532,044
Deferred Tax		(1,207,683)	(1,850,239)
Profit for the Year		**39,024,597**	**95,763,306**
Profit attributable to:			
Equity holders of the Financial Institution		39,024,597	95,763,306
Profit for the period		**39,024,597**	**95,763,306**
Earnings per share			
Basic earnings per share		26.27	86.56
Diluted earnings per share		26.27	86.56
For and on behalf of the Board			As per our Report of even date

STATEMENT OF OTHER COMPREHENSIVE INCOME
For the year ended 31 Ashad, 2080 (16 July, 2023)

Amount in NPR

	Year ended 31 Ashad, 2080	Year ended 32 Ashad, 2079
Profit for the year	**39,024,597**	**95,763,306**
Other comprehensive income, net of income tax		
a) Items that will not be reclassified to profit or loss		
- Gains/(losses) from investments in equity instruments measured at fair value	-	-
- Gains/(losses) on revaluation		
- Actuarial gains/(losses) on defined benefit plans	(752,880)	192,817
- Income tax relating to above items	225,864	(57,845)
Net Other Comprehensive Income that will not be reclassified to profit or loss	**(527,016)**	**134,972**
b) Items that are or may be reclassified to profit or loss		
- Gains/(losses) on cash flow hedge	-	-
- Exchange gains/(losses) (arising from translating financial assets of foreign operation)	-	-
- Income tax relating to above items	-	-
- Reclassify to profit or loss	-	-
Net Other Comprehensive Income that are or may be reclassified to profit or loss	**-**	**-**
Other comprehensive income for the period, net of income tax	(527,016)	134,972
Total comprehensive income for the period	**38,497,581**	**95,898,278**
Total comprehensive income attributable to:		
Equity holders of the company	38,497,581	95,898,278
Non-controlling interest		-
Total comprehensive income for the period	**38,497,581**	**95,898,278**
For and on behalf of the Board	As per our Report in Even Date	

STATEMENT OF DISTRIBUTABLE PROFIT OR LOSS
For the year ended 31 Ashad, 2080 (16 July, 2023)

(As per NRB Regulations)
Amount in NPR

Particulars	FY 79.80	FY 78.79
Net profit or (loss) as per statement of profit or loss	39,024,597	95,763,306
Adjustments in Net profit or (loss) as per statement of profit or loss		
Less: Loss transferred from Merger	-	18,419,658
Adjusted Profit	**39,024,597**	**77,343,648**
Appropriations:		
a. General reserve	7,804,919	19,152,661
b. Foreign exchange fluctuation fund		
c. Capital redemption reserve		
d. Corporate social responsibility fund	390,246	957,633
e. Client Protection Fund	390,246	957,633
f. Other	2,227,583	1,867,476
- Deferred Tax reserve	-	-
Profit or (loss) before regulatory adjustment	**28,211,602**	**54,408,244**
Regulatory adjustment :		
a. Interest receivable (-)/previous accrued interest received (+)	(34,138,264)	(29,056,620)
b. Short loan loss provision in accounts (-)/reversal (+)	-	-
c. Short provision for possible losses on investment (-)/ reversal (+)	-	-
d. Short loan loss provision on Non Banking Assets (-)/ reserval (+)	-	-
e. Deferred tax assets recognised (-)/ reversal (+)	(1,433,547)	(5,116,506)
f. Goodwill recognised (-)/ impairment of Goodwill (+)	-	-
g. Bargain purchase gain recognised (-)/reserval (+)	-	-
h. Acturial loss recognised (-)/reversal (+)	(527,016)	134,972
i. Other (+/-)	-	-
Distributable profit or (loss)	**(7,887,225)**	**20,370,090**
	As per our report even date	

STATEMENT OF CASH FLOWS
For the year ended 31 Ashad, 2080 (16 July, 2023)

Amount in NPR

	"Year ended 31 Ashad, 2080"	"Year ended 32 Ashad, 2079"
CASH FLOWS FROM OPERATING ACTIVITIES		
Interest received	569,781,434	577,733,749
Fees and other income received	38,162,129	55,174,424
Dividend received	-	-
Receipts from other operating activities	18,218,272	11,515,675
Interest paid	(302,182,825)	(252,014,528)
Commission and fees paid	(5,661,111)	(12,690)
Cash Payment to Employees	(97,421,717)	(103,779,474)
Other expense paid	(161,737,748)	(148,835,031)
Operating cash flows before changes in operating assets and liabilities	**59,158,433**	**139,782,125**
(Increase)/Decrease in Operating Assets	**225,412,666**	**(922,534,845)**
Due from Nepal Rastra Bank	-	(4,275,000)
Placement with bank and financial institutions	(1,000,000)	-
Other trading assets	-	-
Loan and advances to bank and financial institutions	-	-
Loans and advances to customers	221,944,928	(906,081,144)
Other assets	**4,467,737**	**(12,178,700)**
Increase/(Decrease) in operating liabilities	**(79,091,733)**	**750,992,599**
Due to bank and financial institutions	(206,676,371)	363,153,606
Due to Nepal Rastra Bank	-	-
Deposit from customers	104,788,534	327,274,694
Borrowings	-	-
Other liabilities	22,796,105	60,564,300
Net cash flow from operating activities before tax paid	**205,479,366**	**(31,760,121)**
Income taxes paid	(18,924,847)	(43,532,044)
Net cash flow from operating activities	**186,554,519**	**(75,292,165)**
CASH FLOWS FROM INVESTING ACTIVITIES		
Purchase of investment securities	-	-
Receipts from sale of investment securities	-	-
Purchase of property and equipment	(1,574,407)	(5,904,134)
Receipt from the sale of property and equipment		-
Purchase of intangible assets	-	-
Receipt from the sale of intangible assets	-	-
Purchase of investment properties	-	-
Receipt from the sale of investment properties	-	-
Interest received		
Dividend received	-	-
Net cash used in investing activities	**(1,574,407)**	**(5,904,134)**
CASH FLOWS FROM FINANCING ACTIVITIES		
Receipt from issue of debt securities	-	-
Repayment of debt securities	-	-
Receipt from issue of subordinated liabilities	-	-
Repayment of subordinated liabilities	-	-
Receipt from issue of shares	37,942,500	13,812,500
Dividends paid	-	-
Interest paid		
Other receipt/payment	(7,805,162)	(9,697,829)
Net cash from financing activities	**30,137,338**	**4,114,671**
Net increase (decrease) in cash and cash equivalents	**215,117,450**	**(77,081,629)**
Cash and cash equivalents as at 1 Shrawan 2079	127,640,608	204,722,237
Effect of exchange rate fluctuations on cash and cash equivalents held		
Cash and cash equivalents as at 32 Asadh 2080	**342,758,058**	**127,640,608**

STATEMENT OF CHANGES IN EQUITY
For the year ended 31 Ashad, 2080 (16 July, 2023)

Attributable to equity holders of the Company

Particulars	Share Capital	Share Premium	General Reserve	Exchange Equalisation	Regulatory Reserve	Fair Value Reserve	Revaluation Reserve	Retained Earning	Other Reserve	Total	Total Equity
Balance as at Shrawan 1, 2078	**96,820,000**	**-**	**31,606,926**	**-**	**-**	**-**	**-**	**143,636,657**	**15,383,325**	**287,446,908**	**287,446,908**
Adjustments/ Restatement						-		-	(6,323,753)	(6,323,753)	(6,323,753)
Adjusted Restated Balance at Shrawan 1, 2078	**96,820,000**	**-**	**31,606,926**	**-**	**-**	**-**	**-**	**143,636,657**	**9,059,572**	**281,123,154**	**281,123,154**
Comprehensive Income for the year											
Profit for the year	**-**		**-**	**-**	**-**	**-**	**-**	**95,763,306**		**95,763,306**	**95,763,306**
Other Comprehensive income, net of tax	-	-	-	-	-	-	-	-		-	-
Gains/(losses) from investments in equity instruments measured at fair value	-	-	-	-	-	-	-	-		-	-
Net gain(loss) on revaluation	-	-	-	-	-	-	-	-		-	-
Actuarial gains/(losses) on defined benefit plans	-	-	-	-	-	-	-	-	134,972	134,972	134,972
Gains/(losses) on cash flow hedge	-	-	-	-	-	-	-	-		-	-
Exchange gains/(losses) (arising from translating financial assets of foreign operation)										-	-
Total comprehensive income for the year	**-**	**-**	**-**	**-**	**-**	**-**	**-**	**95,763,306**	**134,972**	**95,898,278**	**95,898,278**
Transfer to reserve during the year	**-**	**-**	**-**	**-**	**-**		**-**	**(3,782,742)**	**3,782,742**	**-**	**-**
General Reserve			19,152,661					(19,152,661)		-	-
Reserve transferred from Ghodi Ghoda			47,149					(18,419,658)	2,358	(18,370,152)	(18,370,152)
Capital Reserve								-	378,144	378,144	378,144
Regulatory Reserve					47,850,654			(34,038,154)		13,812,500	13,812,500
Transfer from the reserve during the year	**-**	**-**	**-**	**-**			**-**	**-**	**(1,179,779)**	**(1,179,779)**	**(1,179,779)**
Transactions with owners, directly recognized in equity										-	-
Shares issued	13,812,500	-	-	-	-	-	-	-		13,812,500	13,812,500
Share based payments	-	-	-	-	-	-	-	-		-	-
Dividends to equity holders:										-	-
Bonus Shares issued	-	-	-	-	-	-	-	-		-	-
Cash Dividend Paid	-	-	-	-	-	-	-	-		-	-
Other		-						-			
Total contributions by and distributions:	**13,812,500**	**-**	**-**	**-**	**-**	**-**	**-**	**-**		**13,812,500**	**13,812,500**
Balance as at Ashad End, 2079	**110,632,500**	**-**	**50,806,736**	**-**	**47,850,654**	**-**	**-**	**164,006,747.43**	**12,175,651**	**385,474,645**	**385,474,645**
Balance as at Shrawan 1, 2079	110,632,500	-	50,806,736	-	47,850,654	-	-	164,006,747	12,175,651	385,474,645	385,474,645
Adjustment/Restatement	-								2,358	-	-
Adjusted Restated Balance at Shrawan 1, 2079	**110,632,500**	**-**	**50,806,736**		**47,850,654**			**164,006,747**	**12,178,008**	**385,474,645**	**385,474,645**
Comprehensive Income for the year										-	-
Profit for the year	**-**	**-**	**-**	**-**	**-**	**-**	**-**	**39,024,597**		**39,024,597**	**39,024,597**
Other Comprehensive income, net of tax										-	-
Gains/(losses) from investments in equity instruments measured at fair value	-	-	-	-	-	-	-	-		-	-
Gains/(losses) on revalution	-	-	-	-	-	-	-	-		-	-
Atuarial gains/(losse) on defined benefit plans	-	-	-	-	-	-	-	-	(527,016)	(527,016)	(527,016)
Gains/(losses) on cash flow hedge	-	-	-	-	-	-	-	-		-	-
Exchange gains/(losses) (arising from translating financial assets of foreign operation)											-
Total comprehensive income for the year	-	-	-	-	-	-	-	39,024,597	(527,016)	38,497,581	38,497,581
Transfer to reserves during the year	-	-	7,804,919	-	36,098,827	-	-	(50,341,412)	6,437,666	-	-
Transfer from the reserve during the year	-	-	-	-				-	(8,485,828)	(8,485,828)	(8,485,828)
										-	-
Transactions with owners, directly recognized in equity										-	-
Share issued	37,942,500	-	-	-	-	-	-	-		37,942,500	37,942,500
Share based payments	-	-	-	-	-	-	-	-		-	-
Dividends to equity holders:										-	-
Bonus Shares issued		-	-	-	-	-	-	-		-	-
Cash Dividend Paid	-	-	-	-	-	-	-	-		-	-
Other											-
Total contributions by and distributions:	**37,942,500**	**-**	**-**	**-**	**-**	**-**	**-**	**-**		**37,942,500**	**37,942,500**
Balance as at Ashad End, 2080	**148,575,000**	**-**	**58,611,656**	**-**	**83,949,481**	**-**	**-**	**152,689,932**	**9,602,829**	**453,428,898**	**453,428,898**

Sahas Urja Ltd.

Kathmandu-01, Hattisar

Unaudited Statement of Financial Position

As on 29th Poush, 2080 (i.e. 14th January, 2024) 2nd Quarter FY 2080/81

Amount In NRs.

Particulars	FY 2080/81 2nd Quarter Ending	FY 2080/81 1st Quarter Ending	FY 2079/80 2nd Quarter Ending
Assets			
Non-Current Assets			
Property, Plant and Equipments	141,027,710	139,600,960	213,258,501
Less: Accumulated Depreciation	(91,918,673)	(88,818,423)	(73,747,523)
Total Property, Plant and Equipments	**49,109,037**	**50,782,537**	**139,510,978**
Computer Software	317,020	287,020	287,020
Less: Accumulated Amortization	(290,759)	(287,020)	(287,020)
Project Cost	16,517,908,222	16,403,057,146	15,104,823,279
Less: Accumulated Amortization	(523,549,326)	(370,335,440)	-
Total Intangible Assets	**15,994,385,157**	**16,032,721,706**	**15,104,823,279**
Prepayments	9,151,288	19,129,111	5,693,855
Right of Use Assets	2,895,327	3,619,159	-
Total Non Current Assets	**16,055,540,809**	**16,106,252,513**	**15,250,028,112**
Current Assets			
Other Current Assets	631,388,318	988,685,520	658,041,079
Cash And Cash Equivalents	174,454,923	175,954,739	65,153,016
Financial Assets held at fair value through Profit or Loss	257,320,400	7,320,400	7,220,400
Total Current Assets	**1,063,163,641**	**1,171,960,659**	**730,414,494**
Total Assets	**17,118,704,450**	**17,278,213,172**	**15,980,442,607**
Equity & Liabilities			
Shareholder's Fund			
Share Capital	3,500,000,000	3,500,000,000	3,500,000,000
Reserve and Accumulated Profit/(Loss)	2,603,865,327	2,499,184,506	2,314,446,251
Total Shareholder's Fund	**6,103,865,327**	**5,999,184,506**	**5,814,446,251**
Revaluation Surplus	**5,396,290**	**5,396,290**	**5,396,290**
Non Current Liabilities			
Medium & Long Term Loan	10,426,172,505	10,158,836,231	8,363,249,536
Total Non Current Liabilities	**10,426,172,505**	**10,158,836,231**	**8,363,249,536**
Current Liabilities			
Accounts Payables	25,175,092	23,615,611	230,338,879
Withholding & Retentions	80,828,290	347,522,804	478,134,344
Bridge Gap Loan	477,266,947	743,657,730	1,088,877,308
Total Current Liabilities	**583,270,328**	**1,114,796,145**	**1,797,350,530**
Total Equity & Liabilities	**17,118,704,450**	**17,278,213,172**	**15,980,442,607**

Unaudited Statement of Profit or Loss and other Comprehensive Income

For the Period from 1st Shrawan 2080 to 29th Poush 2080 (i.e. 17th July 2023 to 14th January, 2024)

Particulars	FY 2080/81 2nd Quarter Ending	FY 2080/81 1st Quarter Ending	FY 2079/80 2nd Quarter Ending
Revenue from Sale of Electricity	**1,533,670,835**	**893,348,470**	**-**
Less: Direct Expenses	(63,228,167)	(34,040,216)	-
Less: Amortisation of Project Cost	(298,959,823)	(149,264,610)	
Gross Profit	**1,171,482,844**	**710,043,644**	**-**
Construction Revenue as per IFRIC 12	-	-	1,431,264,944
Less: Construction expenses as per IFRIC 12	-	-	(1,213,553,455)
Add: Interest Income	-	-	-
Total Income	**1,171,482,844**	**710,043,644**	**217,711,490**
Less: Administrative Expenses	(49,459,782)	(25,979,560)	(1,716,000)
Less: Depreciation	(6,389,229)	(3,261,144)	-
Operating Profit/(Loss)	**1,115,633,833**	**680,802,940**	**215,995,490**
Finance income	-	-	-
Finance costs	(647,643,126)	(328,957,461)	-
Impairement	-	-	-
Net Finance Cost	**(647,643,126)**	**(328,957,461)**	**-**
Profit Before Tax and Staff Bonus	**467,990,707**	**351,845,479**	**215,995,490**
Staff Bonus	(9,359,814)	(7,036,910)	-
Profit Before Tax	**458,630,893**	**344,808,569**	**215,995,490**
Deferred Tax - Surplus (Expenses)	-	-	-
Income Tax Expenses	-	-	-
Other Comprehensive Income	-	-	-
Total Comprehensive Income	**458,630,893**	**344,808,569**	**215,995,490**

Notes:

1. The Financial Statements are prepared as per the Nepal Financial Reporting Standards (NFRS).
2. The other revenue shown in comparative figures are recognized as per the IFRIC 12: Service Concession Arrangement while the profit is recognized with respect to the Internal Rate of Return (IRR) calculated during the revision of the project cost (i.e. 17.94%).

धितोपत्र दर्ता तथा निष्काशन नियमावलि २०७३ को अनुसुचि-१४,
नियम २६ को उपनियम (१) सँग सम्बन्धित

आ. व. २०८०/०८१ को दोस्रो त्रैमासिक प्रतिवेदन

१) **वित्तिय विवरण**

(क) **त्रैमासिक अवधिको वासलात नाफा नोकसान विवरण :**

यस साहस उर्जा लि. को उपरोक्त त्रैमासिक अवधि सम्मको अपरिस्कृत वासलात र नाफा नोक्सान विवरण यसै साथ पेश गरिएको छ ।

(ख) **प्रमुख वित्तिय अनुपातहरू/परिसुचकहरू :**

प्रति शेयर आम्दानी (वार्षिकिकरण गरिएको)	२६.२१	पी.इ. रेसियो (वार्षिकिकरण गरिएको)	२१.५२
प्रति शेयर नेटवर्थ	१७४.५५	तरलता अनुपात	१.८२
प्रति शेयर कुल सम्पतिको मुल्य	४८९.११		

२) **व्यवस्थापकिय विश्लेषण :**

(क) **त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भए सोको प्रमुख कारण सम्बन्धि विवरण:**

समिक्षा अवधीमा परियोजनाबाट निरन्तर रुपमा उत्पादित विद्युत नेपाल विद्युत प्राधिकरणलाई विक्री गरिएको र नेपाल विद्युत प्राधिकरणबाट बिल बमोजिमको रकम भुक्तानी प्राप्त हुने गरेको छ । समिक्षा अवधीमा सोलु खोलामा पानीको बहाव क्रमिक रुपमा घटिरहेको र परियोजना खोलाको जलप्रवाहमा आधारित भएकाले सोही अनुरुप परियोजनाको विद्युत उत्पादनमा पनि कमी आएको ।

(ख) **व्यवस्थापनको विश्लेषणात्मक विवरण**

कम्पनीद्वारा प्रवर्द्धित सोलुखुम्बु स्थित सोलुखोला (दुधकोशी) जलविद्युत आयोजना-८६ मे.वा. को निर्माण सम्पन्न पश्चात निरन्तर व्यावसायिक उत्पादन भईरहेको छ । सम्पुर्ण शेयरधनीहरूको हितमा काम गर्दै कम्पनीलाई अगाडि बढाउन कम्पनीको उद्देश्य बमोजिम ३४१ मे.वा.को बुढीगण्डकी जलविद्युत आयोजना (PROR Type) आर्थिक तथा प्राविधिक दुवै पक्षबाट निर्माण तथा संचालनका लागि उपयुक्त देखिएकाले लगानी तथा प्रवर्द्धन गर्ने निर्णय गरिएको छ ।

३) **कानुनी कारवाही सम्बन्धि विवरण :**

(क) यस अवधिमा संगठित संस्थाले वा संस्थाको विरुद्ध कुनै मुद्दा दायर नभएको ।

(ख) संगठित संस्थाको संस्थापक वा संचालकले वा संस्था संचालकको विरुद्ध प्रचलित नियमको अवज्ञा वा फौजदारी अभियोग गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको भए कम्पनीको जानकारीमा नभएको ।

(ग) कुनै संस्था वा संचालक विरुद्ध आर्थिक अभियोग सम्बन्धमा कुनै मुद्दा दायर नभएको ।

४) **संगठित संस्थाको शेयर कारोबार सम्बन्धी विश्लेषण:**

(क) **धितोपत्र बजारमा भएको संगठित संस्थाको सेयर कारोबार सम्बन्धमा व्यवस्थापनको धारणा:**

कम्पनीलाई निर्माण तथा संचालन अनुमती प्राप्त सोलु खोला (दुधकाशी) जलविद्युत परियोजनाको व्यापारिक उत्पादन शुरु भई समिक्षा अवधीमा निरन्तर उत्पादन भईरहेका छ । शेयरको मुल्य तथा कारोवार बजारले निर्धारण गर्ने हुदाँ यस संस्थाको व्यवस्थापन शेयरको मुल्य तथा कारोबार प्रति तटस्थ छ साथै प्रचलित कानुन अनुसार सम्बद्ध निकायहरूलाई उपलब्ध गराउनु पर्ने सुचना तथा जानकारी भने संस्थाले उपलब्ध गराएको छ ।

(ख) **त्रैमासिक अवधिको शेयर कारोबार सम्बन्धि विश्लेषण:**

यस त्रैमासिक अवधिमा शेयरको अधिकतम, न्युनतम, अन्तिम मुल्य, कारोबार भएको कुल दिन तथा कारोबार संख्या :

नेपाल स्टक एक्सचेन्जको वेवसाइट www.nepalstock.com अनुसार ।

शेयरको अधिकतम मुल्य रु	५६७.००	कुल कारोबार संख्या	१९,६२१
शेयरको न्युनतम मुल्य रु	४०५.४०	कारोबार भएको कुल शेयर कित्ता	१४,८१,८६७
शेयरको अन्तिम मुल्य रु	५६४.००	कारोबार भएको कुल दिन	४९

५) **समस्या तथा चुनौति :**

कम्पनीद्वारा प्रवर्द्धित आयोजनाको व्यवसायिक उत्पादनको क्रममा मौसमको प्रतिकुलताका कारण नदीको वहावमा आउन सक्ने उतार चढावबाट श्रृजना हुन सक्ने चुनौतिहरू विद्यमान रहेको । कम्पनीको परियोजनाको निर्मित संरचना, उक्त संरचनामा जडान भएका उपकरणहरू तथा विद्युत उत्पादनको क्रममा आउन सक्ने समस्या तथा चुनौतीहरूको सामना गर्न प्राविधिकहरूसँग छलफल गरी समस्याहरूको समाधानमा अग्रसर रहेको

६) **संस्थागत सुशासन**

प्रचलित कानुन बमोजिमका प्रकृया पुऱ्याई कम्पनीको संस्थागत सुशासन कायम गरिएको छ ।

७) **सत्य तथ्यता सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषण :**

यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरूको शुद्धता सम्बन्धमा म अध्यक्ष व्यक्तिगत रुपमा उत्तरदायीत्व लिन्छु । मैले जानेबुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरू सत्य, तथ्य र यथार्थपरक छन् ।

नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेडको बैंकमा धितो राखेको चल/अचल सम्पत्ति लिलाम बिक्री गर्ने सम्बन्धी ०७ दिने अत्यन्त जरूरी सूचना

(प्रकाशित मिति : २०८०/१०/२६)

यस बैंक (साबिक नेपाल इन्भेष्टमेण्ट बैंक लि. र मेगा बैंक नेपाल लि. एक आपसमा गाभिएर बनेको संस्था)का तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकबाट उपभोग गर्नुभएको कर्जा रकम बैंकसँग गर्नुभएको कर्जा सम्झौता बमोजिम तिर्न बुझाउनको लागि बैंकबाट पटक पटक मौखिक, लिखित ताकेता गर्दा तथा देहाय बमोजिम विभिन्न मितिमा ऋण, कर्जा चुक्ता गर्न सार्वजनिक सूचना प्रकाशित गर्दा समेत सम्बन्धित ऋणीले ऋण कर्जा तिर्नेतर्फ पूर्ण वेवास्ता गरि कर्जा चुक्ता गर्नेतर्फ कुनै पहल नगरेकोले हुनाले यो लिलाम सूचना प्रकाशित गरिएको छ । लिलाम हुने दिनसम्म उक्त कर्जाको सम्पूर्ण साँवा, ब्याज तथा हर्जाना लगायतका अन्य दैदस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता भुक्तान गर्न गराउन सकिने व्यहोरा सम्बन्धित ऋणी तथा जमानीकर्ताहरु समेतलाई यो सूचनाद्वारा जानकारी गराईन्छ । उक्त म्यादभित्र समेत सो कर्जा चुक्ता नभएमा ऋणी लगायत सम्बद्ध सबैलाई नेपाल राष्ट्र बैंकद्वारा इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाहरुलाई जारी एकिकृत निर्देशन बमोजिम प्रक्रिया अगाडि बढाउने व्यहोरा जानकारी गराउँदै कर्जाको सुरक्षणको रुपमा बैंकलाई धितोबन्धक लेखिदिएका तपसिलमा उल्लेखित सम्पति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरि उल्लेखित बमोजिमको मिति, समय र स्थानमा **मोप्य शिलबन्दी बोलपत्रको माध्यमबाट** लिलाम बिक्री गरिने भएकाले सो सम्पति खरिद गरिलिन ईच्छुक महानुभावहरुको जानकारीको लागि समेत यो सूचना प्रकाशित गरिएको छ । उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षण धनी, इच्छुक खरिदकर्ता तथा सम्बद्ध सबैमा अनुरोध छ । कुनै कारणवश तपसिलमा उल्लेखित सम्पति लिलाम बिक्री नभएमा सो सम्पति अन्य व्यवस्था गरी बेचबिखन गर्नसक्ने वा प्रचलित कानून बमोजिम बैंकले सकार गरी लिनसक्ने र उक्त सम्पतिबाट बैंकको सम्पूर्ण बक्यौता रकम असुल उपर नभएमा प्रचलित कानून बमोजिम असुल उपर गर्न आवश्यक कारवाही अघि बढाईने व्यहोरा समेत जानकारी गराईन्छ ।

बोलपत्र पेश गर्ने अन्तिम मिति
२०८०/११/०३

बोलपत्र खोलिने मिति
२०८०/११/०४ दिउँसो १ बजे

तपसिल

क्र. स.	कर्जा शिर्षक	ऋणीको नाम, थर, वतन तथा व्यक्तिगत जमानीकर्ताहरुको विवरण	धितो सुरक्षणमा रहेको चल/अचल सम्पतिको विवरण
१.	विविध कर्जा	**ऋणीहरू :** **(क) न्यू कामधेनु पशु फर्म** प्र.फ.नं.घ.उ.का. : ७२७२/०६८/६२ ठेगाना : मैनहिया ०३, रुपन्देही **(ख) करुणा अटो सर्भिस सेन्टर प्रा.लि.** दर्ता नं. : २३१५१६/०७६/०७७ ठेगाना : सिद्धार्थनगर ०८, रुपन्देही **(ग) न्यू बुद्ध दुग्ध संकलन तथा खरिद बिक्री केन्द्र** सा.फ.र.नं. : ८०३/०७६/७७ ठेगाना : मैनहिया सियारी ०२, रुपन्देही **(घ) ढल बहादुर चौधरी** ठेगाना : सियारी ०२, रुपन्देही **(ङ) कल्पना देवी चौधरी** ठेगाना : सियारी ०२, रुपन्देही **व्यक्तिगत जमानीकर्ताहरू :** **१. ढल बहादुर चौधरी** (ना.प्र.नं. ३७/१०/१०५५, मिति २०४४/१२/१३ मा जि.प्र.का. रुपन्देहीबाट जारी भएको) बाबु : साधु सरन थारु बाजे : गौरीशंकर थारु **२. कल्पना देवी चौधरी** (ना.प्र.नं. ३७/३/२३४२, मिति २०५१/०२/२० मा जि.प्र.का. रुपन्देहीबाट जारी भएको) पति : ढल बहादुर चौधरी ससुरा : साधु सरन थारु **३. अजय चौधरी** (ना.प्र.नं. ११५५२, मिति २०५२/०८/२५ मा जि.प्र.का. रुपन्देहीबाट जारी भएको) बाबु : ढल बहादुर चौधरी बाजे : साधु सरन थारु **४. देव मणि चौधरी** (ना.प्र.नं. ३७-०१-७१-१०७२४, मिति २०७१/११/२७ मा जि.प्र.का. रुपन्देहीबाट जारी भएको) बाबु : ढल बहादुर चौधरी बाजे : साधु सरन थारु **५. चुरामणी चौधरी** (ना.प्र.नं. ३७१०३४/१२६६१, मिति २०६७/०१/१५ मा जि.प्र.का. रुपन्देहीबाट जारी भएको) बाबु : ढल बहादुर चौधरी बाजे : साधु सरन थारु **६. लक्ष्मी थारू** (ना.प्र.नं. ३७-०१-७३-०२०६६, मिति २०७३/०२/२१ मा जि.प्र.का. रुपन्देहीबाट जारी भएको) पति : चुरामणी चौधरी ससुरा : ढल बहादुर चौधरी	१. न्यू कामधेनु पशु फर्मको नाममा रुपन्देही जिल्ला मालपोत कार्यालय रुपन्देहीमा दर्ता कायम रहेको रुपन्देही जिल्ला, मैनहिया गा.वि.स./न.पा. वडा नं. ४ (ग) स्थित कि.नं. ५७८ (०-३-४ विगाहा) क्षेत्रफल भएको जग्गा तथा उक्त जग्गाले चर्चेको सम्पूर्ण लिगालिगापात समेत । २. न्यू कामधेनु पशु फर्मको नाममा रुपन्देही जिल्ला मालपोत कार्यालय मैरहवा, रुपन्देहीमा दर्ता कायम रहेको रुपन्देही जिल्ला, मैनहिया गा.वि.स./न.पा. वडा नं. ३ (ग) स्थित कि.नं. ४६४ (०-१-३-० विगाहा), कि.नं. १० (१-७-३-० विगाहा), कि.नं. ७ (०-४-२-० विगाहा), कि.नं. १२ (१-४-११-० विगाहा), कि.नं. २८(०-१-२-० विगाहा), कि.नं.२२(०-१-१७-० विगाहा), कि.नं.३०(०-१-३-० विगाहा), कि.नं. ३१ (०-०-१६-० विगाहा) र कि.नं. ९ (०-०-१८-० विगाहा) क्षेत्रफल भएका जग्गाहरु तथा उक्त जग्गाहरुले चर्चेको सम्पूर्ण लिगालिगापात समेत । ३. ढल बहादुर चौधरीको नाममा रुपन्देही जिल्ला मालपोत कार्यालय रुपन्देहीमा दर्ता कायम रहेको रुपन्देही जिल्ला, मैनहिया गा.वि.स./न.पा. वडा नं. ३ (ख) स्थित कि.नं. ६७२ (०-१-०-० विगाहा), कि.नं. १५१ (०-३-१०-० विगाहा), कि.नं. ६७४ (०-१-६-० विगाहा), कि.नं. ६७० (०-०-३-० विगाहा), कि.नं. १७ (०-८-१५-० विगाहा) र ऐ.ऐ. वडा नं. ३ (ग) स्थित कि.नं. ५४० (०-२-१५-० विगाहा) क्षेत्रफल भएका घर/जग्गाहरु तथा उक्त घर/जग्गाहरुले चर्चेको सम्पूर्ण लिगालिगापात समेत । ४. कल्पना देवी चौधरीको नाममा रुपन्देही जिल्ला मालपोत कार्यालय रुपन्देहीमा दर्ता कायम रहेको रुपन्देही जिल्ला, हाटिबनगाई गा.वि.स./न.पा. वडा नं. ५ (क) स्थित कि.नं. ८८३ (०-०-११ विगाहा) र कि.नं. ८८४ (०-२-० विगाहा) क्षेत्रफल भएका घर/जग्गाहरु तथा उक्त घर/जग्गाहरुले चर्चेको सम्पूर्ण लिगालिगापात समेत । ५. यस बैंकको नाममा दर्ता रहेको तपसिल बमोजिमको सवारी साधन : कम्पनीको नाम : FORD INDIA सवारीको मोडेल : Ecosport 1.5 निर्माण वर्ष : 2020 ईन्जिन नं. : LT81957 च्यासिस नं. : MAJAXXMRKALT 81957 सवारी दर्ता नं. : प्रदेश ३ -०१ ०२४ च ५५७२
२.	विविध कर्जा	**ऋणी : मुक्तिनाथ डेभलपमेन्ट एण्ड हाउजिङ्ग प्रा.लि.** दर्ता.नं. : १२१३८१/०७०/७१ ठेगाना : सिद्धार्थनगर न.पा- ३, रुपन्देही **व्यक्तिगत जमानीकर्ताहरु :** **१. अजित मल्ल** (ना.प्र.नं. २/२६११, मिति २०५१/१०/१२ मा जि.प्र.का. रुपन्देहीबाट जारी भएको) बाबु : छत्रपति सिंह मल्ल बाजे : तेज बहादुर मल्ल **२. कोमल मल्ल** (ना.प्र.नं. ३११३७, मिति २०३५/१२/१९ मा जि.प्र.का. रुपन्देहीबाट जारी भएको) पति : छत्रपति सिंह मल्ल ससुरा : तेज बहादुर मल्ल **३. प्रतिष्ठा चालिसे** (ना.प्र.नं. २०५५/८०१०, मिति २०५८/०३/११ मा जि.प्र.का. काठमाण्डौबाट जारी भएको) पति : अजित मल्ल ससुरा : छत्रपति सिंह मल्ल	१. मुक्तिनाथ डेभलपमेन्ट एण्ड हाउजिङ्ग प्रा.लि.को नाममा रुपन्देही जिल्ला मालपोत कार्यालय रुपन्देहीमा दर्ता कायम रहेको रुपन्देही जिल्ला, पकडी सकोन गा.वि.स./न.पा. वडा नं. ०३ (ग) स्थित कि.नं. ४२४ (०-३-६-० विगाहा) र कि.नं. ४३३ (०-०-८-० विगाहा) क्षेत्रफल भएका जग्गाहरु तथा उक्त जग्गाहरुले चर्चेको सम्पूर्ण लिगालिगापात समेत । २. मुक्तिनाथ डेभलपमेन्ट एण्ड हाउजिङ्ग प्रा.लि.को नाममा रुपन्देही जिल्ला मालपोत कार्यालय रुपन्देहीमा दर्ता कायम रहेको रुपन्देही जिल्ला, बर्सौली गा.वि.स./न.पा. वडा नं. ०३ (क) स्थित कि.नं. २८३ (०-३-१४-० विगाहा), कि.नं. २८८ (०-४-१५-० विगाहा), कि.नं. २८९ (०-३-७-० विगाहा), कि.नं. २९१ (०-३-२-० विगाहा), कि.नं. २९३ (०-३-७-० विगाहा), कि.नं. ७६६ (०-९-१६-० विगाहा), कि.नं. ७६७ (०-९-१६-० विगाहा), कि.नं. ८२९ (०-१-१७.५-० विगाहा), कि.नं. ८३० (०-१-१७.५-० विगाहा), कि.नं. ८८६ (०-२-०-० विगाहा), कि.नं. २८५ (०-३-१९-० विगाहा), कि.नं. ८८५ (०-६-१५-० विगाहा) र कि.नं. ३०५ (०-४-१०-० विगाहा) क्षेत्रफल भएका जग्गाहरु तथा उक्त जग्गाहरुले चर्चेको सम्पूर्ण लिगालिगापात समेत । ३. अजित मल्लको नाममा रुपन्देही जिल्ला मालपोत कार्यालय मैरहवा, रुपन्देहीमा दर्ता कायम रहेको रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा. वडा नं. ०३ स्थित कि.नं. २२९ (२,८७०.९८ व.मि.) क्षेत्रफल भएको जग्गा तथा उक्त जग्गाले चर्चेको सम्पूर्ण लिगालिगापात समेत । ४. कोमल मल्लको नाममा रुपन्देही जिल्ला मालपोत कार्यालय मैरहवा, रुपन्देहीमा दर्ता कायम रहेको रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा. वडा नं. ०३ स्थित कि.नं. ६६ (३,७२२.४० व.मि.) क्षेत्रफल भएको घर/जग्गा तथा उक्त घर/जग्गाले चर्चेको सम्पूर्ण लिगालिगापात समेत ।

धितो लेखिदिने तथा व्यक्तिगत जमानी दिनेलाई सूचना :

उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै प्रकाशित सूचनाको म्यादभित्र शिघ्र कर्जा भुक्तानी गरि/गराई आफ्नो सम्पतिको उचित संरक्षण गर्नुहुन समेत यसै सूचनाबाट अनुरोध गरिएको छ । तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुने भएकोले लिलाम हुँदाका दिन लिलाममाट कायम हुने धितो मूल्य घटी वा बढी हुने प्रक्रियामा समेत धितो धनीलाई उपस्थित हुन सूचित गरिएको छ । धितो ले खिदिएको सम्पति लिलाम बिक्री गरि वा बैंक आफैले सकार गर्दा समेत सावितकमा बैंकबाट भएको मूल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरिलिएमा पछि मेरो/हाम्रो सम्पतिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरिलियो भनी कहि कतै उजुर बाजुर गर्न पाउनुहुनेछैन । साथै धितो लिलाम बिक्री सम्बन्धि अन्य शर्तहरु बोलपत्र फारामका उल्लेख भए बमोजिम हुनेछन् ।

NIMB नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि. NEPAL INVESTMENT MEGA BANK LTD.

नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड
दरबारमार्ग काठमाडौं, नेपाल, पोष्ट बक्स नं.: ३४१२
फोन नं. ९७७-१-४२२८२२९, ४२४२५३०
इमेल: info@nimb.com.np, वेबसाइट: www.nimb.com.np

क्यान इन्फोटेक सुरु



नयाँ पत्रिका

बिहीबारदेखि क्यान इन्फोटेक २०२४ सुरु भएको छ । पाँच दिनसम्म सञ्चालन हुने क्यान इन्फोटेकको यो २९औँ संस्करण सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले उद्घाटन गरेकी छिन् । उद्घाटन कार्यक्रममा मन्त्री शर्माले सूचना प्रविधिको विकासका लागि तीनै तहका सरकारले निजी क्षेत्रसँग सहकार्य गर्न आवश्यक रहेको बताइन् । उनले भनिन्, 'सूचना प्रविधि क्षेत्रमा देखिएको चुनौतीलाई व्यवस्थापन गर्न दक्ष जनशक्ति तथा पूर्वाधार निर्माण गर्न संघ, प्रदेश र स्थानीय तहमा निजी क्षेत्रसँग साझेदारी, सहकार्य र समन्वय गर्न सरकार प्रतिबद्ध छ ।'

नेपालमा पहिलोपटक राष्ट्रिय साइबर सुरक्षा नीति, २०८० जारी गरेर कार्यान्वयनमा ल्याइएको र डेटा सुरक्षा, साइबर सुरक्षालगायतका क्षेत्र समेटेर सूचना प्रविधिसम्बन्धी कानुनको तयारी भइरहेको उनले जानकारी दिइन् । प्रदर्शनीस्थल भृकुटीमण्डपमा सूचना प्रविधिसम्बन्धी एक सय ५० वटा स्टल रहेका छन् । क्यान महासंघका महासचिव चिरञ्जीवी अधिकारीले नेपाली नवप्रवर्तन, अनुसन्धान तथा आविष्कारको क्षेत्रमा क्रियाशील उत्पादन तथा प्रतिभालाई प्रोत्साहन गर्न निःशुल्क स्टलको व्यवस्था गरिएको बताए । इन्फोटेकको अवलोकन गर्न सर्वसाधारणका लागि सय रुपैयाँ र विद्यार्थीका लागि ५० रुपैयाँ शुल्क तोकिएको छ ।

प्रदर्शनीमा विभिन्न कम्पनीहरूले आफ्ना वस्तु तथा सेवा उपभोक्तामाझ छुट योजना पनि सार्वजनिक गरेका छन् । कम्प्युटर एसोसिएसन नेपाल महासंघ कोशी प्रदेशको इटहरीमा प्रदेशस्तरीय पाँचदिने 'क्यान इन्फोटेक' आउँदो फागुन १० गतेदेखि १५ गतेसम्म सुनसरी जिल्ला शाखाको आयोजनामा छैटौं संस्करण आयोजना हुँदै छ ।

पुरानकोटमा २८ पिर्के रोटेपिङ निर्माण



लमजुङमा **शान्ता कमली**

तामाङ समुदायको महान् पर्व २८६०औँ सोनाम ल्होसारको अवसरमा पुरानकोट फोम्रेमा परम्परागत २८ पिर्के रोटेपिङ निर्माण गरिएको छ । पुरानकोटको स्थानीय बुद्ध मिलन समाजले लमजुङको बेसीसहर नगरपालिका-४ पुरानकोटमा २८ पिर्के रोटेपिङ निर्माण गरेको हो । पिङको बुधबार बेसीसहर नगरपालिका प्रमुख गुमानसिंह अर्यालले उद्घाटन गरेका हुन् ।

पिङको माध्यमबाट मौलिक संस्कृति संरक्षण गर्ने, पर्यटन प्रवर्द्धन गर्ने, पुरानकोटको पर्यटकीय स्थलको प्रचारप्रसार गर्ने र आन्तरिक तथा बाह्य पर्यटकलाई पुरानकोट भित्र्याउने लक्ष्य राखिएको आयोजक बुद्ध मिलन समाज फोम्रेका अध्यक्ष देवमाया तामाङले बताइन् ।

कार्यक्रममा बोल्दै नगर प्रमुख अर्यालले परम्परागत रोटेपिङले गाउँघरमा रौनक हुनुका साथै आन्तरिक पर्यटन प्रवर्द्धन र संस्कृति संरक्षणमा थप टेवा पुग्ने विश्वास व्यक्त गरे । उक्त पिङ कुल चार लाख ७५ हजार लागतमा निर्माण गरिएको बुद्ध मिलन समाजले जनाएको छ । पिङ निर्माणका लागि बेसीसहर नगरपालिकाले एक लाख ५० हजार र बेसीसहर ४ वडा कार्यालयले २० हजार रुपैयाँ सहयोग गरेका छन् । सोबाहेक अन्य रकम स्थानीय समुदाय, फोम्रे घर भई हाल स्वदेश तथा विदेशमा रहने स्थानीय, विभिन्न स्थानका तामाङ समुदायका संघसंस्था तथा व्यक्तिबाट प्राप्त सहयोगबाट पिङ निर्माण गरिएको कार्यक्रम संयोजक राजकुमार तामाङले बताए । सम्भवतः नेपालमै पहिलोपटक पुरानकोटको फोम्रेमा २८ पिर्के पिङ निर्माण गरिएको उनको दाबी छ ।

मेरो अटो राइड-२०२४ आजदेखि

काठमाडौं/ आन्तरिक पर्यटन प्रवर्द्धनमा मोटरसाइकल राइडरलाई जोड्ने लक्ष्यसहित शुक्रबार 'मेरो अटो राइड-२०२४' सुरु हुँदै छ । दुई दिनसम्म चल्ने राइडमा विभिन्न क्षेत्रमा कार्यरत 'प्रोफेसनल'हरू सहभागी हुने आयोजकले जनाएको छ ।

आन्तरिक पर्यटन प्रवर्द्धनलाई जोड दिने र प्रोफेसनलमा राइडिङ कल्चरको विकास गर्ने उद्देश्यसहित हुन लागेको राइडमा करिब २५ वटा मोटरसाइकल सहभागी हुने बताइएको छ । 'हामी पर्यटन प्रवर्द्धनका लागि प्रोफेसनलहरूलाई पनि टुरिजममा जोड्नुपर्छ भन्ने सोचसहित राइड गराउँदै छौं,' कार्यक्रम संयोजक हरि गजुरेलले भने, 'यस कार्यक्रममा सहभागी हुनेहरूले आफ्नो आँखैअगाडि सर्वोच्च शिखर सगरमाथालगायत हिमाल देख्न पाउनेछन् ।'



काठमाडौंको नक्सालमा रहेको बाइकर्स क्याफेबाट सुरु हुने राइड धुलिखेल-खुर्कोट-घुर्मी-ओखलढुंगा हुँदै सोलुखुम्बुको पतालेबजारसम्म पुग्नेछ ।

मेरो अटोले विगत वर्षमा चारपांग्रे कार/जिपको च्याली गर्दै आएकोमा यस वर्षदेखि दुईपांग्रे मोटरसाइकल राइड पनि सुरु गरेको हो ।

२७.३४ प्रतिशतले बढ्यो अपि पावरको नाफा

काठमाडौं/ चालू आर्थिक वर्ष ०८०/८१ को ६ महिनामा अपि पावर कम्पनीले सात करोड ९४ लाख ५३ हजार नाफा कमाएको छ । कम्पनीले हालै सार्वजनिक गरेको चालू आवको दोस्रो त्रैमासिक अपरिष्कृत वित्तीय विवरणले यस्तो देखाएको हो । कम्पनीको यो नाफा गत आवको सोही अवधिको तुलनामा २७.३४ प्रतिशतले बढी हो ।

गत आवको सोही अवधिमा कम्पनीले ६ करोड २३ लाख ९३ हजार रुपैयाँ खुद नाफा कमाएको थियो । समिक्षा अवधिमा कम्पनीले विद्युत् बिक्रीमार्फत ६२ करोड ६६ लाख रुपैयाँ आम्दानी गरेको छ । यो गत आवको भन्दा १२६ प्रतिशतले बढी हो । गत आवको सोही अवधिमा कम्पनीले २७ करोड ४२ लाख ५० हजार आम्दानी गरेको छ ।

समीक्षा अवधिमा कम्पनीको प्रतिसेयर आम्दानी ३.२५ प्रतिशतबाट २.७५ प्रतिशतमा खुम्चिएको छ । विशेष गरी चुक्ता पुँजीमा आएको वृद्धिले नाफा बढे पनि प्रतिसेयर आम्दानी नबढेको कम्पनीको भनाइ छ । समीक्षा अवधिमा कम्पनीको प्रतिसेयर नेटवर्थ भने १०३.३१ रुपैयाँ पुगेको छ ।

अर्थ पत्रिका

नयाँ पत्रिका
शुक्रबार २६ माघ ०८०

भुक्तानी नपाएको भन्दै पाँच ब्रोकरविरुद्ध सात सय ८० उजुरी

भोजराज भण्डारी/नयाँ पत्रिका

बिक्री गरेको सेयरको भुक्तानी नपाएको भन्दै पाँच ब्रोकरविरुद्ध सबैभन्दा बढी उजुरी परेको छ। नेपाल धितोपत्र बोर्डका अनुसार पछिल्लो आठ महिनामा सबैभन्दा बढी ब्रोकर नं ५८ विरुद्ध उजुरी परेको छ। उक्त ब्रोकर कम्पनीविरुद्ध भुक्तानी नपाएको भन्दै चार सय ५९ वटा उजरी दर्ता भएको बोर्डले जनाएको छ। उक्त अवधिमा विभिन्न ब्रोकरसँग सम्बन्धित सात सय ८० वटा उजुरी दर्ता भएको बोर्डका एक अधिकारीले बताए। दर्ताअनुसार ब्रोकर नम्बर ३८ दीपशिखा धितोपत्रले रकम नदिएको भन्दै एक सय १४ वटा उजुरी परेका छन्। ब्रोकर नम्बर ४९ अनलाइन सेक्युरिटिजविरुद्ध एक सय १६, ब्रोकर नम्बर ४६ कालिका सेक्युरिटिजविरुद्ध २२, ब्रोकर नम्बर ३४ भिजन सेक्युरिटिजविरुद्ध ४६ र ब्रोकर नम्बर ३५ कोहिनुर इन्भेस्टमेन्ट एन्ड सेक्युरिटिजविरुद्ध २३ वटा उजुरी परेको बोर्डले जानकारी दिएको छ।

बोर्डका एक अधिकारीका अनुसार ब्रोकरले ६१ दिनसम्म पनि सेयर बिक्री गरेको रकम भुक्तानी नदिएको गुनासो बोर्डमा परेको छ। ब्रोकरबाट समस्याको समाधान नभएपछि सर्धै नियामक निकायमा लगानीकर्ताले उजुरी गरेका हुन्। केही समस्या देखिएको उजुरी शाखामा अनलाइनमार्फत उजुरी गर्न सकिने बोर्डले व्यवस्था गरेको छ। तर, नेपाल स्टक एक्सचेन्जको सदस्यका रूपमा ब्रोकर पनि रहेका हुन्छन्। लगानीकर्ताले नेप्सेमार्फत नभई सीधै उजुरी गरेपछि धितोपत्र बोर्डले भुक्तानीको विषयलाई गम्भीर रूपमा लिएको छ। बोर्डका निमित्त कार्यकारी निर्देशक डा. नवराज अधिकारीले नेपाल स्टक एक्सचेन्जका कार्यकारी प्रमुख कृष्णबहादुर कार्कीलाई भेटेर अहिले देखिएको भुक्तानीको समस्या समाधानका विषयमा बुझ्ने आवश्यक कारबाहीका लागि सिफारिस गर्न निर्देशन दिएका छन्। उनले भने, 'मैले नेप्से प्रमुखलाई भेटेर अहिले देखिएको समस्या के कारणले भएको हो, जानकारी लिएर ब्रोकरलाई कारबाही गर्न सिफारिस गर्नुस्, हामी कारबाही गर्न तयार छौं भनेका छौं।' लगानीकर्ताले उधारोमा सेयर बिक्री गर्दा पनि समस्या देखिएको ब्रोकरको गुनासो छ। ब्रोकरले लगानीकर्ताको सम्बन्ध र पहुँचका आधारमा उधारोमा सेयर बिक्री गर्ने र त्यस्ता लगानीकर्ताले सेयर किनेको रकम ब्रोकरलाई समयमै भुक्तानी नगर्दा समस्यामा देखिएको एक ब्रोकरले बताए। उनले भने, 'लाखौं रकमबराबरको सेयर किनेर राख्यो, पछि लगानीकर्ताले भुक्तानी गर्न ढिला हुन्छ, अनि लगानीकर्ताले बेचेको सेयरको भुक्तानीमा समस्या हुनुको कारण एउटा उधारो सेयर बिक्री पनि हो।'



समस्या भए शाखामै गुनासो राख्नु : स्टक ब्रोकर एसोसिएसन

नेपाल स्टक ब्रोकर एसोसिएसनले सेयर भुक्तानीमा समस्या नभएको बताएको छ। बिहीबार विज्ञप्ति जारी गर्दै कुनै कारण भुक्तानीमा समस्या भए सम्बन्धित शाखामा गुनासो गर्न पनि आग्रह गरेको हो। सम्पन्न भएका कारोबारको राफासाफ धितोपत्र दलाल व्यवसायीका कारणबाट समयमै हुन नसकेको एउटै मात्र पनि उदाहरण हालसम्म नभएको ब्रोकरको दाबी छ। विज्ञप्तिमा भनिएको छ, 'कहिलेकाहीं पूर्वानुमान नगरिएका प्राविधिक तथा पत्रियागत समस्याका कारण लगानीकर्तालाई समयमै सेवा प्रदान गर्न नसकेको अवस्थामा संघले त्यसलाई तत्काल सम्बोधन गर्छ।'

पछिल्लो समय सेयर बिक्रीको रकम भक्तानीमा भइरहेका समस्यालाई लिएर संघले गत १९ माघमा पनि विज्ञप्ति जारी गरेको थियो। ब्रोकरले अनलाइन प्रणालीबाट प्राविधिक कारणले तत्काल भुक्तानी हुन नसकेको र माघको पहिलो हप्ता नेपाल स्टक एक्सचेन्जले टिएमएस मर्मत-सम्भार गर्दा पनि भुक्तानी समस्या भएको र अहिले त्यो अवस्था नरहेको एसोसिएसनको दाबी छ।

लगानी सम्मेलनका लागि १० ऐन र दुई विनियमावली संशोधन गर्न प्रस्ताव





लगानी आकर्षण गर्ने अभूतपूर्व अवसर छ

● **प्रकाशशरण महत**, अर्थमन्त्री

लगानी आकर्षण गर्न हाम्रा लागि अभूतपूर्व अवसर छ। विदेशी लगानीकर्ताका साथै नेपाली लगानीकर्ता एवं गैरआवासीय नेपालीलाई समेत आकर्षित गर्न कानुनी र नीतिगत सुधारमा सरकारले कुनै कसर बाँकी राख्नेछैन। लगानी सहजीकरण, परियोजना कार्यान्वयन र सञ्चालन तथा नाफा फिर्ता लैजान सरल व्यवस्था गरी नेपाल लगानीको उत्कृष्ट गन्तव्य हो भन्ने सन्देश विश्व समुदायमा पुऱ्याउने लगानी सम्मेलनको प्रमुख ध्येय हो।

मिलन विश्वकर्मा/नयाँ पत्रिका

तेस्रो संस्करणको लगानी सम्मेलनलाई लक्षित गरेर १० ऐन र दुई विनियमावली संशोधन गर्न प्रस्ताव गरिएको छ। सरकारले आगामी वैशाख १६ र १७ गते सरकारले तेस्रो संस्करणको लगानी सम्मेलन गर्दै छ। सम्मेलनका लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका सचिव एकनारायण अर्यालको संयोजकत्वमा बनेको नीति, कानुन तथा संरचनागत सुधार कार्यदलले यस्तो प्रस्ताव गरेको हो। औद्योगिक व्यवसाय ऐन, ०७६, विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, ०७५, विशेष आर्थिक क्षेत्र ऐन, ०७३, वन ऐन, ०७६, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, ०२९, भूमिसम्बन्धी ऐन, ०२१ संशोधन गर्नुपर्ने प्रस्ताव गरिएको छ। यसैगरी जग्गा प्राप्ति ऐन, ०३४, वातावरण संरक्षण ऐन, ०७६, विद्युतीय (इलेक्ट्रोनिक) कारोबार ऐन, ०६३, नेपाल नागरिक उड्डयन प्राधिकरण ऐन, ०५३, विदेशी लगानी तथा प्रविधि हस्तान्तरण नियमावली, ०७७ र वन नियमावली, ०७९ संशोधन गर्नुपर्ने बताइएको छ।

उद्योग, व्यवसाय एवं लगानीमा देखिएका कानुनी तथा नीतिगत अवरोध हटाउने र निर्माण परियोजना कार्यान्वयनमा देखिएका अप्ठ्यारा तथा ढिलासुस्ती हटाउन उक्त ऐन तथा विनियमावली संशोधन गर्नुपर्ने कार्यदलको भनाइ छ। बिहीबार सम्पन्न लगानी सम्मेलन निर्देशक समितिको तेस्रो बैठकमा यसबारे छलफलसमेत भएको छ।

निजी क्षेत्रसमेतको सहभागितामा यससम्बन्धी प्रतिवेदन तयार गरिएको थियो। त्यसमा मुख्य सचिव संयोजकत्वको लगानी सम्मेलन कार्यान्वयन समितिको बैठकमा प्राप्त टिप्पणीसमेत समावेश गरी तयार भएको प्रतिवेदनमा आधारित रहेर उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयमार्फत लगानी सहजीकरण गर्न केही नेपाल ऐन संशोधन गर्न बनेको विधेयक, २०८० मन्त्रिपरिषद्को स्वीकृतिपश्चात् अनुमोदनका लागि संसदीय प्रक्रियामा प्रवेश गर्नेछ।

यस्तै, बैठकमा लगानी सम्मेलनमा प्रस्तुत हुने परियोजनाको तयारीका सम्बन्धमा प्राविधिक समितिका संयोजक उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिव मुकुन्द निरौलाले प्रस्तुतीकरण गरेका थिए। प्राविधिक समितिले परियोजना अध्ययनको विभिन्न चरणमा रहेका परियोजना वर्गीकरण गरी परियोजनाको प्रारम्भिक सूची तयार गरी थप गृहकार्य अघि बढाएको छ।

लगानी सम्मेलनसम्बन्धी समग्र तयारीबारे लगानी सम्मेलन सचिवालयका संयोजक तथा लगानी बोर्ड नेपालका प्रमुख कार्यकारी अधिकृत सुशील भट्टले विस्तृत प्रस्तुतीकरण गरेका थिए।

बैठकलाई सम्बोधन गर्दै अर्थमन्त्री प्रकाशशरण महतले नेपालमा लगानी गर्न अन्तर्राष्ट्रिय लगानीकर्ताबाट चासो प्राप्त भइरहेको बताए। यस्तै, उनले गम्भीरताका साथ परियोजनाको तयारी गर्न निर्देशन दिए।

'लगानी आकर्षण गर्न हाम्रा लागि अभूतपूर्व अवसर छ। विदेशी लगानीकर्ताका साथै नेपाली लगानीकर्ता एवं गैरआवासीय नेपालीलाई समेत आकर्षित गर्न कानुनी र नीतिगत सुधारमा सरकारले कुनै कसर बाँकी राख्नेछैन,' उनले भने, 'लगानी सहजीकरण, परियोजना कार्यान्वयन र सञ्चालन तथा नाफा फिर्ता लैजान सरल व्यवस्था गरी नेपाल लगानीको उत्कृष्ट गन्तव्य हो भन्ने सन्देश विश्व समुदायमा पुऱ्याउने लगानी सम्मेलनको प्रमुख ध्येय हो।'

बैठकमा ऊर्जा जलस्रोत तथा सिँचाइ, उद्योग, वाणिज्य तथा आपूर्ति, कृषि तथा पशुपक्षी विकास, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन, सहरी विकास, वन तथा वातावरण मन्त्रालयका मन्त्रीहरू, राष्ट्रिय योजना आयोगका उपाध्यक्ष, नेपाल सरकारका मुख्य सचिव, अर्थ मन्त्रालयका सल्लाहकार, नेपाल राष्ट्र बैंकका गभर्नर, विभिन्न मन्त्रालयका सचिवहरू, निजी क्षेत्रका छाता संगठनहरू- नेपाल उद्योग वाणिज्य महासंघ, नेपाल उद्योग परिसंघ र नेपाल चेम्बर अफ कमर्सका अध्यक्षहरूको उपस्थिति रहेको थियो।

यी हुन् संशोधन गर्नुपर्ने ऐन तथा विनियमावली

- औद्योगिक व्यवसाय ऐन, ०७६
- विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, ०७५
- विशेष आर्थिक क्षेत्र ऐन, ०७३
- वन ऐन, ०७६
- राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, ०२९
- भूमिसम्बन्धी ऐन ०२१
- जग्गा प्राप्ति ऐन, ०३४
- वातावरण संरक्षण ऐन, ०७६
- विद्युतीय (इलेक्ट्रोनिक) कारोबार ऐन, ०६३
- नेपाल नागरिक उड्डयन प्राधिकरण ऐन, ०५३,
- विदेशी लगानी तथा प्रविधि हस्तान्तरण नियमावली, ०७७
- वन नियमावली, ०७९

सबैका लागि बैंक

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

मधेश र कोशी प्रदेशमा इम्बोस्ड नम्बर अनिवार्य

काठमाडौं/ मधेश र कोशी प्रदेशमा चल्ने सवारीसाधनमा इम्बोस्ड नम्बर प्लेट अनिवार्य गरिने भएको छ। फागुनदेखि लागू हुने गरेर दुई प्रदेशमा इम्बोस्ड नम्बर प्लेटलाई अनिवार्य गरिएको हो।

१ फागुनदेखि नयाँ सवारी दर्ता तथा सवारी नामसारी गर्दा अनिवार्य रूपमा इम्बोस्ड नम्बर प्लेट हुनुपर्नेछ। त्यस्तै, आगामी १ जेठदेखि सवारी दर्ता प्रमाणपत्र नवीकरण गर्दा इम्बोस्ड नम्बर प्लेट अनिवार्य गरिएको छ। भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले बिहीबार राजपत्रमा सूचना प्रकाशन गर्दै इम्बोस्ड नम्बर प्लेट अनिवार्य गरेको हो। सार्वजनिक, पर्यटन, निजी, सरकारी र संस्थानका सवारीसाधनले तोकिएको मितिभित्र अनिवार्य रूपमा इम्बोस्ड नम्बर जडान गर्नुपर्ने राजपत्रमा उल्लेख छ।

राइड सेयरिङलाई सेवा उद्योगको मान्यता

सरकारले राइड सेयरिङलाई सेवा उद्योगको मान्यता दिएको छ। उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले बिहीबार राजपत्रमा सूचना प्रकाशन गर्दै राइड सेयरिङलाई सेवा उद्योगको मान्यता दिएको हो। सेवा उद्योगअन्तर्गतको अनुसूचीको ६६ नम्बरमा राइड सेयरिङलाई राखिएको छ। नेपालमा पठाओ, इनड्राइभलगायत राइड सेयरिङ सञ्चालनमा रहेका छन्।

भरतपुर महानगर र माडी नगरबीच भगिनी सम्बन्ध

भरतपुर/ चितवनका दुई स्थानीय तहबीच भगिनी सम्बन्ध कायम भएको छ। बिहीबार माडीमा एक कार्यक्रमबीच भरतपुर महानगरपालिका र माडी नगरपालिकाबीच भगिनी सम्बन्ध कायम गरिएको हो।

भरतपुर महानगर प्रमुख रेनु दाहाल र माडी नगरपालिकाका प्रमुख ताराकुमारी काजी महतोले समझदारी पत्रमा हस्ताक्षर गरे। दुई स्थानीय तहका प्रमुखले १० बुँदे समझदारीपत्रमा हस्ताक्षर गरेर भगिनी सम्बन्ध अगाडि बढेको जनाए। दुई स्थानीय तहको विकास र समन्वयका लागि औपचारिक कार्यक्रम गरेर भगिनी सम्बन्ध कायम गरिएको भरतपुर महानगरपालिका प्रमुख रेनु दाहालले बताइन्। माडीसँग एकदमै सकारात्मक सोच र उद्देश्यका साथ भगिनी सम्बन्ध कायम गरिएकाले यो सम्बन्ध अझै प्रगाढ हुँदै जाने आशा एवं अपेक्षा गरेको प्रमुख दाहालको भनाइ छ।

त्यस्तै, माडी नगरपालिका प्रमुख महतोले माडी र भरतपुरको सम्बन्ध पाँच वर्ष मात्र नभई सधैं-सधैं अगाडि बढोस् भन्ने चाहना राखेको बताए। यो भगिनी सम्बन्ध माडी नगरपालिकाका लागि पहिलो सम्झौता भएकाले ऐतिहासिक विषय बनेको बताए। भगिनी सम्बन्धको अवधि पाँच वर्षको रहनेछ।

जरिवानाबाट साढे २४ लाख राजस्व

वीरगन्ज/ जथाभावी फोहोर फ्याँक्नेमाथि कारबाही सुरु गरेको वीरगन्ज महानगरपालिकाले गएको ६ महिनामा साढे २४ लाख रुपैयाँ जरिवाना उठाएको छ।

वीरगन्ज महानगरपालिकाले गत पुस १७ देखि जरिवाना गर्न सुरु गरेको हो। हालसम्म जथाभावी फोहोर फ्याँक्ने व्यक्ति र संस्था गरी नौ सयजनाबाट २४ लाख ६३ हजार रुपैयाँ जरिवानाबापतको राजस्व संकलन गरेको सरसफाइ शाखा प्रमुख सरफुदिन मियाँले जानकारी दिए। 'घर, पसल र कार्यालयबाट निस्किने फोहोर जताततै फ्याँक्ने स्थानीयको प्रवृत्ति छ,' मियाँले भने, 'त्यो प्रवृत्तिलाई निरुत्साहित गर्न हामीले फोहोर फ्याँक्नेलाई जरिवाना गर्ने अभियान सुरु गरेका छौं।'

मणिपुर बचत तथा ऋण सहकारी संस्था लि.

काठमाण्डौं-०५, बत्तिसपुतली, फोन नं: ०१-४५७४५२३

कर्जा चुक्ता भुक्तानी गर्ने बारे ३५ दिने सार्वजानिक सूचना

प्रथम पटक प्रकाशित मिति : २०८०/१०/२६

तपशिल उल्लेखित ऋणी सदस्यले यस संस्थाबाट उपभोग गर्नु भएको ऋणको सांवा ब्याज रकम नतिरी नबुझाई ऋण लिदांको बखत गर्नुभएको लिखत तमसुकमा उल्लेखित शर्त बन्देज उल्लंघन गर्नु भएकोले कर्जा चुक्ता भुक्तानी गर्न पटक-पटक मौखिक, लिखित तथा घरदैलो सम्म पुगी तरताकेता गर्दा समेत उक्त ऋणको सांवा ब्याज रकम समेत चुक्ता गर्न तर्फ कुनै चासो नदेखाई वेवास्ता गर्नु भएकोले यो सुचना प्रकाशित गरिएको छ। प्रथम पटक प्रकाशित भएको मितिले ३५ (पैतिस)दिन भित्र यस संस्थामा सम्पर्क गरी तपाईले संस्थालाई बुझाउनु पर्ने बांकी ऋणको सांवा, ब्याज, हर्जाना तथा अन्य दै दस्तुर रकम समेत चुक्ता भुक्तानी गर्न हुन यर्स सार्वजानिक सुचना मार्फत सूचित गरिन्छ। अन्यथा बागमति प्रदेश सहकारी ऐन २०७४ को दफा ६४, बागमति प्रदेश सहकारी नियमावली २०७५ को दफा १९, संस्थाको विनियमावली २०६५ साथै नेपाल प्रचलित कानुन बमोजिम तपाईको कर्जा असुलीको लागि थप कानुनी प्रक्रिया अगाडी बढाईने व्यहोरा सूचित गरिन्छ।

तपसिल :

क्र.स	ऋणीको विवरण	ऋणीको फोटो
१	**नाम, थर : रोहित प्रसाद दाहाल** पिताको नाम : दत्त प्रसाद दाहाल बाजेको नाम : सुर्यनाथ दाहाल ठेगाना : ईशनाथ वडा नं. ०९, रौतहट (साविक : डुमरिया(परोहा) वडा नं. ०२, रौतहट)	
२	**नाम, थर : हिरालाल फयाल** पिताको नाम : हिरा मणि फयाल बाजेको नाम : प्रयाग दत्त फयाल ठेगाना : ईशनाथ वडा नं. ०९, रौतहट (साविक : डुमरिया(परोहा) वडा नं. ०२, रौतहट)	
३	**नाम, थर : गणेश सुवेदी** पिताको नाम : हरि कृष्ण सुवेदी बाजेको नाम : तारा प्रसाद सुवेदी ठेगाना : कुश्मा न.पा वडा नं. ०१, सुवेदीथर, पर्वत (साविक : पाङ्ग गा.वि.स वडा नं. ०४, पर्वत)	
४	**नाम, थर : चित्र रेखा कुमारी** पिताको नाम : राम प्रसाद चौधरी बाजेको नाम : हृदय प्रसाद चौधरी ठेगाना : करैयामाई न.पा ०२, बारा (साविक : करैया वडा नं. ०२, बारा)	
५	**नाम, थर : होम बहादुर कटुवाल** पिताको नाम : पृथ्वी बहादुर कटुवाल बाजेको नाम : छविलाल कटुवाल ठेगाना : बर्दिवास न.पा ०३, महोत्तरी (साविक : बर्दिवास वडा नं. ०४, महोत्तरी)	
६	**नाम, थर : लक्ष्मी बस्नेत प्रसाई** पिताको नाम : राम बहादुर बस्नेत पतिको नाम : नरेन्द्र बहादुर बस्नेत ठेगाना : मेचीनगर न.पा ११, झापा (साविक : धाईजन वडा नं. ०१, झापा)	
७	**नाम, थर : व्यञ्जना उपाध्याय** पिताको नाम : माधव प्रसाद उपाध्याय बाजेको नाम : धर्मानन्द उपाध्याय ठेगाना : मन्थली न.पा १३, रामेछाप (साविक : फुलासी वडा नं. ०१, रामेछाप)	
८	**नाम, थर : सिकन्दर साह** पिताको नाम : पलकधारी साह बाजेको नाम : राम आशिष साह ठेगाना : बलवा न.पा. वडां न.३, पडौल, महोत्तरी (साविक पडौल गा.वि.स. वडां न.३, पडौल महोत्तरी) हाल : काठमाडौं -९, गौशाला	

एनएमबि बैंक लिमिटेड बबरमहल, काठमाडौंको तपसिलको ऋणीहरूलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ (पैंतिस) दिने सूचना

(प्रकाशित मितिः २०८०/१०/२६ को नयाँ पत्रिका राष्ट्रिय दैनिक)

यस बैंकको तपसिलमा उल्लेखित ऋणीहरूले विभिन्न कर्जा शिर्षक अन्तर्गत लिएको ऋणकर्जाको तोकिएको समयावधी भित्रमा तिर्नु बुझाउनु पर्ने रकमहरु तिर्न बुझाउनका लागी पटक पटक लिखित तथा मौखिक तरतावेता गर्दा समेत नतिरी, नबुझाई ऋणकर्जा सम्बन्धि शर्त बन्देजहरुको उल्लंघन गर्नु भएकोले ऋणकर्जा चुक्ता भुक्तान गर्न ल्याउने बारेको यो ३५ (पैतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतीस) दिनभित्र यस बैंकमा सम्पर्क राखी तपाई ऋणीले लिएको ऋणकर्जाको सम्पूर्ण साँवा, ब्याज लगायत अन्य दायित्वहरु समेत चुक्ता भुक्तान गर्नुहोला। उपरोक्त तोकिएको म्यादभित्र बैंकलाई तिर्नु, बुझाउनु पर्ने सम्पूर्ण रकम (साँवा, ब्याज, हर्जाना ब्याज आदि) नबुझाएमा प्रचलित कानुन तथा ऋणी र यस बैंकबीच भएको लिखतको शर्त अनुसार ऋणीको नाम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गरिने तथा धितोमा रहेको तपसिलमा उल्लेखित सम्पत्तिहरु लिलाम बिक्री गरी यस बैंकको लेना रकम असुल उपर गरिनेछ। कथंकदाचित लिलाम बिकीबाट प्राप्त रकमले लेना रकम असूल उपर हुन नपुग भएमा वा धितोको सम्पत्ति लिलाम बिक्री हुन नसकेमा प्रचलित कानुन बमोजिम अन्य कानूनी कारवाहीहरुको प्रकृया थालनी गरिने व्यहोरा समेत सम्बन्धित ऋणी, व्यक्तिगत जमानतकर्ताहरु तथा धितो जमानी दिनु हुने महानुभावहरुलाई समेत यसै सूचनाद्वारा जानकारी गराउँदछौं।

तपसिल

क.स	कर्जा शिर्षक	ऋणी तथा व्यक्तिगत जमानतकर्ताहरुको नाम र ठेगाना	धितो लेखिदिएको सम्पत्तिको विवरण
१.	१. ओभरड्राफ्ट सुविधा २. आवधिक कर्जा	**ऋणीको नामः ए. एम. वि अगरवत्ति उद्योग** (नेपाल सरकार उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग घरेलु तथा साना उद्योग कार्यालयमा दर्ता रहेको) दर्ता नं.: १०५९९ दर्ता मितिः २०७४-१२-२६ स्थायी लेखा नं.: ३००५०९८८९ ठेगानाः कैलाली जिल्ला, टिकापुर न.पा. वडा नं. १। **प्रोप्राईटर** **प्रेम आचार्य** ना.प्र.प.नं. (जारी मिति/स्थान): १७२९१ (२०५४/०७/२०/कैलाली) बाजेको नामः भक्ति राम आचार्य बाबुको नामः भवानी प्रसाद आचार्य ठेगानाः कैलाली जिल्ला, टीकापुर न.पा. वडा नं. ९ स्थायी ठेगाना भई हाल कैलाली जिल्ला, टीकापुर न.पा. वडा नं. १। **व्यक्तिगत जमानतकर्ताहरुः** **१. प्रवेश आचार्य** ना.प्र.प.नं. (जारी मिति/स्थान): ६७-०२-७५-०७७५३ (२०७५/०९/२७/कैलाली) बाजेको नामः भवानी प्रसाद आचार्य बाबुको नामः प्रेम आचार्य ठेगानाः कैलाली जिल्ला, टीकापुर न.पा. वडा नं. १। **२. दुर्गा आचार्य** ना.प्र.प.नं. (जारी मिति/स्थान): ३९६ (२०५५/११/२५/कैलाली) बाबुको नामः मित्र प्रसाद सुवेदी ससुराको नामः भवानी प्रसाद आचार्य पतिको नामः प्रेम आचार्य ठेगानाः कैलाली जिल्ला,टीकापुर न.पा. वडा नं. ९ स्थायी ठेगाना भई हाल कैलाली जिल्ला, टीकापुर न.पा. वडा नं. १।	१. मित्र प्रसाद सुवेदीको छोरी, भवानी प्रसाद आचार्यको बुहारी, प्रेम आचार्यको पत्नि, कैलाली जिल्ला, टीकापुर न.पा. वडा नं. ९ स्थायी ठेगाना भई हाल कैलाली जिल्ला, टीकापुर न.पा. वडा नं. १ बस्ने **दुर्गा आचार्य**को नाममा मालपोत कार्यालय टीकापुर, कैलालीको लगतमा दर्ता श्रेष्ता कायम रहेको निम्नानुसारको सम्पत्तिहरु: (क) कैलाली जिल्ला,मौरनिया गा.वि.स./न.पा. वडा नं. ८ स्थित कि. नं. २१५२ को क्षेत्रफल ३,७२४.४२ ब.मि.को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत। (ख) कैलाली जिल्ला,महादेउली गा.वि.स./न.पा. वडा नं. ३ स्थित कि.नं. ६६० को क्षेत्रफल २,२५१.९५ ब.मि.को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत। २. भक्ति राम आचार्यको नाति, भवानी प्रसाद आचार्यको छोरा, कैलाली जिल्ला, टीकापुर न.पा. वडा नं. ९ स्थायी ठेगाना भई हाल कैलाली जिल्ला, टीकापुर न.पा. वडा नं १ बस्ने **प्रेम आचार्य**को नाममा मालपोत कार्यालय टीकापुर, कैलालीको लगतमा दर्ता श्रेष्ता कायम रहेको कैलाली जिल्ला, लालपुरवाणी गा.वि.स./न.पा. वडा नं. ६ स्थित कि.नं. ७३६ को क्षेत्रफल १,६९३.२० ब.मि.को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत।
२.	व्यक्तिगत ओभरड्राफ्ट	**ऋणीको नामः पंकज कुमार मिश्र** ना.प्र.प.नं. (जारी मिति/स्थान): ६६३०१९/२३३०(२०६३/११/२६/बाँके) बाजेको नामः असर्फी लाल मिश्र बाबुको नामः डिगम्बर मिश्र ठेगानाः बाँके जिल्ला, नेपालगन्ज उ.म.न.पा., वडा नं. १६। **व्यक्तिगत जमानतकर्ताहरुः** **१. सञ्जु देवी** ना.प्र.प.नं. (जारी मिति/स्थान): २०४०३(२०४१/०१/३१/सुर्खेत) बाबुको नामः नर बहादुर थापा ससुराको नामः असर्फी लाल मिश्र पतिको नामः डिगम्बर मिश्र ठेगानाः सुर्खेत जिल्ला, दहचौर गा.वि.स., वडा नं. ९ स्थायी ठेगाना भई हाल बाँके जिल्ला, नेपालगन्ज उ.म.न.पा., वडा नं. १६। **२. सरिता पाठक (मिश्र)** ना.प्र.प.नं. (जारी मिति/स्थान): ६६१०१९/२२८५ (२०६८-०७-०४/बाँके) बाबुको नामः राकेश कुमार पाठक ससुराको नामः डिगम्बर मिश्र पतिको नामः पंकज कुमार मिश्र ठेगानाः बाँके जिल्ला, नेपालगन्ज उ.म.न.पा., वडा नं. १६।	नर बहादुर थापाको छोरी, असर्फी लाल मिश्रको बुहारी, डिगम्बर मिश्रको पत्नि, सुर्खेत जिल्ला, दहचौर गा.वि.स., वडा नं. ९ स्थायी ठेगाना भई हाल बाँके जिल्ला, नेपालगन्ज उ.म.न.पा., वडा नं. १६ बस्ने **सञ्जु देवी**को नाममा मालपोत कार्यालय बाँके को लगतमा दर्ता श्रेष्ता कायम रहेको बाँके जिल्ला, फत्तेपुर गा.वि.स./न.पा., वडा नं. ९ स्थित कि.नं. ९० को क्षेत्रफल ६७७२.६३ ब.मि.को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत।
३.	क्रेडिट कार्ड	**ऋणीको नामः यशोदा पौडेल** ना.प्र.प.नं. (जारी मिति/स्थान): ६८३५७ (२०६१/०८/०१/ रामेछाप) बाबुको नामः शंखर बहादुर तमाङ्ग ससुराको नामः तीर्थ राज पौडेल पतिको नामः सुक्र राज पौडेल ठेगानाः रामेछाप जिल्ला, सैपु गा.वि.स, वडा नं. ०९।	

NMB BANK एनएमबि बैंक
समृद्ध नेपालको लागि

FMO Entrepreneurial Development Bank The Netherlands

Member of : Global Alliance for Banking on Values

एनएमबि बैंक लिमिटेड
कर्जा असुली विभाग, नक्साल, काठमाण्डौं
सम्पर्क नं. ९७७-०१-४५४६४५४, ०१-४५३८६४७, ९८५११३९४१९

समृद्धि फाइनान्सका ग्राहकलाई प्राउड नेपाल आइटी सप्लायर्समा छुट

काठमाडौं/ समृद्धि फाइनान्सका ग्राहकले प्राउड नेपाल आइटी सप्लायर्समा १५ प्रतिशतसम्म छुट पाउने भएका छन्। फाइनान्स र आइटी सप्लायर्सबीच छुट दिनेबारे सम्झौता भएको बताइएको छ। यो छुटको अवधि एक वर्षसम्म रहने कम्पनीले जनाएको छ।

ग्राहकले आइटी सप्लायर्समा मर्मत-सम्भारमा १५ प्रतिशत र कुनै पनि ब्रान्डका नयाँ कम्प्युटर, ल्यापटप तथा अन्य आइटीसम्बन्धी वस्तु खरिद गर्दा १ प्रतिशत छुट प्राप्त गर्नेछन्।

फाइनान्सले हाल १३ वटा शाखामार्फत कारोबार गर्दै आएको छ भने आरटिजिएस, आइपिएस, कनेक्ट आइपिएस, रेमिट्यान्स, क्लियरिङलगायतका बैंकिङ र मोबाइल बैंकिङ, डेबिट कार्ड, क्युआर कोडजस्ता डिजिटल सुविधा प्रदान गर्दै आइरहेको छ।

एनसेलले ल्यायो 'डबल मज्जा प्याक'

प्याकको भ्यालिडिटी नसकिँदै गरिने हरेक खरिदमा ग्राहकले उही मूल्यमा डबल डेटा बोनसस्वरूप प्राप्त गर्ने

काठमाडौं/ एनसेलले आफ्ना ग्राहकका लागि दुई गुणा डेटाको 'डबल मज्जा प्याक' योजना ल्याएको छ। कम्पनीले डबल मज्जा अफर तीन प्याकका साथ पुनः सञ्चालनमा ल्याएको हो।



यो अफरमा ग्राहकले सात दिन समयसीमा रहेको पाँच जिबी डेटा एक सय ५० रुपैयाँमा वा आठ जिबी डेटा दुई सय रुपैयाँमा ल्याएको हो। त्यस्तै, २८ दिन समयावधि रहेको ८८ जिबी डेटा आठ सय ८८ रुपैयाँमा ल्याएको जनाएको छ। प्याकको भ्यालिडिटी नसकिँदै गरिने हरेक खरिदमा ग्राहकले उही मूल्यमा डबल डेटा बोनसस्वरूप प्राप्त गर्नु यो प्याकको विशेषता रहेको कम्पनीको भनाइ छ। यदि कुनै ग्राहकले आठ जिबी प्याक खरिद गरेको सात दिनभित्र फेरि सोही प्याक खरिद गरेमा ग्राहकले १६ जिबी डेटा बोनसका रूपमा प्राप्त गर्ने कम्पनीले जनाएको छ।

सात दिन भ्यालिडिटी भएका एक सय ५० रुपैयाँ र दुई सय रुपैयाँका डबल मज्जा प्याकमा पाइने बोनसको सञ्चित डेटा अधिकतम २८ दिनसम्म चलाउन सकिने जनाइएको छ। त्यस्तै, आठ सय ८८ रुपैयाँको प्याकमा पाइने सञ्चित बोनस डेटा ६० दिनसम्म चलाउन सकिने कम्पनीको भनाइ छ।

त्यस्तै, एनसेलले दुई सय २० रुपैयाँमा सात दिन समयावधि भएको कम्बो प्याक पनि ल्याएको जनाएको छ। यो प्याकमा ग्राहकले चार जिबी डेटा, १०० मिनेट अल नेट टक टाइम र विभिन्न डिजिटल सेवा प्राप्त गर्ने उल्लेख छ।

People's Power Ltd. पिपुल्स पावर लिमिटेड

People's Power Ltd.

खुर्सानिटार, काठमाडौं, फोन नं.: ०१-४५३७५४४

ईमेल: peoplespower@gmail.com, वेवसाइट: www.peoplespower.com.np

Unaudited Financial Results (Quarterly)

2nd Quarter of financial Year 2080/81

Balance Sheet as on Poush end, 2080 (Unaudited) (NPR '000)

Particulars	This Quarter ending As at 29th Poush, 2080	This Quarter ending As at 30th Ashwin, 2080 (Restated)	This Quarter ending As at 30th Poush, 2079 (Previous Year)
Assets			
Non-Current Assets:			
Properties, Plant & Equipments	947,825.83	955,734.71	977,896.49
Other Fixed Assets			
Investments	-	-	-
Total Non-Current Assets	**947,825.83**	**955,734.71**	**977,896.49**
Current Assets:			
Deposits	300.00	300.00	300.00
Other Loans & Advances	4,626.85	4,437.62	1,973.23
Sundry Debtors	17,616.11	25,360.53	13,677.29
Inventories	-	-	-
Cash & Bank Balance	20,793.48	6,029.68	87.28
Preliminary Expenses	-	-	-
Prepaid Expenses	-	-	-
Total Current Assets	**43,336.43**	**36,127.82**	**16,037.81**
Total Assets	**991,162.26**	**991,862.54**	**993,934.30**
Total Assets			
Equity			
Share Capital	632,600.00	632,600.00	632,600.00
Reserve and Surplus	(15,964.63)	(20,241.60)	(14,399.57)
Total Equity	**616,635.37**	**612,358.40**	**618,200.43**
Liabilities			
Non-Current Liabilities:			
Secured Loans	346,000.00	351,000.00	360,000.00
Unsecured Loans	15,000.00	15,000.00	
Total Non-Current Liabilities	**361,000.00**	**366,000.00**	**360,000.00**
Current Liabilities:			
Trade and Other Payables	13,526.89	13,504.14	15,733.58
Bridge Gap Loan	-	-	-
Dividend Payable			
Deferred Tax Liabilities			
Total Current Liabilities	**13,526.89**	**13,504.14**	**15,733.58**
Total Liabilities	**374,526.89**	**379,504.14**	**375,733.58**
Total Equity and Liabilities	**991,162.26**	**991,862.54**	**993,934.00**

Profit & Loss Accounts for the period ended Poush end, 2080 (Unaudited) (NPR '000)

Particulars	This Quarter ending As at 29th Poush, 2080	This Quarter ending As at 30th Ashwin, 2080 (Restated)	This Quarter ending As at 30th Poush, 2079 (Previous Year)
Revenue from Operations	29,099.60	34,886.79	14,083.97
Less: Direct Expenses	3,087.62	4,236.21	2,166.47
Gross Profit	26,011.99	30,650.58	11,917.50
Other Income	9.07	6.53	2,710.87
Staff Costs	1,002.21	536.00	275.00
Other Operating Costs	2,564.48	497.86	561.52
Financial Costs	9,962.80	10,844.75	5,587.65
Depreciation	8,214.60	8,214.60	4,090.82
Preliminary Expenses W/O	-	-	-
Provision for Staff Bonus	-	-	-
Net Profit before Tax	**4,276.97**	**10,563.89**	**4,113.38**
Income Tax			
Net Profit	**4,276.97**	**10,563.89**	**4,113.38**

धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को अनुसूचि-१४(नियम २६ को उपनियम (१) संग सम्बन्धित)

पिपुल्सपावर लिमिटेडको आ.व. २०८०/०८१ को दोस्रो त्रैमासिक अवधिको विवरण

१. वित्तीय विवरण

क) दोस्रो त्रैमासिक अवधिको वासलात र नाफा/नोक्सान सम्बन्धी विवरण यसै साथ संलग्न गरिएको छ।

ख) प्रमुख वित्तिय अनुपातहरु:

प्रति शेयर आम्दानी (EPS)** (वार्षिकीकरण गरिएको)	४.६९	शेयरको बजार मुल्य रु.	३२१
प्रति शेयर नेटवर्थ (रु.)	९७.४७	प्रति शेयर कूल सम्पत्तिको मुल्य (रु.)	१५६.६८
तरलता अनुपात	३.२०		

२. व्यवस्थापकीय विश्लेषण

यस आयोजना निर्माण कार्य सम्पन्न भइ मिति २०७९.०८.१२ गते देखी व्यापारिक उत्पादन शुरु भएको छ।

३. कानुनी कारवाही सम्बन्धी विवरण

यस कम्पनी वा यसका संस्थापक वा सञ्चालकको विरुद्धमा कम्पनीको व्यवसायिक कारोबार सम्बन्धी कुनै पनि मुद्धा दायर नभएको।

४. संगठीत संस्थाको शेयर कारोवार सम्बन्धी विश्लेषण

यस कम्पनीको प्रथम त्रैमासिक अवधिको शेयर कारोवार सम्बन्धी विवरण:

अधिकतम मुल्य (रु.)	३२३.२	कारोबार भएको कुल दिन	४९
न्युनतम मुल्य (रु.)	१९८.१	कारोबार संख्या	९२१३७८
अन्तिम मुल्य (रु.)	३२१.००	कारोबार रकम (रु.)	२४६४२९६४१.६

५. समस्या र चुनौती

यस कम्पनीले वहन गर्नु पर्ने बाह्य समस्या तथा चुनौतीमा पूर्वानुमान गरे भन्दा बाहिरको बाढी, पहिरो लगायत अन्य दैवी प्रकोपको चुनौती सदैव रहिरहनेहुन्छ। नदीमा जलको प्रवाहमा कमी हुन गएमा आयोजनाबाट हुने विद्युत उत्पादनमा असर पर्न सक्दछ।

६. संस्थागत सुशासन

कम्पनीमा संस्थागत सुशासन राख्न व्यवस्थापन सदैव प्रतिबद्ध रहेको छ। कम्पनीको सञ्चालनलाई व्यवस्थित गर्न तथा विभिन्न जोखिमहरू न्यूनिकरण गर्न समयानुकूल नीति निर्देशिकाहरु सञ्चालक समितिले पारित गरी लागू गर्दै आएको छ। साथै प्रचलित कानून, नियमन निकायहरुबाट प्राप्त निर्देशनहरु एवं लेखापरीक्षकको सुझाव अनुसार कार्य सम्पादन गरिदै आएको छ।

७. सत्य, तथ्यता सम्वन्धमा अध्यक्ष कार्यकारी/प्रमुखको उद्घोषण

आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्वन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु। साथै म यो उद्घोष गर्दछु कि मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य तथ्य र पूर्ण छन् र लगानीकर्ताहरुलाई सूसुचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाइएको छैन।

Singati Hydro Energy Ltd.

Durbarmarg-1, Kathmandu, Nepal

Tel : 01-4543203, Email : shehydro@gmail.com

Statement of Financial Position

As at 29 Poush 2080

Amount in NRs

Particulars	Current Quarter Poush end 2080 Unaudited	Previous Quarter Ashwin end 2080 Unaudited	Corresponding Previous Year Quarter Ending (Poush End 2079)
ASSETS			
Non current Assets:			
Property, Plant and Equipment	15,962,269	16,931,505	18,883,238
Project Assets	5,629,675,560	5,670,176,823	5,808,858,971
Investments	507,950,000	47,950,000	44,350,000
Total Non-Current Assets	**6,153,587,829**	**5,735,058,328**	**5,872,092,209**
Current assets:			
Advances and Deposits	133,340,837	203,979,628	111,314,519
Inventory (Spare Parts)	9,428,868	9,428,868	-
Cash and bank balances	7,052,759	370,855	95,843,582
Total Current Assets	**149,822,464**	**213,779,351**	**207,158,101**
Total Assets	**6,303,410,293**	**5,948,837,680**	**6,079,250,311**
EQUITIES AND NON-CURRENT LIABILITIES			
Equity Shareholders' Fund			
Share Capital	1,913,748,000	1,450,000,000	1,450,000,000
Accumulated profit/ (loss)	(145,070,103)	(140,841,178)	(43,566,785)
Total Equity	**1,768,677,897**	**1,309,158,822**	**1,406,433,215**
Non-Current Liabilities			
Long Term Loan	4,532,410,527	4,636,489,738	4,666,992,303
Bridge Gap Loan	-	-	-
Total Non-Current Liabilities	**4,532,410,527**	**4,636,489,738**	**4,666,992,303**
Current liabilities			
Creditors & account payables	2,145,103	2,832,720	5,323,444
Withholding tax payable	176,765	356,401	501,349
Total Current Liabilities	**2,321,868**	**3,189,121**	**5,824,793**
Total Liabilities	**6,303,410,293**	**5,948,837,680**	**6,079,250,311**

Statement of Profit & Loss

For the period ended 29 Poush 2080

Particulars	Current Quarter Poush end 2080 Unaudited	Previous Quarter Ashwin end 2080 Unaudited	Corresponding Previous Year Quarter Ending (Poush End 2079)
Sale of Electricity	172,057,631	264,326,827	159,985,167
Less: Cost of Sales	3,441,153	5,886,591	3,048,618
Operating Income	168,616,478	258,440,236	156,936,549
Other Income			
Total	168,616,478	258,440,236	156,936,549
EXPENSES			
Administrative & General Expenses	12,035,422	17,924,100	23,608,235
Interest Expenses	119,339,481	139,003,134	124,786,371
Depreciation charges	41,470,499	48,677,920	49,977,628
Total	**172,845,402**	**205,605,154**	**198,372,234**
Net Operating Profit/ (Loss) of the period	(4,228,924)	52,835,082	(41,435,685)
Up To Previous period Profit/(loss)	(140,841,178)	(193,676,260)	(2,131,100)
Profit/(Loss) carried forward to Balance Sheet	(145,070,103)	(140,841,178)	(43,566,785)

Second Quarter Disclosure 2080-81 as per Securities Registration and Issuance Regulation, 2073 (Rule 26 (1), Annexure-14)

1. Financials

The unaudited interim financial statements including Statement of Financial Position and Statement of Profit or Loss and other comprehensive Income for the second quarter of the financial year 2080-81 has been prepared by the management and reviewed and authorized to be published by Board of Director of the Company.

Key Financial Ratios

Period	Earnings Per Share (Quarterly)	Net Worth Per Share	Current Ratio	P/E Ratio	ROE	ROA
This Quarter End	(0.22)	92.42	6,452.67	(1,126.82)	-8.20%	-2.30%
Previous Quarter End	3.64	90.29	6,703.40	58.54	-10.76%	-2.37%
Corresponding Previous Quarter End	(2.86)	97.00	3,556.49	(130.88)	-3.10%	-0.72%

2. Management Analysis

No Incident or situation has been seen to adversely affect the financial condition of the company.

3. Legal proceedings

Case filed by or filed against the company during the Quarter, if any: None

Case filed by or filed against the company or its promoter or director for violation of prevailing law or corn mission of criminal offence, if any: None

Case relating to commission of financial crime against any director or promoter: None

4. Analysis of Share Transactions

Shares of SHEL are actively traded in NEPSE till the end of Poush 2080. Share prices are being determined by the open shares market in NEPSE.

The major highlights of share transactions during the quarter are as follows:

Particulars	This Quarter	Previous Quarter Ending	Corresponding Previous Year Quarter Ending
Maximum Price	305.8	295.8	374.0
Minimum Price	197.0	201.3	215.0
Closing Price	249.0	213.3	374.0
Total Turnover	209,393,524.8	45,856,117.3	106,716,542.0
No. of Transactions Day	49.0	61.0	52.0
Total Traded Volume	785,005.0	186,165.0	356,538.0

5. Challenges

● Internal

Regular Post Operation maintenance due to geographical location

Managing Operational Efficiency

● External

The Company faces the similar challenges and problems as faced by other organizations in the industry. The board of directors from time to time analyses such problems and challenges and formulate the strategy to mitigate such problems and challenges.

6. Corporate Governance

The Company has regular Board meetings. The management team meet regularly for the smooth running of the Company. An audit committee and a risk management committee will be formed in the coming days In compliance with Companies Act, 2063 and Corporate Governance Guidelines, 2074 issued by Securities Exchange Board of Nepal.

7. Declaration from Chairman

I take the responsibility for the accuracy of financial and other information detailed in this report for the period up to Second quarter of FY 2080/81 and hereby declare that financial and other information detailed In this report are true, based on records and facts, and are complete to the best of my knowledge and that information necessary for taking informed decision by the investors are not concealed.

प्रभु महालक्ष्मी लाइफको अभिकर्ता अन्तर्क्रिया



काठमाडौं/ प्रभु महालक्ष्मी लाइफ इन्स्योरेन्स लिमिटेडले काठमाडौं उपत्यकामा रहेका वरिष्ठ अभिकर्ताबीच अन्तर्क्रिया कार्यक्रम गरेको छ। कम्पनीले उपत्यकामा रहेका वरिष्ठ अभिकर्ताको उपस्थितिमा कार्यक्रम गरेको हो।

अन्तर्क्रियाको उद्घाटन गर्दै कम्पनीका निमित्त प्रमुख कार्यकारी अधिकृत सन्तोष प्रसाईंले अभिकर्ताबीच आपसी साथ, सहयोग र सद्भाव कायम गर्न कम्पनीले अन्तर्क्रिया कार्यक्रम आयोजना गरेको बताए।

यस किसिमका कार्यक्रमले अभिकर्तामा काम गर्न ऊर्जा प्राप्त हुने उनले विश्वास व्यक्त गरे। कम्पनीका नायब महाप्रबन्धक सोनबहादुर मगरले बिमाका बिक्रीकला तथा व्यावसायिक जीवनमा आफूले भोगेका अनुभवबारे प्रेरणादायी प्रस्तुतीकरण दिएका थिए।

कार्यक्रममा विभिन्न विधामा उत्कृष्ट कार्य गर्ने अभिकर्तालाई सम्मान गरिएको थियो। उपत्यकाबाट कार्यक्रममा उपस्थित भएका एमडिआरटी २०२४ मा छनोट भएका अभिकर्तालाई केक काटी सम्मान गरिएको थियो।

साथै, अभिकर्ता स्किमअन्तर्गत लक्की ड्रमार्फत स्कुटर विजेता पाटन शाखामा कार्यरत एजेन्सी म्यानेजर पवनकुमार शाहीलाई स्कुटर हस्तान्तरण गरिएको कम्पनीले जनाएको छ।

एक्स कस्मोपोलिटिएनले सुरु गऱ्यो नेपालमा पहिलोपटक रिभर्स एजिङ सेवा



काठमाडौं/ नेपालमा रिभर्स एजिङको अनुभव दिने उद्देश्यसहित स्थापना भएको एक्स कस्मोपोलिटिएनको औपचारिक सुरुवात भएको छ। दुबईका राजपरिवारका सदस्य शेख जुमाबिन मक्तौम अल मक्तौमको कार्यालयका कार्यकारी निर्देशक तथा सल्लाहाकार यकुब अल अली र नेपाल महिला उद्यमी महासंघकी अध्यक्ष शोभा ज्ञवालीले रिबन काटेर आउटलेटको उद्घाटन गरेका छन्।

आउटलेटको उद्घाटन गर्दै अल अलीले नयाँ र अपरिहार्य सेवाको नेपालमा सुरुवात भएको भन्दै खुसी व्यक्त गरे। महासंघ अध्यक्ष ज्ञवालीले नेपाल प्राकृतिक रूपमा सम्पन्न भएको अवस्थामा त्यस्ता स्रोत र साधनको प्रयोगबाट एक्स कस्मोपोलिटिएनले गुणस्तरीय सेवा प्रदान गर्ने विश्वास व्यक्त गरिन्।

मानिसको औसत आयु घट्दै गइरहेको सन्दर्भमा हिमाली जडीबुटीको प्रयोग गरी एक सय २० वर्षभन्दा दामो दीर्घ जीवन सम्भव छ भन्ने मान्यतालाई संसारभरि चेतना फैलाउने उद्देश्य रहेको कस्मोपोलिटिएनले जनाएको छ।

कस्मोपोलिटिएनमा पर्सनल वेलकेयर र शोभिनियर बुटिक गरी दुई प्रकारका सेवा उपलब्ध हुने बताइएको छ। नेपालीलगायत नेपालमा घुम्न आउने पर्यटकलाई नै लक्षित गरेर शोभनियर बुटिकको स्थापना गरिएको कस्मोपोलिटिएनकी संस्थापक सरिता अधिकारीले बताइन्।

कामना सेवा विकास बैंकले गऱ्यो जुत्ता सर्भिस बुथ हस्तान्तरण



काठमाडौं/ कामना सेवा विकास बैंकले जुत्ता सर्भिस बुथ हस्तान्तरण गरेको छ। बैंकले काठमाडौं महानगरपालिका वडा नं ३ सँगको सहकार्यमा कामनपा-३ को रानीबारी चोकमा जुत्ता मेन्डरका लागि सर्भिस बुथ निर्माण गरी हस्तान्तरण गरेको हो। सो क्षेत्रमा अव्यवस्थित तवरले बस्ने जुत्ता मेन्डरका लागि आफ्नो पेसालाई सहज र व्यवस्थित बनाउन बुथ निर्माण गरिएको बैंकले जनाएको छ।

उक्त बुथको उद्घाटन काठमाडौं महानगरपालिका वडा नं ३ की वडासदस्य सीता थापाले गरेकी छिन्। हस्तान्तरण कार्यक्रममा बोल्दै वडासदस्य थापाले अव्यवस्थित तवरले जुत्ता पालिस तथा मर्मत गर्ने व्यक्तिलाई व्यवस्थित बनाउन बैंकले गरेको सहयोगको सराहना गरिन्। उक्त बुथ रानीबारीस्थित जुत्ता मेन्डर उपेन्द्र दासलाई हस्तान्तरण गरिएको थियो।

यो सहयोगले जुत्ता मेन्डरलाई व्यवस्थित स्थान प्रदान गरी उनीहरूको आफ्नो जीविकोपार्जन गर्न सहयोग पुग्ने बैंकले विश्वास लिएको छ।

झ्यामोलोङमा हाइड्रोपावरको सेयर एलएस क्यापिटलले निष्कासन गर्ने

काठमाडौं/ कास्कीको माछापुच्छ्रे गाउँपालिकामा निर्माणाधीन ३२ मेगावाट क्षमता रहेको करुवा सेती हाइड्रोपावर आयोजनाको निर्माता कम्पनी झ्यामोलोङमा हाइड्रोपावार डेभलपमेन्ट कम्पनी लिमिटेडले साधारण सेयर जारी गर्ने भएको छ। कम्पनीले एक सय रुपैयाँ अंकित दरका ५१ लाख कित्ता सेयर निष्कासनका लागि एलएस क्यापिटललाई निष्कासन तथा बिक्री प्रबन्धकमा नियुक्त गरिएको छ।

नियुक्तिसम्बन्धी सम्झौतामा कम्पनीका कार्यकारी सञ्चालक सुनीलनारायण श्रेष्ठ तथा क्यापिटलका प्रमुख कार्यकारी अधिकृत विजयलाल श्रेष्ठले हस्ताक्षर गरेको जनाइएको छ। निकट भविष्यमा निष्कासन हुने उक्त सेयर आयोजना प्रभावित क्षेत्रका स्थानीयवासी, नेपाल सरकारको सम्बन्धित नियकाबाट श्रम स्वीकृति लिई विदेशमा रोजगारी गरिरहेका नेपाल नागरिक तथा सर्वसाधारणसमेतका लागि भएको जनाइएको छ।

जारी पुँजी दुई अर्ब ५५ करोड रुपैयाँ रहेको झ्यामोलोङमा हाइड्रोपावर डेभलपमेन्ट लिमिटेडले करुवा सेती हाइड्रोपावर आयोजना निर्माण कार्य करिब ९० प्रतिशत सम्पन्न गरिसकेको उल्लेख छ। आयोजना निर्माण सम्पन्न गरी यसै आर्थिक वर्षभित्र विद्युत् उत्पादन गरेर राष्ट्रिय प्रसारणलाइनमा जोडी विद्युत् वितरण योजना रहेको कम्पनीले जनाएको छ।

अख्तियार र...

पृष्ठ १ बाट क्रमशः

शर्माले चारवटा रुख काट्न नौ महिना लाग्ने गरेको गुनासो गरे। रुख काट्ने सहमति नपाउँदा फास्ट ट्र्याक आयोजना निर्माणमा ढिलाइ भएको उनको भनाइ थियो। 'फास्ट ट्र्याक बनाउनुपर्थ्यो भने त त्यसमा नियम पनि दिनुपर्थ्यो नि त!,' समितिमा उनले भनेका थिए, 'चारवटा रुख काट्न नौ महिना लागेको छ। यो कसको गल्ती ?' विकास निर्माणका लागि कानुन दिन नसकेको भन्दै सेनापति शर्माले 'यही तालले ०८३ मा पनि आयोजना नसकिने' ठोकुवा नै गरे।

वन मन्त्रालयसँग जोडिएका यी दुई प्रतिनिधि उदाहरण मात्र हुन्। प्रशासन संयन्त्रभित्र निर्णय प्रक्रिया धेरै प्रभावित बनेको छ। खासगरी विकास तथा पूर्वाधारसम्बन्धी धेरै निर्णय समयमा अघि बढेका छैनन्। आयोजनाहरूको म्याद थप, नयाँ खरिद, जग्गा प्राप्तिलगायतका विषय अड्किएका छन्। राय तथा सहमति दिने सन्दर्भमा खर्चसँग जोडिएका विषयमा अर्थ मन्त्रालय, कानुनी विषयमा कानुन मन्त्रालय र वनसम्बन्धी विषयमा वन मन्त्रालयले विभिन्न बहानामा निर्णय प्रक्रिया झुलाउने गरेको गुनासा पनि प्रशासन संयन्त्रभित्रै सुनिने गरेका छन्। हुनुपर्ने नियमित निर्णय पनि नभएपछि प्रधानमन्त्रीले समेत पटक-पटक असन्तुष्टि प्रकट गरेका छन्। आफ्नो नेतृत्वमा सरकार गठन भएको एक वर्ष पुगेको अवसरमा गत १० पुसमा सिंहदरबारस्थित कार्यालयमा आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै प्रधानमन्त्री प्रचण्डले अपेक्षित नतिजा दिन नसकेको भन्दै मन्त्रीहरूसँग रोष प्रकट गरे। काम गर्न नसके पद छाड्नसमेत उनले चेतावनी नै दिएका थिए।

मन्त्रीहरूसँग पनि कामको नतिजा खोज्ने भन्दै कार्यसम्पादन कमजोर भएको अवस्थामा कसैलाई माफ गर्न सक्ने अवस्था र मनस्थितिमा आफू नभएको प्रधानमन्त्रीको भनाइ थियो। 'हामी सबै आ-आफ्नो भूमिकामाथि न्याय गर्नैपर्ने नैतिक दबाबमा छौं,' उनले भनेका थिए, 'कार्यक्षमता प्रमाणित गर्न सकेनौं भने कसैले पनि अब ठाउँ ओगटिरहनुहुँदैन, छाडिदिनुपर्छ। यो मैले अरूलाई दिएको उपदेश मात्र होइन, आफैंसँग गरेको वाचा पनि हो।'

निर्णय प्रक्रिया प्रभावित हुन थालेपछि कर्मचारीले पदीय जिम्मेवारी वहन नगरेको भन्दै अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रमुख आयुक्त प्रेमकुमार राईले पनि केही समयअघि असन्तुष्टि व्यक्त गरे। आयोगले गत २२ पुसमा दाङमा आयोजना गरेको भ्रष्टाचार नियन्त्रण तथा सुशासन प्रवर्द्धनसम्बन्धी अन्तर्क्रियामा बोल्दै उनले कर्मचारीले तलबबराबरको समेत काम नगरेको गुनासो गरे। 'सरकारले कर्मचारीका लागि कार्यालय दिनमा सात घण्टाको कार्यअवधि तोकेको छ। ९० प्रतिशत कर्मचारीले सात घन्टा काम गरेको भए मलाई देखाउनुहोस्,' राईले भनेका थिए, 'त्यसैले अहिले भएको तलब नै बढी भएको छ। जिम्मेवारी र जवाफदेहिता लिएर कर्मचारीले काम गरेका छैनन्।' अब घण्टाका आधारमा तलब दिने व्यवस्थाको वकालत गरेका उनले राष्ट्रसेवक कर्मचारी सच्चिएमा भ्रष्टाचार अन्त्य गर्न तथा सुशासन लागू गर्न सहज हुने बताए।

पूर्वसचिव गोपीनाथ मैनालीले कर्मचारी संयन्त्रमा निर्णय प्रक्रियामा जोखिम लिन नचाहने प्रवृत्ति हाबी हुनुका साथै व्यावसायिक क्षमता प्रदर्शन गर्दा पनि राजनीतिक नेतृत्वले कर्मचारीको संरक्षण नगरेका कारण यस्तो अवस्था आएको बताए। 'अहिले कर्मचारीमा व्यावसायिकता कम छ भने राजनीतिक नेतृत्वले पनि कर्मचारीलाई अभिभावकत्व दिन सकेको छैन। राजनीतिक नेतृत्वले अभिभावकत्व नलिएपछि कर्मचारीले सोझै नभने पनि मनले जुनसुकै वेला आफूमाथि अपजस आउँछ भन्ने सोचेको हुन्छ,' उनले भने, 'अर्कोतिर केही कर्मचारी राजनीतिज्ञको अनुचर बनेर योग्यलाई आक्षेप लगाउने प्रवृत्ति पनि छ। यसमा राजनीतिक कार्यकारी र प्रशासनिक नेतृत्व दुवैको कमजोरी छ। यसको घाटा अन्ततः प्रणालीलाई परेको छ, सेवाप्रवाहमा आमनागरिकलाई परेको छ।'

प्रशासनिक निर्णय प्रभावित हुँदा त्यसको असर सरकारको खर्चमा पनि देखिएको छ। महालेखापरीक्षक कार्यालयको दैनिक बजेटरी स्थितिअनुसार चालू आव ०८०/८१ को सातौं महिना लाग्न थाल्दा पुँजीगत खर्च २० प्रतिशतभन्दा कम छ। २४ माघसम्म पुँजीगत खर्च १९.५ प्रतिशत मात्र भएको छ। चालू आवमा पुँजीगत शीर्षकमा विनियोजन गरिएको तीन खर्ब दुई अर्ब सात करोड ४४ लाखमध्ये ५८ अर्ब ८९ करोड १३ लाख रुपैयाँ मात्र खर्च भएको कार्यालयको तथ्यांक छ। चालूतर्फ ४३.४४ र वित्तीय व्यवस्थापनतर्फको खर्च ३६.४२ प्रतिशत छ।

भ्रष्टाचारका पछिल्ला विभिन्न प्रकरणमा उच्चपदस्थमाथि मुद्दा दायर हुन थालेपछि प्रशासन संयन्त्र झस्किएको छ। ललितानिवास जग्गा हिनामिना प्रकरणमा सञ्चारसचिव कृष्णबहादुर राउतलाई प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)ले पक्राउ गरेर किर्तेमा मुद्दा दायर गरेपछि कर्मचारीतन्त्र तर्सिएको छ। भौतिक योजना मन्त्रालयमा शाखा अधिकृतका रूपमा कार्यरत रहँदा सरकारी जग्गा व्यक्तिका नाममा लैजानेसम्बन्धी टिप्पणी उठाएका आधारमा राउतमाथि मुद्दा गएको थियो। यसविरुद्ध निजामती ट्रेड युनियनहरूले आवाज पनि उठाएका थिए।

पछिल्लोपटक नेसनल पेमेन्ट गेटवे खरिदमा २३ करोड २७ लाख ५८ हजार घोटाला भएको निष्कर्षसहित अख्तियार दुरुपयोग अनुसन्धान आयोगले उद्योगसचिव मधुकुमार मरासिनीसहितलाई प्रतिवादी बनाएर मुद्दा दायर गरेपछि कर्मचारीवृत्त थप आतंकित बनेको छ। अर्थ मन्त्रालयको बजेट तथा कार्यक्रम महाशाखाका तत्कालीन प्रमुख रहेका उनले बजेटमा कार्यक्रम हालेका आधारमा मुद्दा गएको थियो। असल नियतले गरेको कामको सरकारले प्रतिरक्षा नगरेको र निर्णय प्रक्रियामा संलग्न राजनीतिक पदाधिकारीलाई चोख्याएर कर्मचारीमाथि प्रहार गरिएको बुझाइ प्रशासन संयन्त्रमा छ। विवेकसम्मत गरिएका निर्णयमा पनि सरकारले कर्मचारीलाई तारो बनाएको आरोप कर्मचारीहरूको छ।

नक्कली कागजात...

पृष्ठ १ बाट क्रमशः

विकास समितिका पदाधिकारी तथा कर्मचारीसमेतको संलग्नतामा जग्गा व्यक्तिको नाममा ल्याइएको अख्तियारको दाबी छ। 'तत्कालीन प्रथम तहमा व्यक्तिहरूसँग मिलेमतो गरी व्यक्तिगत स्वार्थ र सम्बन्धको आधारमा साबिकको टीकापुर विकास समितिको नामका नक्कली कागजातहरू खडा गरी समितिको जग्गा व्यक्तिको नाममा हक हस्तान्तरण गरेको देखियो,' अख्तियारको आरोपपत्रमा उल्लेख छ। भ्रष्टाचारमा संलग्न भएको आरोपमा अख्तियारले नगर विकास समितिका पदाधिकारी, कर्मचारी, प्रथम तहमा समितिको जग्गा आफ्नो नाममा कायम गर्ने/गराउने जग्गाधनी, सो जग्गा तहगत सुक्रीबिक्री हुँदै हाल कायम जग्गाधनीहरूलाई प्रतिवादी बनाएर मुद्दा दायर गरेको छ।

सरकारी सार्वजनिक जग्गा व्यक्तिका नाममा ल्याउन संलग्न भएको आरोपमा अख्तियारले टीकापुर नगर विकास समितिका तत्कालीन अध्यक्षत्रय नेत्रप्रसाद जोशी, ललित ताम्राकार र धीरजराज रेग्मीविरुद्ध मुद्दा दायर गरेको छ। सरकारी जग्गा व्यक्तिका नाममा ल्याउने निर्णय प्रक्रिया ०६६ देखि सुरु भएको देखिएको छ। त्यतिखेर समितिका अध्यक्षमा जोशी थिए।

१६ चैत ०६६ मा बसेको समितिको बोर्ड बैठकले पुराना दाखिल खारेज हुन बाँकी रहेका जग्गा दाखिल खारेज गरी लालपुर्जा उपलब्ध गराउने सम्बन्धमा उपसमिति गठन गरेको थियो। उपसमितिले प्रक्रिया पुगेका व्यक्तिहरूलाई सिफारिस गरी लालपुर्जा उपलब्ध गराउने रायसहित बोर्डको निर्णय समितिका अध्यक्ष जोशीलाई पेस गरेको थियो। त्यही बोर्ड बैठकले तत्कालीन बोर्ड सदस्य गणेशसिंह रावलको संयोजकत्वमा सातसदस्यीय उपसमिति गठन गरेको थियो। नगर विकास समितिको जग्गा व्यक्तिका नाममा वितरण गर्ने सिलसिला यहींदेखि सुरु भएको थियो।

नगर विकास समितिको जग्गा व्यक्ति विशेषको नाममा दाखिल खारेज/वितरण गरी गैरकानुनी लाभ लिने बदनियतले उपसमितिले सोझै अध्यक्षसमक्ष सिफारिस गर्ने निर्णय गरेको थियो। नगर विकास समितिको जग्गा वितरण गर्दा अपनाउनुपर्ने विधि प्रक्रियासमेतलाई छली साबिकको टीकापुर विकास समितिको नाममा अभिलेख रहेका सक्कल कागजातजस्तै गरी पुरानो मितिका नक्कली घडेरी प्रमाणित पत्र, रकम बुझाएको रसिदलगायतका नक्कली कागजात सिर्जना गरेर उपसमितिमार्फत जग्गा दाखिल खारेजको सिफारिस गरिएको देखिएको छ। 'सिफारिसमा भएकामध्ये टीकापुर नगर विकास समितिको स्वामित्वमा रहेको जग्गा व्यक्तिका नाममा दाखिल खारेज गर्ने भनी निज अध्यक्ष नेत्रप्रसाद जोशी आफैंले तोकादेशसमेत गरी समितिको जग्गा व्यक्ति विशेषको नाममा दाखिल खारेज र वितरण गरेको पुष्टि हुन आयो,' अख्तियारको आरोपपत्रमा उल्लेख छ। तत्कालीन अध्यक्ष जोशीविरुद्ध अख्तियारले दुई करोड १२ लाख ४० हजार ९४४ रुपैयाँ बिगो मागदाबी गरेको छ। भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा १ बमोजिम कैद तथा बिगोबमोजिमको जरिवाना गरी बिगो असुल हुन र दफा ११ बमोजिम कैद र जरिवानासमेत दफा २४ ले परिभाषित गरेबमोजिम नगर विकास समितिको अध्यक्षको पदमा रही वारदातमा संलग्न रहेको देखिएको भन्दै थप सजायसमेतको मागदाबी अख्तियारले गरेको छ।

अर्का अध्यक्ष ताम्राकारले पनि नगर विकास समितिको नाममा रहेका जग्गा वितरण गर्ने उद्देश्यले उपसमिति गठन गरेका थिए। समितिको ४ जेठ ०६८ को बैठकले तत्कालीन विकास समितिबाट अस्थायी निस्सा पाएका व्यक्तिहरूलाई जग्गा दाखिल गर्ने सम्बन्धमा सर्वदलीय समिति गठन गरी त्यसैको सिफारिसमा दाखिल खारेज प्रक्रिया अघि बढाउने निर्णय गऱ्यो। त्यही बैठकले तत्कालीन बोर्ड सदस्य प्रेमसिंह विकको संयोजकत्वमा १३ सदस्यीय उपसमिति गठन गरेको थियो। यसपटक पनि अघिल्लै शैलीमा विकास समितिको जग्गा वितरण गरिएको थियो। निर्णय प्रक्रियामा संलग्न तत्कालीन अध्यक्ष ताम्राकारविरुद्ध ५९ लाख ३८० रुपैयाँ बिगो अख्तियारले कायम गरेको छ।

त्यस्तै, अर्का अध्यक्ष रेग्मीको अध्यक्षतामा १२ भदौ ०७० मा बसेको समिति बैठकले विगतका समितिबाट दाखिल खारेज गर्ने भनी विभिन्न मितिमा भएका निर्णयबमोजिम व्यक्तिहरूका नाममा जग्गा स्रेस्तापुर्जा उपलब्ध गराउने निर्णय गरेको थियो। ५२ जना व्यक्तिका नाममा स्रेस्ता बनाइदिने भनी पहिले सिफारिसमा परेकाका नाममा थप नामसमेत गरी पुनः सिफारिस गरी समितिको जग्गा व्यक्ति विशेषका नाममा वितरण गरेका थिए। सोझै बोर्ड बैठकबाट जग्गा पाउने व्यक्तिहरूका नाम, कित्ता नम्बर, क्षेत्रफलसमेत तोकी दाखिल खारेज गरिदिने निर्णय गरी अध्यक्ष रेग्मीबाट तोकादेश तथा दस्तखतसमेत गरी समितिका जग्गा व्यक्ति विशेषका नाममा वितरण गरिएको देखिएको छ। रेग्मीविरुद्ध ६६ लाख ९८ हजार ८९२ रुपैयाँ बिगो दाबी अख्तियारले गरेको छ।

नगर विकास समितिको नामका सरकारी जग्गा बाँड्ने नियतका साथ गठन गरिएको उपसमितिका पदाधिकारीविरुद्ध पनि अख्तियारले मुद्दा दायर गरेको छ। तत्कालीन अध्यक्ष नेत्रप्रसाद जोशीको बोर्ड बैठकको निर्णयबमोजिम गठित उपसमितिका संयोजक गणेशसिंह रावल तथा सदस्यहरू खडकबहादुर शाह, बमबहादुर बम, श्याम खत्री, देवेन्द्रबहादुर कुँवर र पदमराज न्यौपानेलाई अख्तियारले प्रतिवादी बनाएको छ। उनीहरूविरुद्ध संयुक्त बिगो एक करोड ६५ लाख ६८ हजार १४९ रुपैयाँ कायम गरिएको छ।

अर्का तत्कालीन अध्यक्ष ताम्राकारको बोर्ड बैठकबमोजिम गठित उपसमितिका संयोजक प्रेमसिंह विक तथा सदस्यहरू श्याम खत्री, भरत स्वाँर, बेदराज ढुंगाना, दयाराम सन्ज्याल, पूर्णबहादुर बोगटी, अमरबहादुर कडायत, मदन कुँवर र तारा सन्ज्यालविरुद्ध ५९ लाख ३८० रुपैयाँ संयुक्त बिगो अख्तियारले कायम गरेको छ।

टीकापुर विकास समितिका तत्कालीन योजना प्रमुखद्वय बलबहादुर कडायत र झप्परसिंह विश्वकर्मा तथा तत्कालीन सदस्यसचिव अम्बादत्त जोशीविरुद्ध पनि अख्तियारले मुद्दा दायर गरेको छ। तत्कालीन योजना प्रमुख कडायतले समितिका नाममा अभिलेख रहेका सक्कल कागजातजस्तै हुने गरी पुरानो मितिका नक्कली घडेरी प्रमाणित पत्र र समितिमा रकम बुझाएका रसिद सिर्जना गरेका थिए। ती कागजात राष्ट्रिय विधि विज्ञान प्रयोगशालामा परीक्षण गर्दा नमुना मिसिलसँग नभिडेको पुष्टि भएपछि समितिको घडेरी व्यक्तिगत स्वार्थ र सम्बन्धका आधारमा व्यक्ति विशेषका नाममा वितरण गरेको स्पष्ट भएको आरोपपत्रमा उल्लेख छ। तत्कालीन नगर विकास समितिका अध्यक्ष तथा उपसमिति संयोजक एवं सदस्य र जग्गाधनीहरूसँग मिलेमतो गरी नक्कली कागजातलाई वैधानिकता प्रदान गर्ने बदनियतले उनले निर्णय गरेको अख्तियारको दाबी छ। उनीविरुद्ध दुई करोड ११ लाख ५७ हजार १७८ रुपैयाँ बिगो दाबी छ। उस्तै कसुरमा अर्का तत्कालीन योजना प्रमुख विश्वकर्मालाई १४ लाख १९ हजार ६२७ रुपैयाँ बिगो अख्तियारले कायम गरेको छ।

नगर विकास समितिका तत्कालीन सदस्यसचिव अम्बादत्त जोशीविरुद्ध अख्तियारले दुई करोड ३० लाख ६१ हजार ८१६ रुपैयाँ बिगो कायम गरेको छ। मिलेमतो गरी नक्कली कागजातलाई वैधानिकता प्रदान गर्ने बदनियतले समितिका जग्गा व्यक्तिका नाममा लैजान विभिन्न व्यक्तिले दिएका निवेदन तथा कागजातको आधिकारिकता र अभिलेख यकिन नगरी हचुवाका भरमा दाखिल खारेज गरिदिने तोकादेश गरेको आरोप उनीमाथि छ।

त्यस्तै, नापी कार्यालय, टीकापुरका तत्कालीन नापी अधिकृतद्वय मानबहादुर चन्द र गणेशबहादुर बमलाई पनि अख्तियारले प्रतिवादी कायम गरेको छ। दाखिल खारेज तथा स्रेस्ता पुर्जा तयार गरिदिनका लागि पेस भएका कागजातहरूको आधिकारिकता नबुझी उपसमितिबाट पेस सिफारिस भएका विषयको बोर्ड बैठकबाट अनुमोदन भए/नभएको यकिन नगरी हचुवाका भरमा प्लटहरूको क्रम संख्यासमेत नहेरी नापी अधिकृतको हैसियतमा स्रेस्ता प्रमाणित गरेको आरोप चन्दविरुद्ध छ। उनलाई एक करोड ९० लाख ३२ हजार १३६ रुपैयाँ बिगो कायम गरिएको छ। अर्का नापी अधिकृत बमविरुद्धको अभियोग पनि यस्तै छ। उनीविरुद्ध ४२ लाख ३४ हजार ९०५ रुपैयाँ बिगो कायम छ।

पेस भएका कागजातहरूको आधिकारिकता नबुझी हचुवाका भरमा जग्गा व्यक्तिका नाममा हक हस्तान्तरण गर्ने कार्यमा संलग्न भएको भन्दै मालपोत कार्यालय टीकापुरका तत्कालीन मालपोत अधिकृत जयबहादुर विष्टलाई पनि अख्तियारले एक करोड ६८ लाख ४५ हजार ५८८ रुपैयाँ बिगोसहित प्रतिवादी बनाएको छ। त्यस्तै, टीकापुर नगर विकास समितिका खरिदार धनीराम भण्डारी, सब-ओभरसियर नेत्रबहादुर रावल तथा टीकापुर नगर विकास समितिको पुरानो रसिद खिचेको भनी घडेरी प्रमाणित-पत्रमा दस्तखत गर्ने समितिका तत्कालीन फिल्ड सुपरभाइजर देवीलाल घिमिरेविरुद्ध पनि मुद्दा दर्ता भएको छ।

नगर विकास समितिको जग्गा व्यक्ति विशेषबाट खरिद गरी हाल भोग गरिरहेका १०७ जग्गाधनीहरूलाई पनि प्रतिवादी बनाइएको छ। उनीहरूबाट ती जग्गा जफत गर्न अख्तियारले भनेको छ।

१० अर्ब...

पृष्ठ १ बाट क्रमशः

बिलबिजकलाई अनुसन्धान गर्ऱ्यौं, कतिपय शंका र कतिपय नमुनाका रूपमा अनुसन्धान गर्ऱ्यौं,' उनले भने, 'प्रारम्भिक अनुसन्धानबाट नक्कली बिल बनाएर भ्याट छली गरेको पाएपछि सम्बन्धित कर कार्यालयलाई थप अनुसन्धान गरी कर निर्धारण गर्न निर्देशन दिर्ऱ्यौं।' आगामी चैत मसान्तसम्ममा अनुसन्धान टुंग्याएर कर निर्धारण गर्ने गरी निर्देशन दिइएको उनले बताए।

विभागका नवनियुक्त महानिर्देशक भूपाल बरालले यस विषयमा विस्तृत जानकारी लिन बाँकी रहेको बताए। यद्यपि, विभागमातहतका कार्यालयलाई अनुसन्धानका लागि पत्राचार भएको र सोहीअनुसार बिलबिजक तथा कर परीक्षण भइरहेको उनले बताए।

विभागका निवर्तमान महानिर्देशक दीर्घराज मैनालीले विभागबाट सरुवा भएपछि जारी गरेको धन्यवाद ज्ञापनपत्रमा समेत झुटा तथा नक्कली बिल प्रयोग गरी कर छली भएको विषयमा अनुसन्धान भइरहेको उल्लेख गरेका छन्। हाल सार्वजनिक ऋण व्यवस्थापन कार्यालय प्रमुखको जिम्मेवारीमा सरुवा भएका मैनालीले आफू महानिर्देशक हुँदा सुरु गरिएको उक्त छानबिनलाई उपलब्धिकै रूपमा उल्लेख गरेका हुन्।

ठूला करदाता कार्यालयका प्रमुख कर प्रशासक जनकराज शर्माले झुटा तथा नक्कली बिल प्रयोग गरी कर छलेको आशंकामा तीन दर्जनभन्दा बढी फर्ममाथि अनुसन्धान भइरहेको बताए। 'विभागले कर छलीको आशंका गरेपछि अनुसन्धानका लागि कर निर्धारण गर्ने अरू कार्यालयसँगै ठूला करदाता कार्यालयलाई पनि पत्राचार गरेको थियो,' उनले भने, 'करिब ४२ वटा करदाताको फाइल हामीले अनुसन्धान गरिसकेका छौं, त्यसमध्ये आधाको अनुसन्धान सकिएको छ, थुप्रैमा कैफियत भेटिएको छ।'

मध्यमस्तरीय करदाता कार्यालयका प्रमुख कर प्रशासक अमृत लम्सालले नक्कली बिल प्रयोग गरी कर छलेको विषयमा अनुसन्धान भइरहेको बताए। विभागको निर्देशनअनुसार आफ्नो क्षेत्राधिकार पर्ने अर्थात् मध्यमस्तरका करदातामाथि अनुसन्धान भइरहेको उनले जानकारी दिए। तर, के-कस्ता कम्पनीले भन्ने विषय भने उनले खुलाउन चाहेनन्। 'विभागले उनीहरूको प्रारम्भिक अनुसन्धान गरेर कार्यालयलाई थप अनुसन्धान गरी कर निर्धारण गर्न दिएको हो, सोहीअनुसार अनुसन्धान भइरहेको छ,' उनले भने।

जग्गा बिक्रिमा

दोलालघाट नजिक कृषि फर्म सहित ५० रोपनी जग्गा बिक्रिमा।

सिधा सम्पर्क:
९८५१०२३७३४ काफले जी
९८५११३३४८४

बुढीगण्डकी...

पृष्ठ १ बाट क्रमशः

हालसम्म कत्ति पनि भाडा तिर्न सकेको छैन। कम्पनीले कोषलाई तिर्नुपर्ने भाडाको बक्यौता १६ लाख ५० हजार हाराहारी पुगेको छ। कार्यालयले कोषको भवनको पाँचौं तलामा २५ सय वर्गफिट क्षेत्रफल ओगटेको छ। त्यसको भाडादर ११० रुपैयाँ प्रतिवर्गफिट छ। त्यसअनुसार कम्पनीले मासिक दुई लाख ७५ हजार भाडा तिर्नुपर्छ। बजेट नपाउँदा प्रशासनिक खर्च धान्न नसकेको सिइओ श्रेष्ठले बताए। 'अर्थ मन्त्रालयले बजेट निकासा गर्न ढिलाइ गरेर कार्यालय सञ्चालन गर्न धौधौ भएको छ। कर्मचारीको तलब र कार्यालयको भाडा भुक्तानी गर्न सकेका छौं,' उनले भने, 'कार्यालयलाई आवश्यक पर्ने न्यूनतम सामग्रीहरू पनि उधारोमा ल्याएका छौं।'

सरकारले चालू आवमा यस आयोजनाको लागि एक अर्ब बजेट विनियोजन गरेको छ। तर, हालसम्म एक रुपैयाँ पनि निकासा भएको छैन। कम्पनीमा अर्थ मन्त्रालयले सेयरबापतको पैसा हाल्नुपर्नेछ। अर्थ मन्त्रालयका प्रवक्ता धनीराम शर्माले यसबारे कुनै जानकारी प्राप्त नभएको बताए। २० अर्ब चुक्तापुँजी तोकिएको यस कम्पनीमा संस्थापक सेयर १६ अर्ब रुपैयाँ छ। त्यसमा ऊर्जा मन्त्रालयको ५० प्रतिशत, अर्थ मन्त्रालयको ३० प्रतिशत र नेपाल विद्युत् प्राधिकरणको २० प्रतिशत छ। सरकारले सेयरबापतको पैसा नै निकासा गर्नुपर्नेछ। यद्यपि, अहिले सरकारलाई संस्थापक सेयरबाट हटाएर कम्पनीको पुनः संरचना गरिँदै छ।

विगतमा पनि सरकारले समयमा बजेट नदिँदा स्थापना भएको १० महिनासम्म कम्पनी सञ्चालनमा आउन सकेको थिएन। ऐनअनुसार यो कम्पनी सञ्चालनमा आउन न्यूनतम एक करोड मौज्दात चाहिन्थ्यो। तर, १७ भदौ ०७९ मा स्थापना भएको यो कम्पनी ०८० असारसम्म सञ्चालनमा आउन सकेको थिएन। सरकारले ०८० असारमा २२ करोड रुपैयाँ निकासा गरेपछि कम्पनी सञ्चालनमा आएको थियो। त्यसमा २१ करोड २० लाख रुपैयाँ लाइसेन्सका लागि छुट्याइएको छ। त्यसबाट बाँकी रकमले चालू आवको दुई महिना तलब र कार्यालयलाई चाहिने फर्निचर सामग्री व्यवस्थापन गरिएको थियो। यद्यपि, अझै पनि अधिकांश फर्निचर लगायतका सामग्रीको उधारो भुक्तानी गर्न बाँकी छ। अहिले कम्पनीको खातामा दुई लाख हाराहारीमा नगद मौज्दात रहेको सिइओ श्रेष्ठले बताए।

■ आयोजनाका लागि इन्धन करबाट उठ्यो एक खर्ब २६ अर्ब

सरकारले इन्धनमा लगाएको पूर्वाधार करबाट हालसम्म एक खर्ब २६ अर्ब रुपैयाँ राजस्व उठेको छ। त्यसमा चालू आवको पुस मसान्तसम्म नौ अर्ब २४ करोड २५ लाख कर उठाइसकेको अर्थ मन्त्रालयले जानकारी दिएको छ। सरकारले पेट्रोलियम पदार्थमा आव ०७२/७३ बाट प्रतिलिटर पाँच रुपैयाँ र ०७६ फागुनदेखि प्रतिलिटर १० रुपैयाँ पूर्वाधार विकास कर उठाइरहेको छ। पहिला यसमा बुढीगण्डकी आयोजनाकै नाममा कर उठाइएको थियो। ०७६ फागुनदेखि भने पूर्वाधार करको नाममा यस्तो राजस्व उठाइएको छ।

२३ कात्तिकको मन्त्रिपरिषद्ले इन्धनबाट उठाएको पूर्वाधार करको ५० प्रतिशत रकम आयोजनामा ऋण लगानी गर्ने निर्णय गरेको थियो। तर, सो निर्णयमा कहिलेदेखि उठाएको करको रकम लगानी गर्ने र कुन मोडलमा गर्ने स्पष्ट उल्लेख नहुँदा रकम निकासामा कठिनाइ भएको अर्थ मन्त्रालयका अधिकारी बताउँछन्। उक्त निर्णयमा 'बुढीगण्डकी जलाशययुक्त जलविद्युत् आयोजना निर्माणका लागि आवश्यक पर्ने बजेट अभाव हुन नदिन नेपाल सरकारले इन्धनमा लगाएको पूर्वाधार शुल्कसमेत उपयोग हुने गरी आयोजनाका लागि आवश्यक पर्ने बजेट सालबसाली रूपमा विनियोजन गर्ने व्यवस्था अर्थ मन्त्रालयले मिलाउने' भनिएको छ। कम्पनीले प्रस्ताव गरेको लगानी मोडलमा आगामी आवदेखि उठ्ने करको ५० प्रतिशत रकम सहुलियत ऋणमा उपलब्ध गराउने उल्लेख छ। यसबापत सरकारबाट एक खर्ब ८० अर्ब सहुलियत ऋण ल्याउने उक्त मोडलमा उल्लेख छ।

सांग्रिला डेभलपमेन्ट बैंक लि.
Shangri-la Development Bank Ltd.
स्थानीय विकासको आधार
(नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजत प्राप्त संस्था)

केन्द्रीय कार्यालय : बालुवाटार, काठमाण्डौ
फोन: ०१-४४२१८६१/६२/६३

कर्जा चुक्ता गर्ने बारे ३५ दिने अत्यन्त जरूरी सूचना

सूचना प्रकाशित मिति : २०८०/१०/२६ गते नयाँ पत्रिका राष्ट्रिय दैनिक

यस डेभलपमेन्ट बैंकबाट कर्जा सुरक्षण वापत तपसिलमा उल्लेखित सम्पत्ति धितो जमानतमा राखी तपसिलको ऋणीले यस डेभलपमेन्ट बैंकको शाखा कार्यालय सुर्खेतबाट तपसिल बमोजिमको कर्जा शीर्षक अर्न्तगत लिनु भएको कर्जाको साँवा, ब्याज तथा हर्जाना रकम समेत शर्त बमोजिम यस डेभलपमेन्ट बैंकमा समय समयमा दाखिला गर्नु पर्नेमा हाल सम्म नतिरी नबुझाई कर्जा सम्बन्धी शर्त वन्देज उल्लंघन गर्नु भएको र सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित तरिकाले गर्दा समेत वक्यौता रकम चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गर्नु भएको हुनाले यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतिस) दिन** भित्र यस डेभलपमेन्ट बैंकमा सम्पर्क राखी यस डेभलपमेन्ट बैंकलाई तिर्न बुझाउनु पर्ने बाँकी ऋणको साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दे-दस्तुर रकम समेत चुक्ता भुक्तान गर्नु हुन सम्बन्धित ऋणी तथा जमानीकर्तालाइ यसै सूचना मार्फत सूचित गरिन्छ। अन्यथा यस डेभलपमेन्ट बैंकको नीति नियम, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैंकिङ्ग कसूर ऐन २०६४, यस बैंकको ऋण असुली नीति २०८० एवं प्रचलित कानून बमोजिम धितो लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी यस डेभलपमेन्ट बैंकको लेना बाँकी रकम असुल उपर गर्ने तर्फ कारवाही गरिने र सो धितोबाट यस डेभलपमेन्ट बैंकको सम्पूर्ण रकम असुल उपर हुन नसकेमा प्रचलित कानून बमोजिम सम्बन्धित ऋणीको अन्य चलअचल जायजेथा सम्पत्तिबाट समेत असुल उपर गरिने र ऋणीलाई कालोसूचीमा समेत सूचिकृत गरी आवश्यक कानुनी कारवाही भई जाने व्यहोरा समेत सम्बन्धित सबैलाई सूचित गरिन्छ।

तपसिल

ऋणी/प्रोप्राईटर/जमानीतकर्ताको विवरण	जमानीकर्ताको विवरण
ऋणी : यु एण्ड ए कन्सट्रकसन दर्ता गर्ने कार्यालय : घरेलु तथा साना उद्योग विकास समिति, मुख्य शाखा कार्यालय सुर्खेत प्रा.फ.न.घ.उ.वि. : ३८७६/०७४/०७५, दर्ता मितिः २०७४/११/२३ पान नं. : ६०६२७०६८५ ठेगाना : बिरेन्द्रनगर न.पा. वडा नं. ०१, सुर्खेत **ऋणी/प्रोप्राईटर/जमानीकर्ताको नाम: सन्तोस गिरी** बाबुको नाम : राजेन्द्रदेव गिरी बाजेको नाम : चन्द्र देव गिरी ठेगानाः बीरेन्द्रनगर-०२, सुर्खेत ना.प्र.नं. : ६४१०१७/८८६२९, जारी मिति : २०६५/०९/२९ जारी गर्ने कार्यालय : जिल्ला प्रशाशन कार्यालय, सुर्खेत **कर्जा शीर्षक : व्यक्तिगत आवधिक कर्जा, सरल आवधिक कर्जा र भेइकल कर्जा** **कर्जा लिएको शाखा : सुर्खेत**	**क) नाम : विनु गिरी** बाबुको नाम : शक्ति बहादुर बुढा पतिको नामः सन्तोष गिरी ससुराको नाम : राजेन्द्रदेव गिरी ठेगाना : बीरेन्द्रनगर-०२, सुर्खेत ना.प्र.नं. : ६४-०१-६९-०२५२४ जारी मिति : २०६९/०९/२३ जारी गर्ने कार्यालय : जिल्ला प्रशाशन कार्यालय, सुर्खेत

सुरक्षणमा रहेको धितोको विवरण

क. श्री मालपोत कार्यालय बीरेन्द्रनगर, सुर्खेतमा श्री सन्तोस गिरीको नाममा दर्ता कायम रहेको सुर्खेत जिल्ला, बयलकाँडा न.पा./गा.वि.स. वडा नं. ६ स्थित कि.नं. २४९७ को क्षेत्रफल ३८५.२० व.मि. को जग्गा र सोमा निर्माण भएको घर टहरा तथा सो ले चर्चेको सम्पूर्ण लिग लगापात समेत।

ख. सवारी साधनको विवरणः यस सांग्रिला डेभलपमेन्ट बैंकको नाममा दर्ता भई **यु एण्ड ए कन्सट्रकसन** ऋणी कायम भएको निम्न अनुसारको सवारी साधन थान १।

सवारी दर्ता नं. :	**भे १ क १६४०**	ईन्जिन नम्बर :	H00201988
कम्पनीको नाम :	JCB इन्डीया	च्यासिस नम्बर :	HAR3DXSUCO2716469
मोडेल :	3 D X SUPER BACKHOE LOADER	सवारीको रङ्ग :	पहेलो
बनेको साल :	२०१८	सवारीको प्रयोग :	निजी
सि.सि./हर्ष पावर :	९२ HP		

BALEPHI HYDROPOWER LTD. Balephi Hydropower Ltd.
Teku-12, Kathmandu

Unaudited Financial Statement for the 2nd Quarter
on Poush 29, 2080 (14 Jan, 2024)

Amount in NRs

Particulars	As at Poush 29, 2080 (Current Quarter)	As at Ashoj 30, 2080 (Previous Quarter)	As at Poush 29, 2079 (Previous Year Quarter)

शुक्रबार २६ माघ ०८० www.nayapatrikadaily.com नयाँ पत्रिका
का.नि.इ.नं.१२८/०६३/६४, म.से.ह.नि.इ.न. १७/०६९/०७०

क्यानडामाथि नेपालको रोमाञ्चक जित

नेपाललाई ७ रनको जित दिलाउने क्रममा कप्तान रोहित पौडेलले ८.५ ओभरमा २२ रन खर्चेर सर्वाधिक चार विकेट लिए

रमेश सुवेदी/नयाँ पत्रिका

कप्तान रोहितकुमार पौडेल बलिङमा चम्किएपछि नेपालले क्यानडाविरुद्धको पहिलो एकदिवसीय खेलमा ७ रनको रोमाञ्चक जित निकालेको छ। त्रिवि मैदानमा बिहीबार पहिलो ब्याटिङ गरेको नेपालले ५० ओभरमा सबै विकेट गुमाएर २२४ रन बनाएको थियो। मध्यम लक्ष्य पछ्याएको क्यानडा रोहितको कसिलो बलिङ सामना गर्न नसक्दा ४७.५ ओभरमा २१७ रनमा समेटियो। ब्याटिङमा नेपालका ओपनर कुशल भुर्तेलले सर्वाधिक ६२ रनको योगदान दिए। जितसँगै नेपालले तीन खेलको शृंखलामा १-० ले अग्रता लियो।

क्यानडाविरुद्ध बलरद्वय सूर्य तामाङ र रिजन ढकालले राष्ट्रिय टोलीबाट डेब्यु गरे। पवन सर्राफ टोलीमा फर्किएका छन्। नेपाललाई रोमाञ्चित जित दिलाउने क्रममा रोहितले ८.५ ओभरमा २२ रन खर्चेर सर्वाधिक चार विकेट लिए। उनले दुई मेडन ओभर फ्याँके। नेपाललाई आवश्यक परेका वेला उनले 'ब्रेक थ्रु' दिलाएका थिए। इनिङ्सको १९.४ ओभरमा प्रगत सिंह, ३७.३ ओभरमा मोभा, ४३.३ ओभरमा भगवान र ४७.५ ओभरमा क्यानडाको अन्तिम विकेटका रूपमा सोधीलाई पेभेलियन पठाउँदै नेपाललाई जित दिलाए।



तस्बिर : ज्ञानेन्द्र कार्की/नयाँ पत्रिका

यसैगरी, ललित राजवंशीले आठ ओभरमा ४१ रन दिँदै दुई विकेट हात पारे। सोमपाल कामी, रिजन ढकाल, पवन र कुशल मल्लले समान एक विकेट लिए। तीव्र गतिका बलर रिजन डेब्युमै विकेट लिँदा खुसी देखिए। 'हरेक खेलाडीको चाहना राष्ट्रिय टोलीबाट डेब्यु गर्ने हुन्छ। मैले डेब्युमै विकेट लिएँ,' रिजनले भने। क्यानडाका प्रशिक्षक पुबुदु दासानायकेले नेपाललले बलिङमा राम्रो गरेका कारण आफ्नो टोली पराजित भएको बताए।

कुशलको अर्धशतक

क्यानडाका उदय भगवानले सर्वाधिक तीन विकेट लिँदा पहिलो ब्याटिङ गरेको नेपाल ओपनर कुशलको अर्धशतकीय इनिङ्ससँगै सुदृढ अवस्थामा पुग्यो। उनले ५८ बलमा नौ चौका र एक छक्का प्रहार गरे। नेपालले १८.३ ओभरमा ९९ रन बनाउँदा कुशललाई विन जाफरले स्टम्पिङ गरे। कुशलले ४४ बलमा ५० रन जोडेका थिए। उनले ४७ खेलमा सातौँ अर्धशतक बनाए। चौथो नम्बरका भीम सार्कीले २६ बलमा २ चौकासहित १७ रन जोडे। मध्यक्रमका कुशलले ३२ बलमा २०, आरिफ शेखले ५० बलमा चार चौकासहित ३८ र पवनले १५ रन जोडे। क्यानडाको ब्याटिङमा प्रगत सिंह र निकोलास किर्टनले अर्धशतक बनाएका थिए। उनले ९९ बलमा ७ चौकासहित सर्वाधिक ६८ रन बनाए। पवनले ९९ बलमा नौ चौकासहित ५० रन बनाएका प्रगतलाई बोल्ड गरेका थिए।

अवार्डमा प्लाजा होटेल्सको सहप्रायोजन

काठमाडौं/ २०औँ एनएसजेएफ पल्सर स्पोर्टस् अवार्डमा नेपाल खेलकुद पत्रकार मञ्चले प्लाजा होटेल्स ग्रुपसँग सहप्रायोजन सम्झौतालाई निरन्तरता दिएको छ। मञ्चका अध्यक्ष दुर्गानाथ सुवेदी र प्लाजा होटेल्स ग्रुपका प्रबन्ध निर्देशक युवराज श्रेष्ठले बिहीबार सम्झौतापत्रमा हस्ताक्षर गरेका छन्। अवार्ड २८ माघमा होटेल याक एन्ड यतीमा हुनेछ। अवार्डअन्तर्गत पाँच विधाको मनोनयन सार्वजनिक भइसकेको छ।

वर्षका उत्कृष्ट पुरुष, महिला र युवा खेलाडी तथा वर्ष प्रशिक्षक विधामा समान आठ खेलाडीको मनोनयन सार्वजनिक भइसकेको छ। पिपल्स च्वाइस विधामा रजनी श्रेष्ठ (बडीबिल्डिङ), सिक्का सुवाल श्रेष्ठ (टेबलटेनिस), विप्ललाल श्रेष्ठ (कराँते), अनन्त तामाङ (फुटबल) र निरुता ठगुन्ना (भलिबल) रहेका छन्। ग्रुपका प्रबन्ध निर्देशक श्रेष्ठले खेलकुदको प्रतिष्ठित कार्यक्रममा निरन्तर सहयात्रा गर्न पाउँदा खुसी लागेको बताए।

■ मकवानपुर गोल्डकप प्रतियोगिता

उपाधिका लागि एपिएफ र एनआरटी भिड्ने



मकवानपुरमा **पोष्टराज अधिकारी**

बागमती युवा क्लबलाई ४-० को फराकिलो गोलअन्तरले पराजित गर्दै एपिएफ क्लब मकवानपुर गोल्डकप फुटबल प्रतियोगिताको फाइनलमा पुगेको छ। एपिएफ अब शनिबार हुने उपाधि भिडन्तमा न्युरोड टिम (एनआरटी)सँग भिड्नेछ।

अन्तिम दुईमा स्थान पक्का गर्ने क्रममा एपिएफका अनिश महर्जन, प्रदीप लामा, सर्ज सङ र फोडे फोफनाले समान एक गोल गरे। एपिएफले पहिलो हाफमा एक र दोस्रो हाफमा तीन गोल गरेको थियो। अनिशले खेलको ४४औँ मिनेटमा हेडिङ गोल गर्दै एपिएफलाई १-० को अग्रता दिलाए। बागमतीले एपिएफविरुद्ध बलियो रक्षापंक्ति अपनाए पनि सामान्य गल्ती गर्दा गोल बेहोरेको थियो। खेलको ६०औँ मिनेटमा एपिएफका लागि प्रदीप लामाले २-० को अग्रता गोल गरे। उनले पनि हेडिङ नै गोल गरेका हुन्। एपिएफका लागि सुरुवाती दुई गोल स्थानीय खेलाडीले गरेका थिए। त्यसपछिका दुई गोल विदेशी खेलाडीले गरे। खेलको ८१औँ मिनेटमा विदेशी खेलाडी सर्जले एपिएफलाई ३-० को बलियो स्थितिमा राखे। उनले फोफनाको पासमा गोल गरेका हुन्। फोफनाले उपलब्ध गराएको पासमा सर्जले वान भर्सेस वानको अवस्था सहजै गोल गरे। फोफनाले खेलको ८९औँ मिनेटमा एपिएफलाई ४-० को जित दिलाए। बागमतीले दबाबमा प्रतिस्पर्धा गरे पनि गोल प्रयास जारी राखेको थियो।

खेल संक्षेप

भ्यालीलाई उपाधि

काठमाडौं/ भ्याली पब्लिकले प्रथम अक्षरा कप अन्तरविद्यालय बास्केटबल प्रतियोगितामा ह्याट्रिक उपाधि जितेको छ। भ्याली पब्लिक सिनियर पुरुष, सिनियर महिला र मिक्स जुनियरमा च्याम्पियन बनेको हो। आयोजक अक्षरा स्कुलको कोर्टमा बिहीबार भएको सिनियर पुरुषको प्रतिस्पर्धात्मक फाइनलमा भ्याली पब्लिकले अक्षरिकालाई ६५-६४ को साँघुरो अन्तरले पराजित गऱ्यो। सिनियर महिलाको उपाधि भिडन्तमा भ्याली पब्लिकले नेमोनिकलाई ५०-१५ ले हरायो। मिक्स जुनियरमा भ्याली पब्लिकले आलोक विद्याश्रमलाई ३८-१० ले पाखा लगायो।

सुजेन्द्र स्मृति बुद्धिचाल हुने

काठमाडौं/ नेपालमा बुद्धिचाल महासंघका पूर्वउपाध्यक्ष तथा फिडे मास्टर सुजेन्द्रप्रसाद श्रेष्ठको स्मृतिमा २७ माघमा एकदिने खुला ब्लिट्ज बुद्धिचाल प्रतियोगिता हुने भएको छ। स्विस लिग प्रणालीअनुसार नवौँ चरणसम्म हुने प्रतियोगितामा विजेता खेलाडीले १० हजार, उपविजेताले आठ हजार र तेस्रो हुने खेलाडीले ६ हजार रुपैयाँ पाउनेछन्। चौथोदेखि दशौँ स्थानसम्म रहने र समूह विजेतालाई नगद पुरस्कार दिइने क्लबका अध्यक्ष श्रेष्ठले जानकारी गराए। मखन चेस क्लबका संस्थापक अध्यक्षसमेत रहेका श्रेष्ठको ०७९ चैतमा निधन भएको थियो।

ग्रिनफिल्ड फाइनलमा

काठमाडौं/ बोधिसदन र ग्रिनफिल्ड एनप्याब्सन खेलकुद सप्ताहअन्तर्गत पुरुष बास्केटबलको फाइनलमा प्रवेश गरेका छन्। बोधिसदनले साइन मोडेललाई १२-६ ले पराजित गऱ्यो। अर्को सेमिफाइनलमा ग्रिनफिल्डले काठमाडौं स्कुल अफ सेन्ट्रल स्टेटलाई ३०-१४ ले हरायो। नकआउट पद्धतिमा भइरहेको बास्केटबलमा १४ टोली सहभागी छन्। एनप्याब्सन काठमाडौं जिल्ला कार्यसमितिद्वारा आयोजित खेलकुद सप्ताह शुक्रबार सम्पन्न हुनेछ। खेलकुद सप्ताहमा विभिन्न पाँच खेल समावेश छन्। टेबलटेनिस, एथलेटिक्स, ब्वाइज फुटसल र टग अफ वार सम्पन्न भइसकेको छ।

कतार लगातार दोस्रोपटक फाइनलमा



दोहा/ आयोजक कतार एएफसी एसियन कप फुटबल प्रतियोगितामा लगातार दोस्रोपटक फाइनलमा पुगेको छ। साबिक विजेतासमेत रहेको कतारले बुधबार राति भएको खेलमा इरानलाई ३-२ ले हराउँदै जोर्डनसँगको उपाधि भिडन्त पक्का गरेको हो। प्रतिस्पर्धामा २-२ को बराबरी रहेको अवस्थामा कतारका अलमोएज अलीले खेलको ८२औँ मिनेटमा विजयी गोल गरेका थिए।

यसअघि खेलको चौथो मिनेटमै अजमोनले इरानलाई १-० को अग्रता दिलाएका थिए। खेलको १७औँ मिनेटमा जेसिम गाबेरले कतारलाई १-१ को बराबरीमा ल्याए। बल पोसेसन र काउन्टर एट्याक बलियो बनाएको कतारले खेलको ४३औँ मिनेटमा २-१ को अग्रता लियो।

कतारका लागि अक्रम अफिफले गोल गरेका थिए। खेलको ५१औँ मिनेटमा इरान खेलमा फर्कियो। अलिरेजा जाहानबाक्सले पेनाल्टीमा गोल गर्दै इरानलाई २-२ को बराबरीमा पुऱ्याए। त्यसपछि अलीको गोलमा कतार फाइनलमा पुग्यो।

मानुषी लघुवित्त वित्तीय संस्था लिमिटेड
MANUSHI LAGHUBITTA BITTYA SANSTHA LTD
नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको ईजाजत प्राप्त राष्ट्रियस्तरको कार्यक्षेत्र भएको संस्था
केन्द्रीय कार्यालय बनेपा-१३, भैसेपाटी, काभ्रे
फोन नं. ०११-६६२७८५, ०११-६६३१२७

Unaudited Interim Financial Statement

Statement of Financial Position As on 29th Poush 2080

Amount in NPR

Particular	As at 29 Poush 2080	As at 31 Asar 2080
Assets		
Cash and cash equivalents	196,598,934	194,483,434
Statutory Balance and due from Nepal Rastra Bank	11,309,896	9,001,138
Placement with Bank and Financial Institutions	-	-
Derivative Financial Instruments	-	-
Other Trading Assets	-	-
Loans and advances to MFISs & Cooperatives	-	-
Loans and advances to customers	1,275,129,342	1,268,994,119
Investment securities	-	-
Current tax assets	7,018,533	6,965,337
Investment property	-	-
Property, Plant and Equipment	8,612,049	11,842,522
Goodwill and Intangible assets	711,900	393,176
Deferred Tax Assets	4,233,378	2,224,926
Other assets	51,569,100	4,032,690
Total Assets	**1,555,183,132**	**1,497,937,341**
Liabilities		
Due to Bank and Financial Institutions	307,028,936	388,084,076
Due to Nepal Rastra Bank	-	-
Derivative Financial Instrument	-	-
Deposits from Customers	939,737,724	888,565,306
Borrowings		10,170,930
Current Tax Liabilities		1,687,979
Provisions		-
Deferred Tax Liabilities	-	-
Other liabilities	164,055,407	38,002,441
Debt securities issued	-	-
Subordinated Liabilities	-	-
Total Liabilities	**1,410,822,068**	**1,326,510,733**
Equity		
Share Capital	109,375,000	109,375,000
Share Premium	-	-
Retained Earnings	17,260,654	34,419,282
Reserves	17,725,411	27,632,327
Total Equity	**144,361,065**	**171,426,608**
Total Liablities and Equity	**1,555,183,132**	**1,497,937,341**

Condensed Statement of Profit or Loss As on 29th Poush 2080

Amount in NPR

Particulars	Current Year		Previous Year Corresponding	
	This Quarter	Upto this Quarter (YTD)	This Quarter	Upto this Quarter (YTD)
Interest income	93,512,713		113,449,627	
Interest expense	59,290,206		65,493,418	
Net interest income	**34,222,507**	-	**47,956,209**	-
Fees and commission income	301,239		619,569	
Fees and commission expense	9,882		116,672	
Net fee and commission income	**291,357**	-	**502,897**	-
Net interest, fee and commission income	**34,513,864**	-	**48,459,106**	-
Net trading income				
Other operating income	12,637,225		15,723,134	
Total operating income	**47,151,090**	-	**64,182,240**	-
Impairment charge/(reversal) for loans and other losses	(15,237,922)		(24,292,480)	
Net operating income	**31,913,168**		**39,889,760**	-
Operating expense				
Personnel expenses	40,749,664		36,443,215	
Other Operating expenses	9,121,919		8,345,068	
Depreciation and Amortization				
Operating Profit	**(17,958,415)**	-	**(4,898,523)**	-
Non-operating Income	173,143	-	431,938	-
Non-operating expense				
Profit before income tax	**(17,785,272)**	-	**(4,466,585)**	-
Income tax expense				
Current tax		-	-	
Deferred Tax				
Net Profit for the year	**(17,785,272)**	-	**(4,466,585)**	-
Other Comprehensive Income	-	-	-	-
Total Comprehensive Income	**(17,785,272)**	-	**(4,466,585)**	-
Basic Earning Per share	**(8.13)**	-	**(4.08)**	-

Ratios as per NRB Directive

Particulars	Current Year		Previous Year Corresponding	
	This Quarter	Upto this Quarter	This Quarter	Upto this Quarter
Capital Fund to RWA	10.74%		10.82%	
Non-Performing Loan (NPL) to total Loan	7.90%		6.57%	
Total loan loss provision to Total NPL	89.35%		79.07%	
Cost of funds	9.26%		8.05%	
CD Ratio (Calculated as per NRB Directives)	116.82%		152.42%	
Base rate	15.00%		15.00%	
Interest Rate Spread	5.84%		6.95%	

Statement of Distributable Profit or Loss for the quarter Ended 29th Poush 2080

Particular	Amount in NPR
Net Profit for the period end 2nd Quarter (29th Poush 2080)	**(17,785,272.30)**
Appropriations	-
a) General Reserve	
b) Foreign Reserve Fluctuation Fund	
c) Capital Redemption reserve	
d) Corporate Social Responsibility	
e) Employee Training Fund	
f) Client Protection Fund	
g) Others	
Profit required to be transferred to Regulatory Reserve:	
a. Transferred to Regulatory Reserve	
b. Transferred from Regulatory Reserve	
Net Profit for the period and available for distribution	**(17,785,272.30)**

Notes to Interim Financial Statement:

1. The above figures are subject to change as per the direction of the Regulatory body i:e NRB.
2. The interim financial statement have been prepared in accordance with NFRS as issued by Accounting Standard Board, Nepal and the carve out issued by ICAN.
3. Bonus payable to employees have been taken as 10% of profit before bonus adjustment.
4. Last year amount have beeen reclassified, restated and corrected whenever necessary for the purpose of comparability with NFRS balances.

धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को अनुसूची १४ नियम ३६ को उपनियम (१) संग सम्बन्धित आ.व. २०८०/०८१ को दोस्रो त्रैमासिक प्रतिवेदन

१. **प्रमुख वित्तीय विवरण :**

क. त्रैमासिक अवधिको वासलात, नाफा-नोक्सान हिसाब सम्बन्धी विवरण: यस वित्तीय संस्थाको आ.व. ०८०/८१ को दोस्रो त्रैमासिक अवधिको अपरिष्कृत (unaudited) वासलात तथा नाफा-नोक्सान सम्बन्धी विवरण यसैसाथ प्रकाशित गरिएको छ।

ख. प्रमुख वित्तीय अनुपातहरु :

प्रति शेयर आम्दानी (वार्षिक)	मूल्य आम्दानी अनुपात (गुणा)	प्रति शेयर नेटवर्थ	प्रतिशेयर कूल सम्पत्तिको मूल्य	तरलता अनुपात
(८.१३)	०.०१	१३१.९९	(८७.४४)	१५.७७

२. **व्यवस्थापकीय विश्लेषण :**

क. त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भए सो को प्रमुख कारण सम्बन्धी विवरण : चालु आ.व. २०८०/८१ को दोस्रो त्रैमास अवधिमा यस वित्तीय संस्थाको कारोबार, मौज्दात, आम्दानी र तरलता गत आ.व को त्रैमासको तुलनामा र सोही अवधिको तुलनामा वृद्धि नहुनुको कारण संस्थाको लागत मूल्यमा वृद्धि हुनुको साथै निस्क्रिय कर्जा अनुपातमा समेत वृद्धि हुनु हो। यद्यपि संस्थाको कार्यक्रम व्यावसायिक योजना अनुरुप नै रहेको छ।

ख. आगामी अवधिको व्यवसायिक योजना सम्बन्धमा व्यवस्थापनको विश्लेषणात्मक विवरण : हाल १४ वटा जिल्लाहरुमा ३६ वटा शाखा कार्यालय अन्तर्गत ३४,०४८ जना सदस्यहरु लघुवित्तमा आवद्ध रहेका छन्। आगामी अवधिमा प्रभावकारी रुपमा व्यावसायिक उपलब्धी हासिल गर्नका लागि संस्था प्रयत्नशील रहेको छ। समय सापेक्ष सदस्यहरुको चाहना अनुसार सेवा सुविधाहरु परिष्कृत गर्दै लैजान व्यवस्थापन प्रतिबद्ध रहेको छ।

ग. विगतको अनुभवबाट संगठित संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा असर पार्न सक्ने घटना आदि भएमा सो सम्बन्धी विश्लेषणात्मक विवरण : नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको ईजाजत प्राप्त राष्ट्रिय स्तरको यस लघुवित्त वित्तीय संस्थाको शुरु देखि नै वित्तीय पहुंच अभिवृद्धि गराई नेपालको गरिबी घटाउने, जीवनस्तरमा गुणस्तरयुक्त परिवर्तनका साथै लघु उद्यमशिलताको विकास गर्ने उद्देश्यले नेपाल भरि नै लघुवित्त सेवा प्रदान गर्ने अठोट साथ अगाडी बढिरहेको छ। साथै लघुवित्त संस्थाहरुको नकारात्मक टीका टिप्पणीले गर्दा वार्षिक योजना अनुसार कर्जा लगानी हुन नसकेको तथा असुलीमा समस्या आएको हुंदा नाफा ऋणात्मक हुन गएकोले यसलाई व्यवस्थित गर्न वित्तीय संस्था प्रयासरत रहेको छ।

३. **कानूनी कारवाही सम्बन्धी विवरण :**

क. दोस्रो त्रैमासिक अवधिमा संस्थाले कसै विरुद्ध मुद्धा दायर गरेको छैन र संस्था विरुद्धमा मुद्धा दायर भएको कुनै सूचना जानकारी प्राप्त भएको छैन।

ख. वित्तीय संस्थाको संस्थापक वा संचालकले वा संस्थापक वा संचालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी सम्बन्धी कुनै मुद्दा दायर गरेको वा भएको जानकारी प्राप्त भएको छैन।

ग. कुनै संस्थापक वा संचालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको जानकारी प्राप्त भएको छैन।

४. **वित्तीय संस्थाको शेयर कारोबार तथा प्रगतिको विश्लेषण :**

क. यस संस्थाको शेयर कारोबारको अवस्था दोस्रो बजारसँग सकारात्मक रहेको छ।

ख. नेपाल स्टक एक्सचेन्जको वेभसाईट: www.nepalstock.com.np अनुसार मिति २०८०/०७/०१ देखि २०८०/०९/२९ सम्मको अवधिमा यस संस्थाको शेयर कारोबार निम्न बमोजिम रहेको छ।

अधिकतम मूल्य	न्युनतम मूल्य	अन्तिम मूल्य	कारोबार भएको कुल दिन	कारोबार संख्या	शेयर संख्या
८४१	५७०.१०	७७५	४९ दिन	१,१८२	३७,६२४

५. **समस्या तथा चुनौती :**

समस्या :

क. बाह्य समस्या तथा चुनौतीका कारण नेपालको लघुवित्त क्षेत्र अत्यधिक प्रभावित रहेको छ। सम्पूर्ण क्षेत्रमा छाएको मन्दीका कारण संस्थाका सदस्यहरु र ऋणीहरुले समयमा बचत कर्जाको किस्ता भुक्तानी नियमित गर्न सकिरहेका छैनन्। हाल देखिएको दोहोरोपना, बहु बैंकिङ्ग, तरलता संकट, बैंक तथा वित्तीय संस्थाहरुबाट उपलब्ध कर्जाको ब्याजदरमा उच्च वृद्धिका कारण लागतमा वृद्धि आदि वित्तीय संस्थाको समस्या तथा चूनौतीहरु हुन्।

ख. रणनीति: सदस्यहरुको उद्यमशिल विकासको लागि संस्थाले विभिन्न कार्यक्रम संचालन गरिएको छ। ग्राहक सदस्यलाई वित्तीय साक्षरता/शीपमूलक तालिम प्रदान गर्ने, कर्मचारीको क्षमता अभिवृद्धि तालिम प्रदान गर्ने, जस्ता रणनीति रहेको छ।

६. **संस्थागत सुशासन :**

संस्थागत सुशासन, संस्था विकासको मेरुदण्ड भएकोले यसलाई मार्गदर्शनको रुपमा लिई संस्थागत सुशासन लगायतका निर्देशनहरु पालना गर्नुका साथै प्रचलित ऐनहरु कम्पनी ऐन २०६३, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, नेपाल राष्ट्र बैंक ऐन २०५८, धितो पत्र सम्बन्धी ऐन २०६३, आयकर ऐन २०५८ तथा श्रम ऐन २०७४ पालना गरिएको छ। आवश्यकता अनुसार विभिन्न नीति, निर्देशिका तथा कार्यविधीहरु निर्माण गरी सोको कार्यान्वयन गर्दै आइरहेको छ।

७. **सत्य तथ्यता सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषण :**

आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म संस्थाको तर्फबाट उत्तर दायित्व लिन्छु। साथै म यो उद्घोष गर्दछु कि यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरुलाई सुसूचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाइएको छैन।

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com